# वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन

## आ.व. : २०८२/०८३




## शिक्षा, सामाजिक विकास, युवा तथा खेलकुद र भाषा, धर्म, कला तथा संस्कृति

कर्णाली प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

# विषय सूची


समष्टिगत निर्देशन....................i

क). चालू खर्च शीर्षक तर्फका क्रियाकलापहरू....................१

१. शिक्षा क्षेत्र....................१

२. सामाजिक क्षेत्र....................९१

३. युवा तथा खेलकुद क्षेत्र....................१२९

४. भाषा, धर्म, कला तथा सँस्कृति क्षेत्र....................१४५

५. अन्य विविध क्षेत्र....................ङचचद्दच! ब्बद्दण□कचण थद्द□ घङ्डद्दञथङ्घ.

ख.) पुँजीगत खर्च शीर्षक तर्फका क्रियाकलापहरू....................१५१

अनुसूचीहरू....................१५५


प्रदेश सचिव

घनश्याम भण्डारी
मा. मन्त्री

## समष्टिगत निर्देशन

- सामाजिक विकास मन्त्रालय वा अन्तर्गतका शिक्षा, सामाजिक विकास, युवा तथा खेलकुद र भाषा, धर्म तथा सँस्कृति क्षेत्रसँग सम्बद्ध कार्यक्रमहरूको निर्दिष्ट उद्देश्य बमोजिम कार्यान्वयनमा दक्षता, मितव्ययीता, एकरूपता तथा सहजीकरण गरी प्रभावकारिता अभिवृद्धि गराउने उद्देश्यले देहाय बमोजिमको समष्टिगत मार्ग/निर्देशन तयार गरिएको छ ।

- स्वीकृत कार्यक्रम तथा प्राप्त अख्तियारी अनुसारको खर्च गर्दा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, कर्णाली प्रदेश विनियोजन ऐन २०८२/०८३, कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७९ अनुरूप कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । यसका साथै आर्थिक मामिला तथा योजना मन्त्रालय तथा यस मन्त्रालयबाट यस आर्थिक वर्षका लागि लक्षित गरी जारी गरिएका निर्देशिका तथा परिपत्र अनुरूप गर्नु पर्नेछ ।

- विगतका वर्षहरूमा आर्थिक वर्षको अन्त्यमा अधिकाधिक कामको चाप हुने गरेको छ । त्यसो हुँदा कामको गुणस्तरमा समस्या हुने, भुक्तानीको ठूलो अंश आर्थिक वर्षको अन्त्यमा हुने गरेको छ । यस्ता कार्यले समग्र शासकीय र वित्तीय सक्षमता र कार्यकुशलतामा समेत प्रश्न उठ्ने गरेको छ यस विषयलाई ध्यान दिँदै चालु आर्थिक वर्षमा तेस्रो त्रैमासिक सम्म कार्य सम्पन्न गर्ने गरी सबै कार्यालयहरूले कार्य योजना बनाउने र सोही अनुसार कार्यान्वयन गर्ने । यो दिग्दर्शनको आधारमा सबै सम्बन्धित कार्यालयहरूले कुनै कार्यक्रम चौथो त्रैमासिकमा मात्र गर्न पर्ने रहेछ भने सकभर त्यसको भौतिक पक्ष सो भन्दा अगावै सम्पन्न गरी रकम भुक्तानीको काम मात्र चौथो त्रैमासिकमा गर्ने गरी आवश्यक व्यवस्था मिलाउने ।

- कार्यक्रम सञ्चालन गर्दा कुनै समस्या भएमा सम्बन्धित समस्या समाधानका लागि सरोकारवालाहरुसँग छलफल गर्ने । त्यसरी छलफल गर्दा रकम र कार्यक्रमको बारेमा स्पष्ट जानकारी गराउने र रचनात्मक सुझाव लिन प्रयत्न गर्ने । त्यसरी स्थानीय वा कार्यालयस्तरमा समस्या समाधान हुन नसक्ने भएमा तत्काल मन्त्रालयको सम्बन्धित शाखा, महाशाखासँग सम्पर्क गरी निकास निकाल्ने ।

- कार्यक्रमहरू कार्यान्वयन गर्दा आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम खर्च गर्ने मार्गदर्शनलाई पूर्णरूपमा पालन गर्नुपर्नेछ ।

- कार्यक्रमहरू सञ्चालन गर्दा मितव्ययीता र उपलब्धिलाई विशेष ध्यान दिनुपर्नेछ ।

- स्वीकृत दरबन्दी तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा सुचारुलाई प्राथमिकता दिई सेवा करारका कर्मचारीको व्यवस्थापन गर्नुपर्नेछ ।

- सम्बन्धित कार्यालयहरूले वार्षिक कार्य योजना तयार पारी अनिवार्य रूपमा सामाजिक विकास मन्त्रालय तथा निर्देशनालयमा पठाउनु पर्नेछ ।

- कार्यक्रम सञ्चालनका लागि विनियोजित बजेट सम्बन्धमा यस दिग्दर्शनमा बाँडफाँटका आधार उल्लेख गरिएकोमा सोही बमोजिम तथा बाँडफाँटका आधार उल्लेख नगरिएकोमा कार्यक्रम तथा क्रियाकलापको

उद्देश्य र अपेक्षित लक्ष्य अनुरूप हुने गरी आवश्यकता तथा विद्यमान नियमानुसार बजेटको बाँडफाँट गरी कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्नुपर्नेछ ।

- स्थानीय तहहरूसँगको समन्वयमा सञ्चालन गर्नुपर्ने कार्यक्रम वा स्थानीय तहसँग प्रत्यक्ष सरोकार राख्ने कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी योजनाबद्ध तथा समन्वयात्मक रूपमा सञ्चालन गर्नुपर्नेछ ।
- कार्यक्रम तथा सेवा प्रवाहबारेको विवरणका आधारमा कार्यक्रमहरूको नियमित रूपमा अनुगमन गरिने हुँदा प्रदेश तह अन्तर्गत प्रदान गरिने शिक्षा, सामाजिक सेवाको तथ्याङ्कीय विवरण अद्यावधिक गराउनु पर्नेछ ।
- कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुसार प्राविधिक सहयोग तथा सहजीकरणका लागि संघीय र प्रदेशका कार्यक्रमसँग सम्बन्धित महाशाखा एवं निर्देशनालयसँग समन्वय गर्न सकिनेछ । साथै प्रदेश स्तरबाट आवश्यकता अनुसार कार्यक्रमहरूको अनुगमन हुनेछ ।
- वैदेशिक सहायता समावेश भएको कार्यक्रमको हकमा आवश्यकता अनुसार सम्बन्धित निकायसँगको समन्वय तथा यस निर्देशिका बमोजिम कार्यक्रम सञ्चालन गरी तोकिए बमोजिमको ढाँचामा तोकिएको निकायमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।
- कार्यक्रम सम्पन्न भएपश्चात सामाजिक विकास मन्त्रालय एवं शिक्षा विकास निर्देशनालयमा उल्लिखित कार्यक्रम सम्बन्धी प्रतिवेदन पठाउनु पर्नेछ ।
- हरेक त्रैमासिक अवधि सम्पन्न भएको १ हप्ता भित्र त्रैमासिक प्रगति विवरण अनिवार्य रूपमा तोकिएको ढाँचा बमोजिम तयार पारी निर्देशनालय तथा मन्त्रालयमा पठाउनु पर्नेछ । यसरी प्रतिवेदन गर्दा प्रमुख तथा उल्लेख्य क्रियाकलापहरूको फोटो र भिडियो समेत पठाउनु पर्नेछ ।

प्रदेश सचिव

घनश्याम भण्डारी
मा. मन्त्री

स्वास्थ्य बाहेकका (शिक्षा, सामाजिक विकास, युवा तथा खेलकुद र भाषा, धर्म, कला तथा संस्कृति) क्षेत्र अन्तर्गतका क्रियाकलापहरू

क). चालू खर्च शीर्षक तर्फका क्रियाकलापहरू

## १. शिक्षा क्षेत्र

### सामाजिक विकास मन्त्रालय (इन्स्योर परियोजना) अन्तरगतका कार्यक्रमहरु

१. आ.व. २०८१/०८२ मा छनोट भई प्रशिक्षणरत औद्योगिक प्रशिक्षार्थी तालिम (२४ महिने) संचालन निरन्तरता

| खर्च शीर्षक नः२२५२२ | क्रियाकलाप नं २.७.८.१७८ |
|---|---|
| परिचय | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदबाट स्वीकृत २४ महिने अप्रेन्टिशीप (औद्योगिक प्रशिक्षार्थी) तालिम (प्रि-डिप्लोमा तह) को पाठ्यक्रमको आधारमा विभिन्न शिक्षालय/ विद्यालयहरु मार्फत आ.व. २०८१/०८२ मा CTEVT बाट स्वीकृत पाठ्यक्रमहरु इन्फर्मेसन टेक्नोलोजी र विल्डिंग कन्स्ट्रक्सनमा सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशले यस प्रदेश भित्र रहेका सामुदायिक विद्यालय प्राविधिक शिक्षा कायक्रम संचालन भएका (TECS) विद्यालयहरु र प्रतिष्ठानमा कार्यक्रम सञ्चालनका तथा कार्यान्वयन भैरहेको छ। |
| उद्देश्य | अप्रेन्टिसिप (औद्योगिक प्रशिक्षार्थी) तालिम कार्यक्रम सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन गर्नु । |
| अपेक्षित प्रतिफल | आ.व. २०८१/०८२ मा भर्ना भएका प्रशिक्षार्थीहरु २४ महिने प्रशिक्षण कार्यक्रममा सहभागी हुनेछन् । |
| संचालन गर्ने | PPCU/PPSU र सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | **औद्योगिक प्रशिक्षार्थी तालिम (२४ महिने अप्रेन्टिशीप) सञ्चालन**<br>• सम्झौता गरिएका सामुदायिक विद्यालय प्राविधिक शिक्षा कायक्रम संचालन भएका (TECS) विद्यालयहरु र प्रतिष्ठानमा आ.व. २०८१/८२ मा शुरू भएको औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम निरन्तर सञ्चालन गर्ने/गराउने ।<br>• अनुगमन कार्य सञ्चालन गरी अनुगमन प्रतिवेदन तयारी गर्ने ।<br>• शिक्षालय/तालिम प्रदायक संस्थाहरुले तोकिएको डाटाबेस system अध्यावधिक गरेको सुनिश्चित गर्ने/गराउने ।<br>• सामाजिक विकास मन्त्रालय तथा तालिम प्रदायक शिक्षालय संस्थाबीच भएको सम्झौतामा उल्लेख गरेबमोजिम भुक्तानी गर्ने। |
| संचालन अवधि | स्वीकृत बार्षिक कार्यक्रम अनुसार |

प्रदेश सचिव

घनश्याम भण्डारी
मा. मन्त्री

| | |
|---|---|
| बजेट बाँडफाँड | PLMBIS अनुसार (स्वीकृत कार्ययोजना अनुसार) |
| प्रगति सूचक | • शिक्षालय/विद्यालयसंगको सम्झौता पत्र ।<br>• औद्योगिक प्रशिक्षार्थीहरुको हाजिरी/ भर्ना अभिलेख।<br>• अनुगमन प्रतिवेदन ।<br>• शिक्षालय/विद्यालय र ENSSURE-PSU बाट प्राप्त प्रतिवेदनहरु । |

२. आ.व. २०८२/८३ मा छनोट भई प्रशिक्षणरत औद्योगिक प्रशिक्षार्थी तालिम (२४ महिने) संचालन

| | |
|---|---|
| खर्च शीर्षक नं २२५२२ | कियाकलाप नं २.७.८.१६७ |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट स्वीकृत २४ महिने अप्रेन्टिशीप (औद्योगिक प्रशिक्षार्थी) तालिम (प्रि-डिप्लोमा तह) को पाठ्यक्रमको आधारमा विभिन्न शिक्षालय/ विद्यालयहरु मार्फत आ.व. २०८२/०८३ मा १०० जनाको लागि उक्त कार्यक्रम सञ्चालन गर्ने योजना रहेको छ। कार्यक्रम सञ्चालन गर्दा CTEVT को नियमित शैक्षिक क्यालेन्डर अनुसार प्रशिक्षार्थीहरुको छनौट तथा भर्ना गर्नुको साथै कार्यक्रम कार्यान्वयन गरिनेछ ।<br>हालसम्म CTEVT बाट स्वीकृत पाठ्यक्रमहरु निम्न अनुसार रहेका छन्:<br>**स्वीकृत पाठ्यक्रमहरु**<br>• मेकानिकल इन्जिनियर<br>• इलेक्ट्रिकल इन्जिनियरिङ<br>• अटोमोबाइल इन्जिनियरिङ<br>• इन्फर्मेसन टेक्नोलोजी<br>• होटेल म्यानेजमेन्ट<br>• बिल्डिङ् कन्स्ट्रक्सन<br>• प्रारम्भिक बालविकास सहजकर्ता (ECDF)<br>• चिया प्रविधि<br>यो कार्यक्रम सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशले यस प्रदेशभित्र रहेका आङगिक शिक्षालय, साझेदार शिक्षालय र सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कायक्रम संचालन भएका (TECS) विद्यालयहरु छनोट गरि छनोट भएका विद्यालयहरुबाट प्रस्ताव माग गरी प्राप्त प्रस्तावहरुको आधारमा सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ। |

| | |
|---|---|
| उद्देश्य | अप्रेन्टिसिप (औद्योगिक प्रशिक्षार्थी) तालिम कार्यक्रम सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन गर्नु |
| अपेक्षित प्रतिफल | १०० जना प्रशिक्षार्थीहरु २४ महिने प्रशिक्षण कार्यक्रममा छनौट हुनेछन् । |
| संचालन गर्ने | PPCU/PPSU र सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | **औद्योगिक प्रशिक्षार्थी तालिम (२४ महिने अप्रेन्टिशीप) सञ्चालन**<br>• चालु आ.व मा अप्रेन्टिशीप कार्यक्रम सञ्चालन गर्न मन्त्रालयले सूचना प्रकाशित गरी शिक्षालय/विद्यालयबाट प्रस्ताव माग गर्ने, प्राप्त प्रस्तावहरुमध्ये उचित शिक्षालय/ विद्यालय छनौट गरी भर्नाको लागि सूचना प्रक्रियाको लागि CTEVT परीक्षा नियन्त्रण कार्यालय पठाउने र CTEVT परीक्षा नियन्त्रण कार्यालयबाट अप्रेन्टिशीप कार्यक्रममा भर्ना सम्बन्धी सूचना प्रकाशित भएको सम्बन्धित शिक्षालय/विद्यालयलाई जानकारी गर्ने ।<br>• CTEVT परीक्षा नियन्त्रण कार्यालयद्वारा आवेदन आव्हानको सूचना प्रकाशन भए पश्चात् सम्बन्धित शिक्षालय/विद्यालयलाई भर्ना छनौट र प्रवेश परीक्षा सम्बन्धी कार्य गर्न जानकारी गराउने ।<br>• भर्नाका लागि सूचना प्रकाशित भएपश्चात विद्यालयले CTEVT द्वारा स्वीकृत औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप भर्ना र प्रशिक्षार्थी छनौट मूल्याङ्क निर्देशिका (संशोधन सहित) २०८० बमोजिम प्रशिक्षार्थी भर्ना र सञ्चालन शिक्षालय विद्यालयले गर्ने।<br>• अप्रेन्टिशीप कार्यक्रम सञ्चालन तथा खर्च व्यवस्थापन सम्बन्धमा कक्षा सञ्चालन गर्नुपूर्व सामाजिक विकास मन्त्रालय र शिक्षालय/विद्यालयबीच सम्झौता गर्ने ।<br>• CTEVT परीक्षा नियन्त्रण कार्यालयद्वारा प्रवेश परीक्षामा सफल भएकाहरुको सूची प्रकाशन पछि भर्ना गर्ने/गराउने।<br>• प्राप्त आवेदन फारमहरुलाई सम्बन्धित शिक्षालय/विद्यालयले तोकिएको डाटाबेस प्रणालीमा प्रविष्ट गर्ने ।<br>• मन्त्रालयले शिक्षालय/विद्यालयलाई कार्यक्रमको बारेमा अभिमुखीकरण गर्ने ।<br>• प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद CTEVT द्वारा स्वीकृत औद्योगिक प्रशिक्षार्थी तालिमका लागि लागत अनुमान खर्च मापदण्ड २०८० को आधारमा मन्त्रालयले लागत अनुमान स्वीकृत गर्ने ।<br>• PCIU-P र PSU को संयुक्त वा छुट्टाछुट्टै अनुगमन कार्य सञ्चालन गरी अनुगमन प्रतिवेदन तयारी गर्ने ।<br>• PCIU-P, सामाजिक विकास मन्त्रालय तथा शिक्षालय/विद्यालयबीच भएको सम्झौता पत्रमा उल्लेख गरे बमोजिम भुक्तानी (पेश्की वा पेश्की |

| | |
|---|---|
| | फछ्र्योट) गरे बमोजिम भुक्तानी गर्ने । यसरी भुक्तानी वा सोधभर्ना रकम भुक्तानी गर्दा सम्झौतामा उल्लेख भए बमोजिम शिक्षालय/विद्यालयको मागपत्र, अनुगमन प्रतिवेदन र शिक्षालय/विद्यालयको प्रतिवेदनका आधारमा विद्यालयको खातामा निकासा गर्ने।<br>• प्रशिक्षार्थी यातायात खर्च, पोशाक खर्चबापतको रकम सम्झौता बमोजिम सम्बन्धित प्रशिक्षार्थीको खातामा वा भरपाईको आधारमा शिक्षालय/विद्यालयले निकासा गरी सो को विवरण र दुर्घटना बिमाको बिल पेश गरे पश्चात मन्त्रालयबाट सो रकम सोधभर्नाको रुपमा निकासा हुनेछ ।<br>• मन्त्रालयबाट निकासा भएको रकम तोकिएको शीर्षकमा प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा श्रेस्ता राख्ने, लेखा परीक्षण गर्ने दायित्व सम्बन्धित शिक्षालय/विद्यालयको हुनेछ। लेखा परीक्षण प्रतिवेदन र अन्य प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ।<br>• कार्यक्रमको समग्र प्रतिवेदन तयार गरी शिक्षालय/विद्यालयले सम्झौतामा उल्लेखित समयमा मन्त्रालयमा पेश गर्नुपर्नेछ।<br>• चालु आवको बजेटबाट सम्झौता पश्चात जम्मा बजेटलाई २४ महिना अवधि गणना गरी सोको आधारमा कक्षा सञ्चालन र ल्याब व्यवस्थापन समेतका लागि ४० प्रतिशतले हुने रकम पहिलो किस्तामा निकासा गर्ने।<br>• सम्झौता बमोजिम प्राप्त प्रतिवेदनको आधारमा अन्य किस्ता निकासा गर्ने ।<br>• शिक्षालय/विद्यालयहरूले निकासा भएको रकम सम्झौता बमोजिम प्रचलित आर्थिक ऐन नियमावली अनुसार खर्च गर्नु पर्नेछ । |
| संचालन अवधि | • स्वीकृत वार्षिक कार्यक्रम अनुसार |
| बजेट बांडफांड | • PLMBIS अनुसार, (स्वीकृत कार्ययोजना अनुसार) |
| प्रगति सूचक | • शिक्षालय/विद्यालयसंगको सम्झौता पत्र ।<br>• औद्योगिक प्रशिक्षार्थीहरुको हाजिरी/ भर्ना अभिलेख।<br>• अनुगमन प्रतिवेदन ।<br>• शिक्षालय/विद्यालय र ENSSURE-PSU बाट प्राप्त प्रतिवेदनहरु । |

३. औद्योगिक प्रशिक्षार्थी तालिम सम्बन्धी सूचना प्रचार-प्रसार

| खर्च शीर्षक नं २२५२२ | क्रियाकलाप नं २.७.८. १८० |
|---|---|
| उपशीर्षक | विवरण |
| परिचय | २४ महिने औद्योगिक प्रशिक्षार्थी तालिम सम्बन्धी मन्त्रालय मार्फत चालु आ.व.२०८२/०८३ मा सञ्चालन हुने औद्योगिक प्रशिक्षार्थी तालिमका विषय |

| | |
|---|---|
| | र यस सम्बन्धी बढी भन्दा बढी लक्षित समूहसम्म सूचना पुर्याउनको लागि विभिन्न सञ्चार माध्यम मार्फत आवश्यक सूचनाहरु प्रवाह गर्ने । |
| उद्देश्य | लक्षित समूहसम्म औद्योगिक प्रशिक्षण कार्यक्रम सम्बन्धी सूचना प्रवाह गर्नु । |
| अपेक्षित प्रतिफल | औद्योगिक प्रशिक्षण कार्यक्रमका बारेमा सरोकारवालाहरु जानकार भएका हुनेछन्। |
| संचालन गर्ने | PPCU/PPSU र सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • औद्योगीक प्रशिक्षार्थी कार्यक्रममा लक्षित समूह सम्म सूचना पुर्याउनको लागि विभिन्न रेडियो, एफ.एम, अनलाइन मिडिया तथा छापा मिडियाहरु या अन्य प्रचार प्रसारको कुनै पनि माध्यम प्रयोग गरी सूचना प्रचार प्रसार गर्ने ।<br>• सामाजिक सञ्जालमार्फत सुचना प्रसार गर्ने गराउने । |
| बजेट बांडफांड | • PLMBIS अनुसार, (स्वीकृत कार्ययोजना अनुसार) |
| प्रगति सूचक | • विभिन्न रेडियो र अनलाइन मिडिया तथा छापा मिडियाहरुमा प्रशारण भएको प्रकाशन सामग्री । |

४. प्रदेश मन्त्रालय, शिक्षालय र औद्योगिक प्रतिष्ठानमा औद्योगिक प्रशिक्षार्थी तालिमको अभिमुखिकरण र समिक्षा

| खर्च शीर्षक नं २२५२२ | क्रियाकलाप नं २.७.८.१५० |
|---|---|
| उपशीर्षक | विवरण |
| परिचय | औद्योगिक प्रशिक्षार्थी तालिमको बारेमा बिभिन्न शिक्षालय/विद्यालय र औद्योगिक प्रतिष्ठान/ औद्योगिक संघ संगठनहरुलाई कार्यक्रम बारेजानकारी गराउनुको साथै यस कार्यक्रम बाट भएका प्रगती, सिकाई तथा अनुभवहरुलाई आदानप्रदान गर्ने उद्देश्यले यो कार्यक्रम तय गरियको छ। साथै प्रदेश स्तरमा संचालित औद्योगिक प्रशिक्षार्थी तालिमको बारेमा समिक्षा तथा कार्यक्रमको प्रभावकारिताको लागि छलफल गर्न यो कार्यक्रम आवश्यक छ। |
| उद्देश्य | • औद्योगिक प्रशिक्षार्थी कार्यक्रमलाई प्रभावकारी बनाउन संबन्धित शिक्षालय/विद्यालय र औद्योगिक प्रतिष्ठान/औद्योगिक संघ संगठनहरु बीच समन्वय तथा सहकार्य गर्न । |
| अपेक्षित प्रतिफल | • औद्योगिक प्रशिक्षार्थी कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम कार्यक्रम संचालन बारे जानकारी भएको हुनेछ।<br>• औद्योगिक प्रशिक्षार्थी कार्यक्रम संचालनमा देखा परेका समस्या तथा चुनौतिहरुको समाधानका लागि शिक्षालय तथा औद्योगिक प्रतिष्ठान/औद्योगिक संघ/संगठनहरुसंग निरन्तर कार्यात्मक सहकार्य भएको हुनेछ।<br>• औद्योगिक प्रशिक्षार्थी कार्यक्रम संचालन प्रक्रियामा उद्योग संघ/संगठनको सहभागिता बढेको हुनेछ। |

| | |
|---|---|
| संचालन गर्ने | • PPCU/PPSU र सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • छलफल तथा अन्तरक्रियाको लागि योजना तयारी बैठक।<br>• शिक्षालय/विद्यालय र औद्योगिक प्रतिष्ठान/औद्योगिक संघ/संगठनहरुलाइ पत्राचार गर्ने<br>• छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।<br>• छलफल कार्यक्रमको प्रतिवेदन तयार गर्ने । |
| बजेट बांडफांड | • PLMBIS अनुसार, (स्वीकृत कार्ययोजना अनुसार) |
| प्रगति सूचक | • बैठकको उपस्थिति तथा निर्णयहरु । |

## ५. वृत्ति मार्ग-निर्देशन सेवा केन्द्र संचालन तथा व्यवस्थापन

| | |
|---|---|
| खर्च शीर्षक नं २२५२२ | क्रियाकलाप नं २.७.८.१७३ |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशले स्थापना गरेको वृत्तिमार्ग निर्देशन सेवाकेन्द्र (Career guidance service center) द्वारा प्रदान गरिने प्रदेश स्तरमा रहेका प्राविधिक शिक्षा तथा विभिन्न किसिमका सिपमुलक तालिमहरुको अवसर, विभिन्न उद्योग तथा व्यवसायहरुमा रोजगारीको अवसर तथा तालिम प्रदायक संस्थाहरुको बारेमा जानकारी र बेरोजगार युवाहरुलाई रोजगारीसँग जोड्ने सेवालाई थप सुदृढीकरण एवं विस्तार गर्न आवश्यक छ । |
| उद्देश्य | वृत्ति मार्ग-निर्देशन सेवा संचालन तथा व्यवस्थापन गर्नु । |
| अपेक्षित प्रतिफल | वृत्ति मार्ग-निर्देशन सेवा मार्फत विद्यार्थी तथा बेरोजगार युवाहरुले वृत्ति मार्ग-निर्देशन सेवा लिनुका साथै तालिम प्रदायक संस्था, सिपमुलक तालिम तथा रोजगारीका बारेमा जानकारी प्राप्त गरि रोजगारीमा जोडिने अवसर पाएका हुनेछन् । |
| संचालन गर्ने | PPCU/PPSU र सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • वृत्ति मार्ग-निर्देशन सेवा सम्बन्धि प्रचारप्रसार गर्नको लागि आवश्यक सामग्री विकास प्रकाशन/प्रशारण तथा वितरण गर्ने।<br>• वृत्ति मार्ग-निर्देशन सेवासंग सम्बन्धित जनशक्तिको क्षमता विकास गर्ने।<br>• शिक्षकहरुलाई प्रशिक्षक प्रशिक्षण तथा पुनर्ताजगी तालिम संचालन गर्ने।<br>• स्थानीय सरकारसंग समन्वय गरि वृत्ति मार्ग-निर्देशन सेवा केन्द्र स्थापना गर्न सहजीकरण तथा साझेदारी गर्ने।<br>• स्थानीय स्तरमा रहेका युवा संजाल, युवा परिषद तथा माध्यमिक तहका विद्यालयहरुसंग समन्वय गरि वृत्ति मार्ग-निर्देशन सेवा संचालन गर्न सहजीकरण गर्ने। |

| | |
|---|---|
| | • सेवा केन्द्रलाई आवश्यक पर्ने मसलन्द, इन्टरनेट, फर्निचर फिक्चर्स मेसिनरी औजार खरिद गर्ने। <br>• प्रतिवेदन पेश गर्ने। |
| बजेट बांडफांड | • PLMBIS अनुसार, (स्वीकृत कार्ययोजना अनुसार) |
| प्रगति सूचक | • बैठकको उपस्थिति तथा निर्णय, सेवाग्राहीहरुको अभिलेख, कार्यक्रमहरुको प्रतिवेदन। |

६. वृत्ति मार्गनिर्देशन सम्बधी शिक्षकहरुलाई पुनर्ताजगी तथा प्रशिक्षक प्रशिक्षण तालिम संचालन

| | |
|---|---|
| खर्च शीर्षक नं २२५२२ | क्रियाकलाप नं २.७.८.१६८ |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | माध्यमिक तहका विद्यार्थीहरुलाई आफ्नो रुची र खुबी अनुसारको वृत्ति छनौटका लागि सहज र नियमित मार्गनिर्देशन दिन सोहि विद्यालयका शिक्षकहरुलाई प्रशिक्षक प्रशिक्षण तालिम संचालन गर्न आवश्यकछ। साथै प्रशिक्षक प्रशिक्षण तालिम लिसकेका शिक्षकहरुलाई समयानुकुल अध्यावधिक गर्न र क्षमता अभिवृद्धि गर्न पुनर्ताजगी तालिम संचालन गर्न आवश्यक छ । |
| उद्देश्य | वृत्ति मार्गनिर्देशन कार्यक्रम सहज र नियमित रुपमा संचालन गर्नका लागि माध्यमिक तहका शिक्षकहरुलाई पुनर्ताजगी तालिम संचालन गर्नु । |
| अपेक्षित प्रतिफल | यस आ.व. मा वृत्ति मार्गनिर्देशन कार्यक्रम संचालन गर्नका लागि माध्यमिक तहका शिक्षकहरुले पुनर्ताजगी तालिम प्राप्त गर्नेछन । |
| संचालन गर्ने | PPCU/PPSU र सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • तालिमको योजना तयारी बैठक गर्ने । <br>• पुनर्ताजगी तालिमको लागि तालिम प्राप्त वृत्ति मार्गनिर्देशन शिक्षकलाई पालिकासंग समन्वय गरी सूचना गर्ने । <br>• तालिम प्रदान गर्नका लागि प्रशिक्षकहरुको व्यवस्था गर्ने । <br>• सम्बन्धित पालिकाहरुलाई पत्राचार गर्ने । <br>• तालिमको लागि आवश्यक लजिष्टिकको व्यवस्था गर्ने । <br>• तालिम कार्यक्रम संचालन गर्ने । <br>• प्रतिवेदन तयार गर्ने । |
| बजेट बांडफांड | PLMBIS अनुसार, (स्वीकृत कार्ययोजना अनुसार) |
| प्रगति सूचक | सहभागीहरुको उपस्थिति विवरण, तालिमको प्रतिवेदन । |

७. वृत्ति मार्गनिर्देशन सम्बधी शिक्षकहरुलाई ७ दिने प्रशिक्षक प्रशिक्षण तालिम संचालन

| खर्च शीर्षक नं २२५२२ | क्रियाकलाप नं २.७.८.१६९ |
|---|---|

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | माध्यमिक तहका विद्यार्थीहरुलाई आफ्नो रुची र खुवी अनुसारको वृत्ति छनौटका लागि सहज र नियमित मार्गनिर्देशन दिन सोहि विद्यालयका शिक्षकहरुलाई प्रशिक्षक प्रशिक्षण तालिम संचालन गर्न आवश्यकछ। शिक्षकहरुलाई वृत्ति मार्गनिर्देशन कार्यक्रम संचालन सम्बन्धी क्षमता अभिवृद्धि गर्न आवश्यक छ। |
| उद्देश्य | वृत्ति मार्गनिर्देशन कार्यक्रम सहज र नियमित रुपमा संचालन गर्नका लागि माध्यमिक तहका शिक्षकहरुलाई प्रशिक्षक प्रशिक्षण तालिम संचालन गर्नु। |
| अपेक्षित प्रतिफल | यस आ.व. मा वृत्ति मार्गनिर्देशन कार्यक्रम संचालन गर्नका लागि माध्यमिक तहका शिक्षकहरु प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त गर्नेछन। |
| संचालन गर्ने | PPCU/PPSU र सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • तालिमको योजना तयारी बैठक गर्ने ।<br>• प्रशिक्षक प्रशिक्षण तालिमको लागि शिक्षक छनौट र सिफारीस गर्न सम्बन्धित पालिकासंग समन्वय गर्ने ।<br>• तालिम प्रदान गर्नका लागि प्रशिक्षकहरुको व्यवस्था गर्ने ।<br>• सम्बन्धित पालिकाहरुलाई पत्राचार गर्ने ।<br>• तालिमको लागि आवश्यक लजिष्टिकको व्यवस्था गर्ने ।<br>• तालिम कार्यक्रम संचालन गर्ने ।<br>• प्रतिवेदन तयार गर्ने । |
| बजेट बांडफांड | PLMBIS अनुसार, (स्वीकृत कार्ययोजना अनुसार) |
| प्रगति सूचक | • सहभागीहरुको उपस्थिति विवरण ।<br>• तालिमको प्रतिवेदन । |

८. वृत्ति मार्गनिर्देशन कार्यक्रम संचालित विद्यालयहरुका लागि कार्यपुस्तिका तथा अन्य सामग्री छपाई

| खर्च शीर्षक नं २२५२२ | क्रियाकलाप नं २.७.८. १७९ |
|---|---|

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | वृत्ति मार्गनिर्देशन सेवा केन्द्र मार्फत वृत्ति मार्गनिर्देशनको सेवाग्राहीहरुलाई विषयवस्तुको छलफल प्रभावकारि र समयानुकूल बनाउन सिकाई सामाग्री तयारी, परिमार्जन, प्रकाशन तथा वितरण गर्न आवश्यक छ । |

| | |
|---|---|
| उद्देश्य | वृत्ति मार्ग-निर्देशन सेवा केन्द्र मार्फत वृत्ति मार्ग निर्देशन सम्बन्धी सिकाइ सामाग्री तयारी, परिमार्जन, प्रकाशन तथा वितरण गर्नु । |
| अपेक्षित प्रतिफल | • वृत्ति मार्ग-निर्देशन सेवा केन्द्र सिकाई सामाग्री सहितको सुव्यवस्थित केन्द्र बन्नेछ।<br>• युवा तथा विद्यार्थीहरुले केन्द्रबाट प्रकाशित सिकाई सामाग्रीहरु सन्दर्भ सामाग्रीका रुपमा सदुपयोग गरेको हुनेछ ।<br>• सिकाइ सामाग्रीहरुको परिमार्जनले गर्दा केन्द्र अद्यावधिक भएको हुनेछ । |
| सञ्चालन प्रक्रिया | • सिकाई सामाग्रीहरुका विषयबस्तुको पहिचान, परिमार्जन तथा तयारी गर्ने।<br>• सार्वजनिक ऐन/नियमावली अनुसार सिकाइ सामाग्रीहरु छपाइ तथा वितरण गर्ने। |
| बजेट बांडफांड | • PLMBIS अनुसार, (स्वीकृत कार्ययोजना अनुसार) |
| प्रगति सूचक | • सिकाई सामाग्री ।<br>• सिकाई सामाग्रीका निर्माण तथा वितरण अभिलेख।<br>• विद्यार्थी/युवाहरुको उपस्थिति विवरण (हाजिरी)। |

९. **कर्णाली प्रदेश उद्योग बाणिज्य महासंघ (FNCCI)सँगको सहकार्यमा प्रशिक्षार्थीहरू बीच सीप प्रतियोगिता र नवप्रवर्धन कार्यक्रम सञ्चालन**

| | |
|---|---|
| खर्च शीर्षक नं २२५२२ | क्रियाकलाप नं २.७.८.१५२ |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | कर्णाली प्रदेश सरकार/सामाजिक विकास मन्त्रालयले विद्यार्थी प्रशिक्षार्थी तथा/ युवाहरूलाई विभिन्न कार्यक्रमहरु वृत्ति मार्गनिर्देशन सेवा, सिप विकास तालिम मार्फत रोजगारीमा प्रहुंच बढाउने कार्य गरिरहेको छ। विभिन्न तालिमहरुबाट प्रशिक्षित भएका औद्योगिक प्रशिक्षार्थीहरु बीच सिप प्रतिस्पर्धा प्रतियोगिता गरी उत्कृष्ट प्रशिक्षार्थीहरुलाई व्यवसाय तथा उद्यमी विकास गर्नको लागि नवप्रवर्धन कार्य संचालन गर्न आवश्यक छ। |
| उद्देश्य | औद्योगिक प्रशिक्षार्थीहरुलाई व्यावसाय तथा उद्यमी विकासका लागि नवप्रवर्धन कार्यमा सहजीकरण गर्ने । |
| अपेक्षित प्रतिफल | औद्योगिक प्रशिक्षार्थीहरु व्यवसाय तथा उद्यमी विकासका लागि नवप्रवर्धन कार्यको थालनी गर्नेछन् । |
| संचालन गर्ने | PPCU/PPSU र सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • कार्यक्रम तयारी बैठक गर्ने ।<br>• FNCCI सँगको सहकार्यमा विभिन्न पेशामा औद्योगिक प्रशिक्षार्थीहरुको सिप प्रतियोगिता सञ्चालनका लागि समिति गठन गर्ने। |

| | |
|---|---|
| | • औद्योगिक प्रशिक्षार्थीहरु बिच नवप्रवर्द्धनात्मक कार्य तथा सीप प्रतियोगिता कार्यक्रम संचालन गर्ने।<br>• उत्कृष्ट प्रशिक्षार्थीहरु छनोट गरि पुरस्कृत गर्ने ।<br>• कार्यक्रमको प्रतिवेदन तयार गर्ने। |
| बजेट बांडफांड | PLMBIS अनुसार, (स्वीकृत कार्ययोजना अनुसार) |
| प्रगति सूचक | • बैठकको उपस्थिति विवरण ।<br>• बैठक तथा छलफलको निर्णय।<br>• कार्यक्रमको प्रतिवेदन । |

१०. स्थानीय तह तथा सरोकारवालासंग इन्स्योर परियोजनासंग सम्बन्धित कार्यक्रमको समिक्षा र योजना तर्जुमा सम्बन्धि बैठक र कार्यशाला गोष्ठी

| | |
|---|---|
| खर्च शीर्षक नं २२५२२ | क्रियाकलाप नं २.७.८.१६६ |

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | सामाजिक विकास मन्त्रालय द्वारा सञ्चालित दीगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (ENSSURE- II) अन्तर्गत कार्यक्रमको वार्षिक समीक्षा तथा आगामी आवको योजना तर्जुमा कार्याशाला सञ्चालन गर्न आवश्यक छ। |
| उद्देश्य | परियोजनाको प्रगति समीक्षा तथा योजना तर्जुमा गर्नु । |
| अपेक्षित प्रतिफल | परियोजनाको वार्षिक प्रगति समीक्षा तथा योजना तर्जुमा भएको हुनेछ । |
| संचालन गर्ने | PPCU/PPSU र सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • कार्यक्रम संचालन तयारी बैठक गर्ने।<br>• सरोकारवालाहरुको सहभागितामा कार्यक्रमको वार्षिक प्रगति समिक्षा कार्यक्रम संचालन गर्ने ।<br>• सरोकारवालहरुको सहभागितामा आगामि आवको वार्षिक कार्यक्रम तर्जुमा गर्न बैठक/कार्याशाला संचालन गर्ने । |
| बजेट बांडफांड | PLMBIS अनुसार, (स्वीकृत कार्ययोजना अनुसार) |
| प्रगति सूचक | • प्रगति समीक्षा तथा योजना तर्जुमा कार्यशालाको उपस्थिति विवरण ।<br>• कार्यक्रम प्रतिबेदन ।<br>• आगामी आ.व. को योजना तथा बजेटको विवरण । |

सचिव

घनश्याम भण्डारी
मा. मन्त्री

११. परियोजना सम्बन्धी विभिन्न समितिहरुको बैठक, अनुगमन, सुपरिवेक्षण तथा प्रशासनिक कार्य तथा संघीय स्तरमा हुने कार्यशाला गोष्ठी, क्षमता विकास कार्यक्रममा सहभागिता

| खर्च शीर्षक नं २२५२२ | क्रियाकलाप नं २.७.८.१५१ |
|---|---|

| उपशीर्षक | विवरण |
|---|---|
| परिचय | दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना दोश्रोलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि प्रदेश स्तरमा विभिन्न समितिहरुको व्यवस्था गर्नुको साथै अनुगमन, सुपरिवेक्षण, प्रशासनिक कार्य तथा विभिन्न कार्यक्रम/गोष्ठीमा सहभागी हुन आवश्यक छ । |
| उद्देश्य | परियोजनालाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक पृष्ठपोषण तथा मार्ग दर्शनका लागि सम्बन्धित समितिहरुको बैठकहरु संचालनको साथै कार्यक्रमहरुको सुपरिवेक्षण, अनुगमन, गोष्ठी, कार्यक्रम, तथा प्रशासनिक कार्य गर्नु । |
| अपेक्षित प्रतिफल | • परियोजनासंग सम्बन्धित सम्पूर्ण कार्य सञ्चालनको लागि विभिन्न गठित समितिहरुद्वारा मार्ग दर्शन प्राप्त हुनेछ।<br>• परियोजना प्रभावकारीताको लागि समन्वय, सुपरिवेक्षण र अनुगमन भएको हुनेछ।<br>• प्रशासनिक कार्य सहज र प्रभावकारी रुपमा संचालन भएको हुनेछ।<br>• विभिन्न स्तरमा हुने गोष्ठी, कार्यक्रमहरुमा सक्रिय सहभागी भएको हुनेछ। |
| संचालन गर्ने | • PPCU/PPSU र सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • आवश्यकता अनुसार तपसिल बमोजिमका कार्यहरु संचालन गर्ने<br>क) सामाजिक विकास मन्त्रालयको मन्त्रीज्यूको अध्यक्षतामा रहने Project Steering Committee (PSC)को बैठक ।<br>ख) सामाजिक विकास मन्त्रालयको सचिवज्यूको अध्यक्षतामा रहने Project Implementation Committee (PIC) को बैठक ।<br>ग) सामाजिक विकास मन्त्रालय अन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम हेर्ने महाशाखा प्रमुखको संयोजकत्वमा हुने Project Coordination and Implementation Unit in the Provinces (PCIU-Ps) को बैठक सञ्चालन।<br>घ) परियोजनासंग सम्बन्धित कार्यक्रमहरुको सुपरिवेक्षण अनुगमन<br>ङ) संघीय प्रदेश स्थानिय स्तरमा हुने कार्यशाला गोष्ठी,<br>च) प्रशासनिक कार्य संचालन ।<br>• माथिका क्रियाकलापहरु संचालन गरि खर्च गर्ने र सो को प्रतिबेदन तयार गर्ने |
| बजेट बांडफांड | PLMBIS अनुसार, (स्वीकृत कार्ययोजना अनुसार) |
| प्रगति सूचक | • बैठकमा सहभागीहरुको उपस्थिति विवरण । |

| | |
|---|---|
| | • बैठकको निर्णयहरु ।<br>• प्रतिवेदनहरु । |

सामाजिक विकास मन्त्रालय (नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना) अन्तर्गतका क्रियाकलाप

१२.राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली सम्बन्धी प्रचार सामग्री निर्माण, प्रकाशन, प्रशारण एवम् वितरण

| क्रियाकलाप संकेत: २.७.६.६५ | खर्च शीर्षक: २२५२२ |
|---|---|

| | |
|---|---|
| क्रियाकलाप | राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीसम्बन्धी प्रचार सामग्री निर्माण, प्रकाशन, प्रशारण एवम् वितरण |
| पृष्ठभूमि/ परिचय | राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (National Vocational Qualifications System-NVQS) सम्बन्धी प्रसारण गरी यसको उपयोगिताको बारेमा सम्बन्धित सबै व्यक्तिहरूको बीच पुर्‍याई उनीहरूको जीवनमा शैक्षिक तथा आर्थिक रुपमा सकारात्मक परिवर्तन ल्याउन आवश्यक भएकोले विभिन्न श्रव्य (जिङ्गल) र दृश्य (भिडिओ) सामाग्री उत्पादन र प्रसारण गर्न, सीप परीक्षण सम्बन्धी सूचनाको प्रसारण गर्न, प्रसार-प्रसारका विभिन्न माध्यमबाट प्रसारण गर्ने उद्देश्यका साथ कार्यक्रम तय भएको छ । |
| उद्देश्य | विभिन्न सञ्चार माध्यम मार्फत कर्णाली प्रदेशका युवाहरूलाई NVQS सम्बन्धी प्रचार प्रसार गरी सीप परीक्षण सम्बन्धी जानकारी गराउनु। |
| अपेक्षित उपलब्धी | राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको उपयोग, RPL विधिबाट सीप परीक्षण र यसको महत्वको सम्बन्धमा यस प्रदेशका युवायुवतीहरू र अन्य सम्बन्धित व्यक्तिहरूले जानकारी प्राप्त गरेका हुनेछन् । |
| संचालन गर्ने | PPCU/PPSU र सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | यस क्रियाकलाप अन्तरगत तपसीलका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ ।<br>जिङ्गल विकास तथा प्रसारण<br>➢ जिङ्गल प्रशारण गर्न एफ एम सँग सम्झौता गर्ने ।<br>➢ एफ.एम.लाई सन्दर्भ-सामाग्रीहरू सहित जिंगल/पी.एस.ए. र अन्य सूचनाहरू उपलब्ध गराउने ।<br>➢ सम्झौता बमोजिम प्रसारण भएको सुनिश्चित गर्न अनुगमन गर्ने ।<br>➢ नियमानुसार भुक्तानी गर्ने।<br>➢ अनलाइन सञ्चारमाध्यमबाट समेत कार्यक्रम सम्वन्धि सुचना तथा सन्देशमूलक सामग्री विकास गरी प्रकाशन तथा प्रसारण गर्ने ।<br>भिडिओ डकुमेन्ट्री विकास तथा प्रसारण<br>➢ भिडिओ डकुमेन्ट्री विकासका लागि सन्दर्भ सामग्री तयार गर्ने |

| | |
|---|---|
| | ➢ डकुमेन्टरी निर्माणका लागि सम्बन्धित संस्थासंग सम्झौता गर्ने तथा प्रसारण गर्ने। <br> <u>सीप परीक्षण सम्बन्धी जानकारी सहितको बल्क मेसेज विकास तथा प्रसारण</u> <br> ➢ सीप परीक्षण सम्बन्धी विषय र सीप परीक्षण केन्द्रहरू निक्योंल गर्ने <br> ➢ बल्क मेसेज (छोटो तर जानकारीमूलक) तयार गर्ने <br> ➢ मेसेज सम्प्रेसन गर्ने टेली कम्पनीहरू (NTC/NCELL) समन्वय गरी मोलमोलाई गर्ने <br> ➢ आवश्यकता अनुसार सम्झौता गरी सामग्री उपलब्ध गराउने <br> ➢ बल्क मेसेज सम्प्रेसन भए/नभएको निक्योंल गर्ने <br> ➢ सम्झौता अनुसार भुक्तानी उपलब्ध गराउने |
| संचालन अवधि | प्रथम, दोश्रो र तेश्रो त्रैमाशिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानुन अनुसार |
| अनुगमन सूचक | • एफ.एम./टेलिविजनसँग सम्झौता पत्र, प्रसारण भएको सामाग्री तथा एफ.एम./टेलिभिजनको प्रसारण प्रतिवेदन, टेलिकम कम्पनीहरू संगको सम्झौता र प्रतिवेदन। |

### १३. व्यावसायिक योग्यता प्रणालीसँग सम्बन्धित सूचना तथा प्रचार प्रसारका लागि औधोगिक मेला, रोजगार मेलाहरूमा स्टल राख्ने

| क्रियाकलाप संकेत: २.७.६.५७ | खर्च शीर्षक: २२५२२ |
|---|---|

| | |
|---|---|
| क्रियाकलाप | व्यावसायिक योग्यता प्रणालीसँग सम्बन्धित सूचना तथा प्रचार प्रसारका लागि औधोगिक मेला, रोजगार मेलाहरूमा स्टल राख्ने |
| पृष्ठभूमि/ परिचय | प्रदेश तथा स्थानीय तहमा रहेका उधोग संगठन वा व्यापार संघले आयोजना गरेको मेला (एक्स्पो) मा मन्त्रालयको तर्फबाट स्टल राख्ने र सो स्टलबाट राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली/RPL विधिबाट सीप परीक्षण र यसको सामाजिक, आर्थिक र शैक्षिक महत्व सम्बन्धी श्रव्य दृश्य सामाग्री प्रसार गर्ने, स्टलमा आउने आगन्तुकहरूलाई उनीहरूले उठान गरेका सम्बन्धित विषयहरूमा परामर्श सेवा प्रदान गर्ने र प्रिन्टेड सामग्री वितरण गरी सरोकारवालाहरूलाई NVQS र सीप परीक्षण को महत्वको बारेमा जानकारी गराउने। उपलब्ध वातावरण अनुसार सीप परीक्षण गरिएका व्यक्तिहरू र रोजगारदाताहरूको प्रत्यक्ष्य संग्लग्नतामा प्यानल डिस्कसनबाट पनि NVQS/F र सीप परीक्षणको औचित्य र उपयोगिताको बारेमा जानकारी गराउने। |

| | |
|---|---|
| उद्देश्य | प्रदेश तथा स्थानीय तहमा रहेका उद्योग तथा व्यापार क्षेत्रका संगठनहरूले आयोजना गरेको रोजगार मेला वा अन्य औद्योगिक मेलामा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली सम्बन्धी सामाग्रीहरू सहितको स्टल राखी सरोकारवालाहरूलाई NVQS/RPL को महत्व र उपयोगिताको बारेमा जानकारी गराउने। यसका साथै सीप परीक्षण गरिएका व्यक्तिहरू र रोजगारदाताहरूको प्रत्यक्ष्य संग्लग्नतामा प्यानल डिस्कसन्बाट पनि NVQS/F र सीप परीक्षणको औचित्य र उपयोगिताको बारेमा जानकारी गराउने। |
| अपेक्षित उपलब्धी | न्यूनतम १०० रोजगारदाता (निजी क्षेत्र) र ५००० औपचारिक तथा अनौपचारिक क्षेत्रबाट सीप हासिल गरेका युवायुवतीहरू तथा अन्य सरोकारवालाहरूले राष्ट्रिय व्यावसायिक योग्यताको प्रमाणपत्रको महत्वबारे जानकार हुनेछन् र सीप परीक्षणमा प्रत्यक्ष्य रुपमा सहभागी भई वा सहभागी हुन अभिप्रेरित भएका हुनेछन । |
| कार्यन्वयन गर्ने | PPCU/PPSU, सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | ➢ स्टलका लागि आवश्यक अडियो, भिडिओ र प्रिन्ट सामाग्रीहरूको व्यस्थापन गर्ने।<br>➢ औद्योगिक, व्यापार वा रोजगार मेला आयोजकको खोजी गर्ने ।<br>➢ मेला आयोजकसँग छलफल तथा सम्झौता गर्ने ।<br>➢ आयोजित मेला वा प्रदर्शनीमा मन्त्रालयको तर्फबाट सामाग्री सहितको स्टल राख्ने<br>➢ स्टलबाट अपेक्षित परिणाम हाँसिल गर्न निश्चित कर्मचारीहरू वा व्यक्तिहरूलाई जिम्मेवारी तोक्ने।<br>➢ स्टलमा राख्ने आवश्यक सामाग्रीहरूको सजावट तथा व्यवस्थापन गर्ने ।<br>➢ NVQS सम्बन्धी जिङ्गल, श्रब्य-दृष्य सामाग्री प्रर्दशन गर्ने ।<br>➢ मन्त्रालय र विभिन्न समितिका पदाधिकारीहरूबाट अनुगमन गर्ने ।<br>➢ यो शीर्षकको बजेटबाट स्टल मेलाको चार्ज, प्रिन्ट सामग्री छपाई, र ब्यानर छपाई अनुगमन खर्च मन्त्रालयको नियमानुसार भुक्तानी गरिनेछ ।<br>➢ परामर्शदाता (स्टल सहजकर्ता) छनोट गर्दा सीप मूल्याँकनकर्ता/सीप परामर्शदाता नै छनोट गरी परिचालन हुने भएकोले उनीहरूको तह अनुसारको राष्ट्रिय सीप परीक्षण समितिको नियमानुसार पारिश्रमिक, यातायात तथा संचार खर्च भुक्तानी गरिनेछ ।<br>➢ मेला पश्चात कार्यक्रमको प्रभावकारिताको समीक्षा गरी प्रतिवेदन तयार गर्ने । |
| संचालन अवधि | दोस्रो र तेस्रो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |

प्रदेश सचिव

घनश्याम भण्डारी

| | |
|---|---|
| सन्दर्भ सामग्री | प्रचलित कानुन अनुसार |
| अनुगमन सूचक | राखिएको स्टल, फोटो, प्रतिवेदन, व्यवस्थापन गरिएका सामाग्रीहरू । |

## १४. भौचर कार्यक्रम मार्फत पूर्व सिकाइ मान्यता विधि (RPL) बाट सीप परीक्षण

| | |
|---|---|
| क्रियाकलाप संकेत: २.७.६.६६ र २.७.१३.३६९ | खर्च शीर्षक: २२५२२ |

| | |
|---|---|
| क्रियाकलाप | भौचर कार्यक्रम मार्फत पूर्व सिकाइ मान्यता विधि (RPL) बाट सीप परीक्षण |
| पृष्ठभूमि/ परिचय | औपचारिक तथा अनौपचारिक क्षेत्रबाट सिकेका सीपहरूको पहिचान र प्रमाणीकरणका लागि भौचर कार्यक्रम मार्फत कर्णाली प्रदेशका युवायुवतीहरूलाइ पूर्व सिकाइ मान्यता विधि (RPL) बाट सीप परीक्षण गरी रोजगार बजारमा उनीहरूको पहुँच बढाउनका साथै योग्यता प्रणालीमा समाहित गर्ने गरी सामाजिक विकास मन्त्रालय तथा विभिन्न स्थानीयतहहरूको समपुरक कोषबाट विनियोजित बजेटलाई एकीकृत गरी कम्तिमा पनि ५५० जनाको सीप परीक्षण गर्न व्यवस्था गरिएको छ । |
| उद्देश्य | RPL विधिबाट कर्णाली प्रदेशका ५५० जना युवायुवतीहरूको सीप परीक्षण गराई प्रमाणीकरण गर्ने |
| अपेक्षित उपलब्धी | कर्णाली प्रदेशका ५५० युवायुवतीहरू RPL विधिबाट उनीहरूमा रहेको सीप परीक्षण गराई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रोजगार बजारमा सहज रुपमा पहुँच बढाउने र तह अनुसारको पारिश्रमिक प्राप्त गर्न सक्ने भएका हुनेछन । साथै राष्ट्रिय योग्यता ढाँचामा आफ्नो तह समाहित गरी योग्यता हासिल गर्न सक्नेछन । |
| कार्यन्वयन गर्ने | PPCU/PPSU र सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | ➢ RPL विधिबाट सीप परिक्षण कार्यन्वयनको लागि प्रदेश स्थित CTEVT र राष्ट्रिय सीप परीक्षण समिति, सानोठिमी भक्तपुरसंग MoU गर्ने<br>➢ सह-लगानी गर्न इच्छुक पालिकाहरू, सामाजिक विकास मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, कर्णाली प्रदेश कार्यालयबीच समझदारी (MoU) गर्ने<br>➢ सीप परीक्षणका लागि सीप प्रदायक संघसंस्थाहरुसंग समन्वय गर्ने ।<br>➢ त्रिपक्षीय समझदारीको अधिनमा रही NSTB ले तोकेको मापदण्ड अनुसार भुक्तानी प्रक्रिया, लेखा व्यवस्थापन प्रक्रिया र लेखा परीक्षण प्रक्रियाहरू स्पष्ट हुने गरी सामाजिक विकास मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, कर्णाली प्रदेश कार्यालय बीच द्विपक्षीय सम्झौता गर्ने र कार्यक्रम कार्यान्वयन गर्न सम्झौता बमोजिमको रकम निकाशा गर्ने । |

| | |
|---|---|
| | ➢ सम्झौता बमोजिम प्रचलित कानुनको अधिनमा रही प्रदेश CTEVT ले सीप परीक्षण कार्यक्रम सञ्चालन गर्ने ।<br>➢ प्रदेश CTEVT लाई NSTB को फर्म्याटमा आवेदन आव्हान गर्न सहजीकरण गर्ने।<br>➢ सामाजिक विकास मन्त्रालय, CTEVT कर्णाली प्रदेश र सह-लगानी गरेका पालिकाहरू बीच भएको समझदारीको अधिनमा सह-लगानी गरेका पालिकाहरूमा जम्मा भएको आवेदनको आधारमा सह-लगानी गर्ने पालिकहरू र CTEVT कर्णाली प्रदेश कार्यालय बीच सम्झौता गर्न सहजीकरण गर्ने<br>➢ अनौपचारिक रुपले सिकेका सीपहरुको प्रमाणीकरण गर्नका लागि पालिकाको रोजगार र शिक्षा शाखामा आवेदन दिने व्यवस्था मिलाउने<br>➢ दलित समुदाय सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन स्थानीय समितिसँग समन्वय गरी आवेदन सकंलनको व्यवस्था मिलाउने ।<br>➢ संकलन भएको आवेदनहरू सम्वन्धित पालिकाहरू र सीप परीक्षण केन्द्र मार्फत अनलाइन प्रविष्टि गर्न/गराउन समन्वय तथा सहजीकरण गर्ने<br>➢ प्रदेश CTEVT मार्फत उपलव्ध गरेको आवेदकहरूको परामर्श सेसनमा आवेदकहरूलाई भौचर वितरण गर्न सहजीकरण गर्ने।<br>➢ प्रदेश CTEVT ले कार्य सम्पादन प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्ने । |
| संचालन अवधि | पहिलो, दोस्रो र तेस्रो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानुन अनुसार |
| अनुगमन सूचक | ➢ निर्णय, फोटो, सहभागी हाजिरी विवरण, भौचरको प्रतिलिपि<br>➢ कार्यक्रमको प्रतिवेदन, सीप परीक्षण प्रमाणपत्र आदि |

## १५.पालिकाहरूमा दक्ष कामदारहरूको नक्साङ्कन र तिनीहरूको दर्ता

| | |
|---|---|
| क्रियाकलाप संकेत: २.७.६.५९ | खर्च शीर्षक: २२५२२ |

| | |
|---|---|
| क्रियाकलाप | पालिकाहरूमा दक्ष कामदारहरूको नक्साङ्कन र तिनीहरूको दर्ता |
| पृष्ठभूमि/ परिचय | पालिका स्तरमा विभिन्न पेशा व्यवसायका मानिसहरूको संख्या एकिन गर्न र ती पालिकाहरूमा भएका पेशा/व्यवसाय पत्ता लगाई सीप प्रमाणीक मानक (skill standard) बनेको भए सीप परीक्षण प्रक्रियामा ल्याउन पहल गर्ने र नबनेको भए राष्ट्रिय दक्षता मापदण्ड बनाउन पहल गर्नको लागि कर्णाली प्रदेशका कम्तिमा ४ जिल्लाका पालिकाहरूको प्रतिनिधित्व हुने गरी अन्तरक्रियात्मक कार्यक्रम र आएको |

| | |
|---|---|
| | तथ्यांकको आधारमा प्रदेश स्तरमा एउटा प्रमाणीकरण कार्यशाला गोष्ठी संचालन गर्न यो क्रियाकलाप राखिएको छ। |
| उद्देश्य | आ.व. २०८२/८३ मा कर्णाली प्रदेशका कम्तिमा ४ जिल्ला स्थित पालिकाहरूमा रहेका रैथाने वा धेरै मानिसहरू आश्रित पेशा/व्यवसायसंग सम्बन्धित सीप पहिचान भई परीक्षण प्रक्रियामा आउने वा प्रमाणिका बन्न सिफारिस भएको हुने। |
| अपेक्षित उपलब्धी | कर्णाली प्रदेशका कम्तिमा ४ जिल्लाका पालिकाहरूमा भएका सीपयुक्त युवाहरूको संख्या पहिचान भई सीप परीक्षण प्रक्रियामा ल्याउन सहयोग पुग्नुको साथै सोही पालिकामा भएका रैथाने र सम्भावित पेशा/व्यवसाय सम्बन्धित सीप पहिचान भई दक्षता प्रमाणिका बनाउन सिफारिस भएको हुनेछ। |
| कार्यन्वयन गर्ने | PPCU/PPSU, सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | **१.पालिकाको प्रतिनिधित्व हुने गरी जिल्ला स्तरीय सीप नक्शांकन अन्तरक्रिया कार्यक्रम**<br>➢ PPCU/STFC को बैठकबाट सम्भावित ४ जिल्ला छनोट गर्ने<br>➢ अन्तरक्रिया कार्यक्रम संचालनका लागि पालिकाहरूसंग समन्वय गर्ने<br>➢ अन्तरक्रिया कार्यक्रम संचालन गर्ने मिति र स्थान निर्क्योल गरी पालिकाहरूलाई पत्राचार गर्ने<br>➢ अन्तरक्रियात्मक कार्यक्रम संचालन गरी सीप नक्शांकन तथा रैथाने र उच्च माग भएका पेशागत सीपको सूची र अनुमानित संख्या पत्ता लगाउने<br>➢ तथ्य र तथ्यांक सहितको प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्ने<br>२.सीप नक्शांकन वैधता कार्यशाला (Validation workshop) कार्यक्रम<br>➢ वैधता कार्यशाला संचालनका लागि मिति, स्थान र सहभागी निर्क्योल गर्ने<br>➢ आवश्यकता अनुसार पूर्व राष्ट्रिय सीप परीक्षण समितिको निर्देशक तहको सहजकर्ता छनोट गर्ने ।<br>➢ सहजकर्तासंग परामर्श सेवाको लागि सम्झौता गर्ने ।<br>➢ सीप नक्शांकन मान्यकरण कार्यशाला संचालन गरी सीप मानक (skill standard) बनाउने पेशाको प्राथमिकिकरण गर्ने ।<br>➢ सीप मानक नभएका सीपहरूको मानक बनाइ दिन NSTB लाई सिफारिस गर्ने।<br>➢ प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्ने ।<br>माथिका क्रियाकलाप सञ्चालन गर्दा दलित समुदाय सशक्तिकरण र जिबनस्तर प्रवर्द्धन स्थानीय समितिसंग समन्वय र सहकार्य गर्ने । |
| संचालन अवधि | पहिलो, दोस्रो र तेस्रो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानुन अनुसार |

| | |
|---|---|
| अनुगमन सूचक | कार्य सम्पन्न प्रतिवेदन, उपस्थिति, फोटो, तथ्यांक, आदि |

## १६. राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) सम्बन्धी अभिमुखीकरण

| | |
|---|---|
| क्रियाकलाप संकेत: २.७.१३.३६७ | खर्च शीर्षक: २२५२२ |

| | |
|---|---|
| क्रियाकलाप | राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) सम्बन्धी अभिमुखीकरण |
| पृष्ठभूमि/ परिचय | राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप NVQF का सम्वन्धमा प्रदेश तथा स्थानीय सरकार र निजी क्षेत्रका  सरोकारवालाहरूले जानकारी प्राप्त गरे पश्चात NVQS र RPL को महत्व बोध गरी कार्यन्वयन गर्न र लक्षित समुदायसम्म कार्यक्रमको प्रभावकारिता पुग्न सक्ने भएकोले यो अभिमुखीकरण कर्यक्रम संचालन गर्न वजेट विनियोजन भएको छ । यस कार्यक्रमले प्रदेश सरकार, स्थानीय सरकार, निजी क्षेत्र र सीप परीक्षित ग्रजुएट्सको उपस्थितिमा RPL विधिबाट सीप परीक्षण कार्यले रोजगार व्यस्थापन र योग्यता प्रणालीमा तादम्यता बोध गराई रोजगार प्रवर्धन र शैक्षिक बिकासमा टेवा पुग्नेछ । |
| उद्देश्य | औपचारिक तथा अनौपचारिक क्षेत्रबाट सिकेको सीपलाई रोजगार प्रणाली र योग्यता प्रणालीमा समाहित गर्न सबै सरोकारवालाहरूले आ-आफ्नो क्षेत्रबाट भूमिका सुनिश्चित गर्न अभिप्रेरित भएका हुनेछन । |
| अपेक्षित उपलब्धी | कर्णाली प्रदेशका पालिकाको प्रमुख, प्रदेश स्तरका सम्बन्धित मन्त्रालयका प्रतिनिधि, प्रदेश स्थित व्यावसायिक संगठनका प्रतिनिधिहरूले NVQF मार्फत NVQS र RPL को महत्व बुझी नीति निर्माण तथा कार्यक्रम तर्जुमा तहमा योगदान पुर्‍याउन सक्षम भएका हुनेछन |
| कार्यन्वयन गर्ने | PPCU/PPSU, सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | ➢ PPCU को बैठक बसी संचालन गरिने क्रियाकलापहरू, स्थान, मिति र समय निर्क्योल गर्ने<br>➢ सरोकारवाला सहभागीहरूको विवरण तयार गर्ने।<br>➢ अभिमुखीकरणका लागि व्यवस्थापकीय कार्य गर्ने ।<br>➢ सम्बन्धित सरोकारवाला सहभागीलाई सहभागिताका लागि पत्राचार गर्ने ।<br>➢ १ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।<br>➢ कार्यक्रम पश्चात समीक्षा र प्रतिवेदन तयार गर्ने । |
| संचालन अवधि | पहिलो, दोस्रो र तेस्रो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |

| सन्दर्भ सामग्री | प्रचलित कानुन अनुसार |
|---|---|
| अनुगमन सूचक | • माइन्युट, फोटो, सहभागी हाजिरी विवरण<br>• कार्यक्रमको प्रतिवेदन, आदि |

## १७.विभिन्न क्षेत्रका सीप मूल्याङ्कनकर्ता तालिम संचालन

| क्रियाकलाप संकेत: २.७.६.५८ | खर्च शीर्षक: २२५२२ |
|---|---|

| क्रियाकलाप | विभिन्न क्षेत्रका सीप मुल्याङ्कनकर्ता तालिम संचालन |
|---|---|
| पृष्ठभूमि/ परिचय | कर्णाली प्रदेशमा सीप परीक्षण कार्य सहज रुपमा संचालन गर्न सीप मूल्यांकनकर्ताहरूको आवश्यक हुने भएकोले विभिन्न क्षेत्रका सीप मूल्यांकनकर्ताहरू प्रदेशमै उपलव्ध गराउनको लागि १ वटा सीप परीक्षण मूल्याङ्कनकर्ता विकास तालिम संचालन गरिनेछ। |
| उद्देश्य | सीप परीक्षण कार्यलाई सहज र प्रदेश स्तरमै सीप परीक्षण कार्य संचालन गर्नका लागि १ वटा तालिम मार्फत २० जना सीप मूल्याङ्कनकर्ता तयार गर्ने। |
| अपेक्षित उपलब्धी | कर्णाली प्रदेशमा विभिन्न सीप क्षेत्रमा गुणस्तरीय तथा निष्पक्ष रुपमा सीप परिक्षण मूल्याङ्कन गर्न आवश्यक २० जना नयाँ मूल्याङ्कनकर्ता विकास भएका हुनेछ। |
| कार्यन्वयन गर्ने | PPCU/PPSU, सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | ➢ CTEVT/NSTB संगको सहकार्यमा प्रदेशमा सीप परीक्षण सम्भावित व्यवसायहरूको सूची तयार गर्ने ।<br>➢ PPCU को मिटिंगबाट तालिम संचालनलाई थप सहज गर्नका लागि आवश्यक निर्णय गर्ने<br>➢ तालिम संचालनका लागि राष्ट्रिय स्तरमा रहेको एक मात्र प्राविधिक प्रशिक्षण प्रतिष्ठानलाई प्रस्तावना पेश गर्न पत्राचार गर्ने ।<br>➢ PPCU को बैठकबाट प्रस्तावना माथि छलफलका साथ् आवश्यक सुझावका साथ् TITI लाई थप प्रक्रियाका लागि पत्राचार गर्ने।<br>➢ सम्पूर्ण प्रक्रियाहरू स्पस्ट हुने र कसको के भूमिका रहने भन्ने आधार सहितको सम्झौता तयार गरी TITI संग तालिम संचालनका लागि सम्झौता गर्ने।<br>➢ CTEVT कर्णाली प्रदेशसंग सहकार्य गरि NSTB फर्म्याटमा सीप मूल्यानकर्ता तालिमका लागि सूचना जारि गर्ने।<br>➢ आवेदनहरू संकलन गरी NSTB को मापदण्ड अनुसार अन्तिम सूची तयार गर्ने।<br>➢ CTEVT कर्णाली प्रदेशसंगको सहकार्यमा तालिमका सहभागी छनोट गरी अन्तिम लिस्ट TITI र NSTB लाइ उपलव्ध गराउने।<br>➢ आवेदकहरूलाई सहभागिताको लागि जानकारी गराउने । |

भण्डारी

| | |
|---|---|
| | ➢ तालिमका लागि स्थान छनौट गरी लजिस्टिक व्यस्थापन गर्न TITI लाइ सहयोग गर्ने।<br>➢ तालिम संचालन गर्ने र तालिमको प्रमाणपत्र NSTB ले उपलब्ध गराउने ।<br>➢ TITI संग तालिम प्रतिवेदन तथा अन्य आवश्यक दस्तावेज मागी सम्झौता अनुसारको रकम भुक्तानी गर्ने । |
| संचालन अवधि | दोस्रो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानुन अनुसार |
| अनुगमन सूचक | • निर्णय, फोटो, सहभागी हाजिरी विवरण<br>• कार्यक्रमको प्रतिवेदन, एन.एस.टि.बी.को डाटाबेस, TITI को प्रतिवेदन |

## १८. राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीसग सम्बन्धित बैठक तथा गोष्ठी, समिक्षा बैठक, फिल्डमा अनुगमन सुपरिवेक्षण पृष्ठपोषण, प्रतिवेदन तथा विविध कार्यका लागि आवश्यक खर्च

| | |
|---|---|
| क्रियाकलाप संकेत: २.७.६.६१ | खर्च शीर्षक: २२५२२ |

| | |
|---|---|
| क्रियाकलाप | राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीसग सम्बन्धित बैठक तथा गोष्ठी, समीक्षा बैठक, फिल्डमा अनुगमन सुपरिवेक्षण पृष्ठपोषण, प्रतिवेदन तथा विविध कार्यका लागि आवश्यक खर्च |
| पृष्ठभूमि/ परिचय | यस बजेट शीर्षकको अधिनमा रही राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली सफल कार्यन्वयन तथा नतिजामूलक बनाउन तपशिलका कार्यक्रम संचालन गरिने:<br>• PICC, PPCU र सीप परीक्षण सहजीकरण समितिको बैठक कम्तिमा वर्षको १८ पटक<br>• अनुगमन/सुपरिवेक्षण वर्षमा कम्तिमा ५ पटक र joint अनुगमन १ पटक<br>• संघीय तथा अन्य निकायका कार्यक्रम, गोष्ठी, सेमिनार र कार्यशालामा सहभागिता आवश्यकतानुसार<br>• कार्यक्रमको समिक्षा तथा योजना तर्जुमा बैठक आवश्यकतानुसार |
| उद्देश्य | प्रदेश स्तरमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली सफल तथा नीतिगत रुपमा कार्यन्वयन हुनुको साथै TVET कार्यन्वयन पद्धतिका लागि मन्त्रालय र सरोकारवालाहरू सक्षम हुन सहयोग पुग्ने । |
| अपेक्षित उपलब्धी | कर्णाली प्रदेशमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली सफल तथा नीतिगत रुपमा कार्यन्वयन गर्न मन्त्रालय र सम्बद्ध सरोकारवालाहरू सक्षम भएका हुनेछन् । |
| कार्यान्यन गर्ने | PPCU/PPSU, सामाजिक विकास मन्त्रालय |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | PICC, PPCU र सीप परिक्षण सहजीकरण समिति (STFC) को बैठक<br>➢ सम्बन्धित समिति र एकाइका प्रमुखको आदेशानुसार एजेन्डा सहितको पत्र/इमेल पठाउने<br>➢ बैठक बस्ने र मुख्य एजेण्डाहरू माथी छलफलका साथ निर्णय गर्ने<br>➢ आवश्यक चिया-नास्ता र बैठक व्यवस्थापन खर्च भत्ता भुक्तानी दिने<br>अनुगमन/सुपरिवेक्षण कार्य<br>➢ अनुगमन-सुपरिवेक्षण समिति/PICC/PPCU ले आवश्यकतानुसार अनुगमन/सुपरिवेक्षण योजना बनाउने ।<br>➢ अनुगमन-सुपरिवेक्षण गरिने कार्यक्रम, पद्धति र प्रक्रियाको लागि चेकलिस्ट रुजु गर्ने<br>➢ अनुगमन-सुपरिवेक्षण गर्ने ।<br>➢ प्रतिवेदन तयार गरी परिवर्तन गर्नु पर्ने वा रणनीति बनाउन आवश्यक कार्यहरू गर्ने ।<br>संघीय तथा अन्य निकायका कार्यक्रम, गोष्ठी, सेमिनार र कार्यशाला आवश्यकतानुसार<br>➢ आयोजना हुने गोष्ठी/कार्यशाला/सेमिनारको निमन्त्रणा पत्र।<br>➢ सामाजिक विकास मन्त्रालयबाट अनुमति लिएर सहभागी हुने।<br>➢ मन्त्रालयमा भुक्तानीको लागि अनुरोध गर्ने।<br>कार्यक्रमको समीक्षा तथा योजना-तर्जुमा कार्यशाला आवश्यकतानुसार<br>➢ समिक्षा तथा योजना तर्जुमा बैठकको उद्देश्य सहितको योजना बनाउने ।<br>➢ समीक्षा तथा योजना तर्जुमा कार्यशालाको लागि आवश्यक व्यवस्थापकीय/लजिस्टिक तयारी गर्ने ।<br>➢ कार्यशाला संचालन गर्ने ।<br>➢ कार्यशाला प्रतिवेदन तयार गर्ने । |
| संचालन अवधि | पहिलो, दोस्रो, तेश्रो र चौथो त्रैमासिक। |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानुन अनुसार |
| अनुगमन सूचक | • निर्णयहरू, फोटो, सहभागी हाजिरी विवरण,<br>• कार्यक्रमको प्रतिवेदन, आदि |

सचिव

घनश्याम भण्डारी
मा. मन्त्री

## १९. राष्ट्रिय योग्यता प्रणाली परियोजना सञ्चालनार्थ मन्त्रालयलाई आवश्यक उपकरण तथा भैपरी खर्च

| | |
|---|---|
| क्रियाकलाप संकेत: २.७.६.६७ | खर्च शीर्षक: २२५२२ |

| | |
|---|---|
| क्रियाकलाप | राष्ट्रिय योग्यता प्रणाली परियोजना संचालनार्थ मन्त्रालयलाई आवश्यक उपकरण तथा भैपरी खर्च |
| पृष्ठभूमि/ परिचय | प्रदेश स्तरमा NVQS कार्यन्वयनका लागि सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशको मुख्य जिम्मेवारी रहेकोछ। तत् सम्बन्धमा मन्त्रालयले कार्यान्वियन प्रक्रियालाई सुचारु गर्न र अपेक्षित नतिजा हासिल गर्न आवश्यक उपकरण, ईन्धन र कार्यालय संचालनार्थ सामाग्रीहरू खरिद गर्न बजेट बिनियोजन भएको छ। |
| उद्देश्य | NVQS कार्यन्वयनलाई सहज बनाउन आवश्यक उपकरण, ईन्धन र अन्य सामाग्रीहरू खरिद गर्ने। |
| अपेक्षित उपलब्धी | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशसंग NVQS कार्यन्वयनको लागि न्युनतम सामग्री र उपकरणहरू परिपूर्ति भै कार्य संचालनमा सहजता आएको हुनेछ। |
| कार्यान्यिन गर्ने | PPCU/PPSU, सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | ➢ मन्त्रालयको आवश्यकता अनुसार बजेट बाँडफाँड गरी सामग्री तथा उपकरणहरू खरिद गर्ने ।<br>➢ खरिद गरिएका उपकरण तथा सामाग्रीहरूको स्टोर दाखिला गर्ने । |
| संचालन अवधि | पहिलो, दोस्रो, तेश्रो र चौथो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानुन अनुसार |
| अनुगमन सूचक | • बिल-भर्पाइ, भौतिक सामग्री भएमा स्टोर दाखिला प्रतिवेदन<br>• भौतिक सामाग्रीहरू |

## २०. राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनका लागि सरोकारवाला निकायका कर्मचारी क्षमता अभिवृद्धि

| | |
|---|---|
| क्रियाकलाप संकेत: २.७.६.६३ | खर्च शीर्षक: २२५२२ |

| | |
|---|---|
| क्रियाकलाप | राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनका लागि सरोकारवाला निकायका कर्मचारी क्षमता अभिवृद्धि |
| पृष्ठभूमि/ परिचय | PICC सदस्य, मन्त्रालयका पदाधिकारी / अन्य कर्मचारीहरू, र अन्य सरोकारवालाहरूका लागि NVQS कार्यन्वयन, अनुगमन तथा मुल्यांकन कार्यमा |

| | |
|---|---|
| | सहजता ल्याउन र अन्तर-कार्यालय समन्वय बढाउन, NVQS/F र समग्र TVET कार्यक्रमका विषयमा तालिम आयोजना गरी क्षमता अभिवृद्धि गर्ने । |
| उद्देश्य | सामाजिक विकास मन्त्रालयका पदाधिकारी/कर्मचारीहरू, र अन्य सरोकारवालाहरूका लागि NVQS कार्यान्वयनमा सहजता ल्याउन र समग्र कार्यक्रम कार्यान्वयनमा गुणस्तर हासिल गर्न क्षमता अभिवृद्धि गर्ने |
| अपेक्षित उपलब्धी | सामाजिक विकास मन्त्रालयका कर्मचारी, र अन्य सरोकारवालाहरूको NVQS कार्यान्वयन र कार्यान्वयन भएका कार्यक्रमको गुणस्तर बढाउन र समग्र TVET का विषयमा क्षमता विकास भएको हुनेछ । |
| कार्यान्यन गर्ने | PPCU/PPSU, सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | PICC, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र मानव संशाधन विकास केन्द्रका कर्मचारीहरू, श्रम तथा रोजगार, उद्योग व्यवसायका क्षेत्र साथै स्थानीयतह लगायत अन्य सरोकारवालाहरू सहभागी गराई २ दिने क्षमता विकास तालिम सञ्चालन गर्ने ।<br>➢ PPCU बाट तालिम कार्यतालिका स्वीकृत गर्ने ।<br>➢ TVET सम्बन्धी तालिमको विषयवस्तु PPCU बाट स्वीकृत गर्ने ।<br>➢ सहभागीहरू छनोट गर्ने ।<br>➢ विज्ञ सहजकर्ताहरूको छनोट गरी तालिम सञ्चालन गर्ने ।<br>➢ तालिम प्रतिवेदन मन्त्रालयमा पेश गर्ने |
| संचालन अवधि | तेश्रो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानुन अनुसार |
| अनुगमन सूचक | तालिमका फोटोहरू, तालिम प्रतिवेदन |

### २१. राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनसँग सम्बन्धित अनुभव आदान प्रदानका लागि अवलोकन तथा अध्ययन भ्रमण

| | |
|---|---|
| क्रियाकलाप संकेत: २.७.६.६४ | खर्च शीर्षक: २२५२२ |

| | |
|---|---|
| क्रियाकलाप | राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनसँग सम्बन्धित अनुभव आदान प्रदानका लागि अवलोकन तथा अध्ययन भ्रमण |
| पृष्ठभूमि/ परिचय | NVQS कार्यन्वयन कर्णाली प्रदेशमा सबै प्रदेश भन्दा पछाडी मात्र शुरु भएको, सीप प्रमाणिकृत युवाहरूको संख्या र उद्योगको संख्या पनि एकदमै कम रहेको परिपेक्ष्यमा |

| | |
|---|---|
| | उद्योगहरूले सीप प्रमाणिकृत युवाहरूलाई काम दिने प्रवृत्ति पनि कम रहेको छ। त्यस्तै प्राविधिक शिक्षा र तालिम प्राप्त युवाहरूको पार्गम्यतामा कर्णाली प्रदेश पछाडी रहेकोले यी विषयहरूको व्याहारिक उपयोग र RPL सीप परीक्षण मोडालिटीबाट ज्ञान हासिल गर्न NVQS/TVET का सरोकारवालाहरूको लागि एउटा अनुभव आदान-प्रदानका लागि अवलोकन तथा अध्ययन भ्रमण कार्यक्रम राखिएको छ। |
| उद्देश्य | कर्णाली प्रदेशका TVET सरोकारवालाहरू, सामाजिक विकास मन्त्रालयका शिक्षा सम्बद्ध कर्मचारी, पालिका प्रतिनिधि, FNCCI, र PICC तथा PPCU का पदाधिकारीहरूले अन्य प्रदेशमा भएका राम्रा पक्षहरूलाई अनुसरण गरी दिगो TVET विकासमा योगदान पुर्याउने । |
| कार्यन्वयन गर्ने | PPCU/PPSU, सामाजिक विकास मन्त्रालय |
| अपेक्षित उपलब्धी | अनुभव आदान-प्रदान अवलोकन भ्रमणका सहभागीहरूले आफ्नो प्रदेशका NVQS/TVET/RPL का राम्रा प्रयासहरूलाई share गरी अन्य स्थानका राम्रा अभ्यासहरूलाई अनुसरण गर्न र पार्गम्यताको क्षेत्रमा गरेको प्रयास तथा रोजगारदाता र सीप प्रामाणिकृत युवाको विचको तादम्यता अध्ययन अवलोकन गरी अनुसरण गरेका हुनेछन। |
| सञ्चालन प्रक्रिया | ➢ भ्रमणको लागि लजिस्टिक व्यस्थापन गरी भ्रमण गरिने स्थान र मिति तय गर्ने।<br>➢ भ्रमणका सहभागीको छनोट गरी अवलोकन भ्रमण गर्ने।<br>➢ अवलोकन तथा अध्ययन भ्रमणमा भएका अन्तरक्रियाको निर्णय, फोटो, र सिकाईको विवरण अध्यावधि गर्ने।<br>➢ कार्यक्रम पश्चात समीक्षा र प्रतिवेदन तयार गर्ने । |
| संचालन अवधि | दोश्रो चौमासिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानुन अनुसार |
| अनुगमन सूचक | निर्णय, फोटो, सहभागी हाजिरी विवरण, कार्यक्रमको प्रतिवेदन, एन.एस.टि.बी.को डाटाबेस, |

प्रदेश सचिव

घनश्याम भण्डारी
मा. मन्त्री

२२. पालिकास्तरमा TVET नेटवर्क स्थापना र समितिको सक्रियता/स्थानीयस्तरमा TVET समन्वय समिति गठन गर्न स्थानीय तहका पदाधिकारी र सरोकारवालासँग अभिमुखीकरण

| क्रियाकलाप संकेत: २.७.६.६८ र २.७.१३.३६८ | खर्च शीर्षक: २२५२२ |
|---|---|

| | |
|---|---|
| क्रियाकलाप | पालिकास्तरमा TVET नेटवर्क स्थापना र समितिको सक्रियता/स्थानीयस्तरमा TVET समन्वय समिति गठन गर्न स्थानीय तहका पदाधिकारी र सरोकारवालासँग अभिमुखीकरण |
| पृष्ठभूमि/ परिचय | समग्र TVET क्षेत्रको विकास, विस्तार, र गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा बनाउन गाउँ/नगर पालिकाहरूले कार्य गर्न आवश्यक देखिन्छ। कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयले राष्ट्रिय योग्यता प्रणाली कार्यन्वयन कार्यविधि २०७९ को दफा १६ बमोजिमको TVET समन्वय समिति गठन गर्न र पालिकाहरूलाई TVET, NVQS र RPL को बारेमा जानकारी गर्न अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ। |
| लक्षित सहभागीहरू | कर्णाली प्रदेशका विभिन्न स्थानीय तहका प्रमुख/उप-प्रमुख, सामाजिक विकास संयोजक, शिक्षा शाखा प्रमुख, रोजगार संयोजक, उद्यम विकास सहजकर्ता |
| उद्देश्य | गाउँ/नगर पालिकामा रहेका सम्बन्धित सरोकारवालाहरूलाइ NVQS, RPL तथा TVET को बारेमा अभिमुखीकरण गरी पालिकास्तरमा TVET समन्वय समिति गठन गर्न तथा क्रियाशील बनाउन र TVET क्षेत्रको सम्पूर्ण कार्यको अपनत्व बोध गराउन तथा RPL विधिबाट सीप परीक्षणका लागि श्रोत व्यवस्थापन अर्थात् सहकार्य गर्ने। |
| अपेक्षित उपलब्धी | कर्णाली प्रदेशका श्रमबजार क्षेत्रको क्लस्टरका आधारमा पालिकाहरूका सरोकारवालाले NVQS, RPL र TVET को महत्वको बारेमा जानकारी प्राप्त गरी पालिकास्तरमा TVET समन्वय समिति गठन गरी TVET क्षेत्रमा कार्य गर्न र RPL को लागि बजेट बिनियोजन गरेका हुनेछन । |
| कार्यन्वयन गर्ने | PPCU/PPSU, सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | ➢ कर्णाली प्रदेशमा रहेका श्रमबजार क्षेत्रको क्लस्टरका पालिकाहरू छनोट गर्ने।<br>➢ पालिकाहरूसंग समन्वय गरी अभिमुखीकरण कार्यक्रमको मिति तोक्ने ।<br>➢ पालिकाहरूलाई अभिमुखीकरण गोष्ठी संचालनका लागि पत्राचार गर्ने।<br>➢ अभिमुखिकरणका लागि लजिस्टिक व्यवस्थापन गर्ने।<br>➢ क्लस्टरमा अभिमुखीकरण गोष्ठी संचालन गरी टीभेट समन्वय समिति गठन गर्ने।<br>➢ प्रतिवेदन तयार गरी सम्प्रेषण गर्ने। |
| संचालन अवधि | पहिलो र दोश्रो त्रैमासिक |

प्रदेश सचिव

घनश्याम भण्डारी

| | |
|---|---|
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानुन अनुसार |
| अनुगमन सूचक | हाजिरी विवरण, अभिमुखीकरण कार्यक्रमका फोटोहरू, सम्पन्न प्रतिवेदन |

२३. **RPL को लागि co-funding गर्ने पालिकाहरू र परीक्षण केन्द्रहरूलाई सीप परीक्षण डाटाबेस व्यवस्थापनमा क्षमता अभिवृद्धि**

| | |
|---|---|
| क्रियाकलाप संकेत: २.७.६.६४ | खर्च शीर्षक: २२५२२ |

| | |
|---|---|
| क्रियाकलाप | RPL को लागि co-funding गर्ने पालिकाहरू र परीक्षण केन्द्रहरूलाई सीप परीक्षण डाटाबेस व्यवस्थापनमा क्षमता अभिवृद्धि |
| पृष्ठभूमि/ परिचय | RPL को लागि co-funding गरेका पालिकाहरूमा सहज रुपमा आवेदन संकलन भई, आवेदकले पेश गरेका दस्तावेजहरूमा कुनै किसिमको सिकायत हुन नदिने र वडाले अधिक भन्दा अधिक आवेदन संकलन गर्नको लागि वडा अध्यक्ष र पालिकाका सम्बद्ध पदाधिकारी तथा कर्मचारीको उपस्थितिमा कम्तिमा १० पालिका स्तरीय रणनैतिक बैठक र अनलाइन डाटा प्रविष्टि गर्न co-funding गरेका पालिकाहरू र सीप परीक्षण केन्द्रका लागि १ दिने क्षमता बिकास संचालन गर्न यो क्रियाकलापको लागि बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | पालिका स्तरमा त्रुटीरहित आवेदन संकलन गर्न सहज र आएका आवेदनहरूको अनलाइन प्रविष्टि गर्न पालिकाहरू र सीप परीक्षण केन्द्रहरूको क्षमता अभिवृद्धि गर्ने |
| अपेक्षित उपलब्धी | कर्णाली प्रदेशमा रहेका कम्तिमा १० वटा co-funding पालिकाहरूले त्रुटीरहित रुपमा सबै क्षेत्रबाट आवेदन संकलन हुनुका साथै सम्बद्ध पालिकाहरू र सीप परीक्षण केन्द्रहरूले सुचारुरुपमा आवेदनहरू अनलाइन डाटाबेसमा प्रविष्ट गरेका हुनेछन |
| कार्यन्वयन गर्ने | PPCU/PPSU, सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | १. RPL का लागि co-funding गर्ने पालिकाका वडा अध्यक्ष लगायतको उपस्थितिमा आवेदन संकलन रणनीति बनाउन पालिकास्तरीय बैठक सञ्चालन गर्ने ।<br>➢ RPL का लागि co-funding गरेका पालिकाहरूसंग बैठकको लागि समन्वय गर्ने।<br>➢ आवेदन संकलन रणनैतिक बैठक संचालन गरी निर्णयानुसारका कार्य गर्ने ।<br>➢ प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्ने |

| | |
|---|---|
| | २. RPL का लागि co-funding गर्ने पालिका र सीप परीक्षण केन्द्रको लागि १ दिने डाटा व्यवस्थापन क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।<br>➢ RPL का लागि co-funding गरेका पालिकाहरू र सीप परीक्षण केन्द्रसंग समन्वय गर्ने ।<br>➢ क्षमता अभिवृद्धि कार्यक्रमको लागि मिति तथा स्थान तय गर्ने ।<br>➢ क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने ।<br>➢ प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्ने । |
| संचालन अवधि | पहिलो, दोश्रो र तेश्रो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानुन अनुसार |
| अनुगमन सूचक | निर्णय, फोटो, सहभागी हाजिरी विवरण, कार्यक्रमको प्रतिवेदन, एन.एस.टि.बी.को डाटाबेस। |

## २४. सीप परीक्षण केन्द्रहरूको सवलीकरण (मानव संसाधन बिकाश, औजार उपकरण आदि साझेदारी सहयोग)/ सीप परीक्षण केन्द्र विस्तार तथा सवलीकरण

| | |
|---|---|
| क्रियाकलाप संकेत: २.७.६.६२ र २.७.२२.२१६९ | खर्च शीर्षक: २२५२२ |

| | |
|---|---|
| क्रियाकलाप | सीप परीक्षण केन्द्रहरूको सवलीकरण (मानव संसाधन विकास, औजार उपकरण आदि साझेदारी सहयोग)/ सीप परीक्षण केन्द्र विस्तार तथा सवलीकरण |
| पृष्ठभूमि/ परिचय | प्रदेश स्तरमा सीप् परीक्षण कार्यलाई सहज र सुलभ बनाउन आवश्यक हुदा हुदै पनि रा.सि.प.स. बाट प्रमाणिकृत सीप परीक्षण केन्द्रको संख्या एकदमै नगन्य अवस्थामा रहेको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, कर्णाली प्रदेशले अन्य भौतिक पूर्वाधार भएका शैक्षिक संस्था र तालिम केन्द्रमा सीप परीक्षण कार्य गर्दै आईरहेको छ। रा.सि.प.स. को सीप परीक्षण मार्गदर्शन अनुसार प्रमाणिकृत सीप परीक्षण केन्द्रहरूलाई सम्पूर्ण सीप परीक्षण प्रशासनिक कार्यहरू गर्ने गरी गुणस्तरीय सीप परीक्षण गर्ने प्रावधान अनुसार यस प्रदेशमा थप प्रमाणिकृत सीप परिक्षण केन्द्र आवश्यक देखिएको छ । रा.सि.प.स. को प्रावधान अनुसार थप सीप परीक्षण केन्द्रलाई तत्काल प्रमाणिकृत गर्न नसकिने अवस्थामा आवश्यक पूर्वाधारमा थप सहयोग पुगेर गुणस्तरीय सीप परीक्षण सेवा दिने उद्देश्य हेतु सामाजिक विकास मन्त्रालयबाट विभिन्न मापदण्डको आधारमा सहयोग गर्ने । |

| | |
|---|---|
| उद्देश्य | कर्णाली प्रदेशमा कम्तिमा पनि ३ वटा सीप परीक्षण केन्द्रहरूलाई प्रमाणिकृत गर्ने अवस्थामा पुऱ्याउन साझेदारीमा आवश्यक सामग्री र औजार उपकरणका लागि सहयोग गर्ने। |
| अपेक्षित उपलब्धी | कर्णाली प्रदेशमा रहेका सीप परीक्षण केन्द्रहरूको सवलीकरण भएको हुनेछ। |
| कार्यन्वयन गर्ने | PPCU/PPSU, सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | ➢ PPCU/STFC को बैठकबाट सहयोग मापदण्ड तथा सहयोग प्रस्ताव आह्वानका लागि निर्णय गर्ने।<br>➢ मापदण्ड तय गरी प्राप्त प्रस्तावका आधारमा सहयोग गर्न परीक्षण केन्द्र छनोट गर्ने र सम्झौता गर्ने।<br>➢ सम्झौता अनुसार सहयोग गर्ने ।<br>➢ सहयोग पश्चात समीक्षा र प्रतिवेदन तयार गर्ने ।<br>आवेदक शैक्षिक संस्था तथा तालिम प्रदायकको लागि आवश्यक न्यूनतम योग्यता यस प्रकार हुनेछ<br>• CTEVT संग आवद्ध सस्था हुनु पर्ने<br>• सीप परीक्षणका लागि सिफारिस भएका विषयहरू संचालन अनुमति प्राप्त भएको हुनु पर्ने<br>• तोकिएबमोजिमको साझेदारी गर्न इच्छुक सीप परीक्षण केन्द्र हुनु पर्ने<br>• सीप परीक्षण कार्य गर्न इच्छुक भएको हुनुपर्ने । |
| संचालन अवधि | दोश्रो र तेश्रो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानुन अनुसार |
| अनुगमन सूचक | प्रतिवेदन, सम्झौता पत्र, बिल भर्पाइहरू, भौतिक सामाग्रीहरू |

**सामाजिक विकास मन्त्रालय (QualiTY) परियोजना अन्तरगतका क्रियाकलापहरु**

२५. टिभेट महाशाखा व्यवस्थापनको लागि आवश्यक सहयोग

| | |
|---|---|
| क्रियाकलाप संकेत नम्बर २.७.८.१७४ | खर्च शिर्षक २२५२२ |
| परिचय | मन्त्रालयमा शैक्षिक विकास महाशाखा अन्तर्गत रहेको प्राविधिक तथा व्यावसायिक शिक्षा शाखालाइ व्यवस्थित् गर्न आवश्यक देखिएको छ । |
| उद्देश्य | सामाजिक विकास मन्त्रालयको शैक्षिक विकास महाशाखा अन्तर्गत प्राविधिक तथा व्यवसायिक शिक्षा शाखालाई साधन श्रोत सहित व्यवस्थित गर्नु । |
| अपेक्षित प्रतिफल | सामाजिक विकास मन्त्रालयको शैक्षिक विकास महाशाखा अन्तर्गत प्राविधिक तथा व्यवसायिक शिक्षा शाखा साधन श्रोत सहित व्यवस्थापन भएको हुनेछ। |

| | |
|---|---|
| कार्यान्वयन गर्ने कार्यालय निकाय | सामाजिक विकास मन्त्रालय<br>PICU-P, PPSU, PICC-P |
| संचालन प्रक्रिया | • शैक्षिक विकास महाशाखाको समन्वयमा TVET सरोकारवालाको बैठक बसी प्राविधिक तथा व्यावसायिक शिक्षा शाखालाइ आवश्यक पर्ने सामग्री पहिचान गर्ने ।<br>• टिभेट शाखालाई आवश्यक पर्ने सामाग्री खरिद गरि व्यवस्थित गर्ने । |
| समयावधि | • पहिलो/दोस्रो/तेस्रो त्रैमासिक |
| बजेट (रु. हजार) | पिएलएमबिआइएस अनुसार |
| सन्दर्भ सामग्री | • कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५<br>• नेपाल सरकार र स्विटजर्ल्याण्ड सरकारबीच भएको परियोजना सम्बन्धि द्विपक्षीय सम्झौता<br>• परियोजनाको बार्षिक कार्ययोजना |

२६.क्षमता अभिवृद्धि तालिम संचालन **PSU संगको सहकार्यमा गर्ने तालिमहरु**

| | |
|---|---|
| क्रियाकलाप संकेत नम्बर २.७.८.१८३ | खर्च शिर्षक २२५२२ |
| परिचय | प्राविधिक तथा व्यवशायिक शिक्षा र तालिमको पहुँच एवं प्रभावकारिता बृद्धि गर्न संघीयताको मर्म अनुसार प्रदेश तथा स्थानीय सरकारको सहकार्यमा प्राविधिक तथा व्यावशायिक शिक्षा र तालिमको गुणात्मक सुधार गर्नका लागि सामाजिक विकास मन्त्रालयका कर्मचारी, स्थानीय तहका कर्मचारी, बिद्यालय/शिक्षालय प्रमुख,कार्यक्रम संयोजक तथा शिक्षक कर्मचारीहरु र अन्य सम्बन्धित निकायका पदाधिकारीहरुको प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम सम्बन्धि तथा आर्थिक व्यवस्थापन जस्ता विषयवस्तुमा क्षमता अभिवृद्धि गर्न आवश्यक देखिन्छ । |
| उद्देश्य | प्राविधिक तथा व्यवशायिक शिक्षा र तालिम, वित्तीय व्यवस्थापन तथा नेतृत्व क्षमता जस्ता पक्षहरुमा सामाजिक विकास मन्त्रालयका कर्मचारी, स्थानीय तहका कर्मचारी, बिद्यालय/शिक्षालय प्रमुख, कार्यक्रम संयोजक तथा शिक्षक, कर्मचारीहरु र अन्य सम्बन्धित निकायका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्ने । |
| अपेक्षित प्रतिफल | मन्त्रालय, स्थानीय तहका कर्मचारी, बिद्यालय/शिक्षालयका कर्मचारीहरु प्राविधिक तथा व्यवशायिक शिक्षा र तालिम सम्बन्धि प्राविधिक ज्ञान, कार्यक्रम कार्यन्वयन तथा व्यवस्थापन, गुणस्तर तथा नेतृत्व क्षमताको विकास हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय निकाय | सामाजिक विकास मन्त्रालय<br>PICU-P, PPSU, PICC-P |

| | |
|---|---|
| संचालन प्रक्रिया | • पिएसयू संगको समन्वयमा प्रदेश परियोजना समन्वय तथा कार्यान्वयन इकाई (PCIU-P) को बैठक बसी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसंग सम्वन्धित तालिम तथा क्षमता अभिवृद्धिका विषयवस्तु छनौट गरी कार्यक्रम संख्या एकिन गर्ने ।<br>• सहभागी छनौट गर्ने र आवश्यकता अनुसार विज्ञलाई बैठकमा आमन्त्रण गर्ने ।<br>• पहिचान गरेको बिषयवस्तुहरुमा तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने ।<br>• प्रतिवेदन तयार गर्ने । |
| समयावधि | पहिलो/दोस्रो/तेस्रो त्रैमासिक |
| बजेट (रु. हजार) | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | • कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका-२०७५<br>• सार्वजनिक खरिद नियमावली<br>• नेपाल सरकार र स्विट्जरल्याण्ड सरकारबीच भएको परियोजना सम्बन्धि द्विपक्षीय सम्झौता<br>• परामर्शदातासंगको सम्झौता |

## २७. प्रादेशिक टिएसएसपी निर्माण, कार्ययोजना तयारी र सरोकारवालाहरुलाई अभिमुखीकरण

| क्रियाकलाप संकेत नम्बर २.७.८.१७१ | खर्च शिर्षक: २२५२२ |
|---|---|
| परिचय | प्रादेशिक TSSP निर्माण कार्यक्रमले प्रदेशस्तरीय प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम (TVET) प्रणालीलाई रणनीतिक रूपमा सुदृढ गर्न, समावेशी र दिगो विकास सुनिश्चित गर्न, तथा स्थानीय आवश्यकता अनुसार योजना निर्माण गर्न सहयोग पुऱ्याउँने भएकोले गत आवमा टिभेट सम्बन्धि रणनैतिक योजना तथा कार्य योजनाको मस्यौदा तयार गरिएको छ। |
| उद्देश्य | • प्रादेशिक टिएसएसपी तथा कार्ययोजनाको अभिमुखिकरण गर्नु । |
| अपेक्षित प्रतिफल | • प्रादेशिक टिएसएसपी तथा कार्ययोजनाको सरोकारवालालाई जानकारी हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय निकाय | • सामाजिक विकास मन्त्रालय<br>• PICU-P, PPSU, PICC-P |

घनश्याम भण्डारी

| | |
|---|---|
| संचालन प्रक्रिया | • गत आवमा तयार गरिएको प्रादेशिक टिएसएसपी तथा कार्य योजनाको मस्यौदामा छलफल गर्ने । <br>• सो मस्यौदा स्वीकृति गर्ने प्रक्रिया अघि बढाउने । <br>• सरोकारवालासमक्ष अभिमुखीकरण गर्ने । |
| समयावधि | पहिलो/दोस्रो/तेस्रो |
| बजेट (रु. हजार) | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | • कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ <br>• नेपाल सरकार र स्विटजर्ल्याण्ड सरकारबीच भएको परियोजना सम्बन्धि द्विपक्षीय सम्झौता <br>• परियोजनाको प्रस्तावना दस्तावेज |

## २८. परियोजनाका विभिन्न समितिहरुको बैठक सञ्चालन

| | |
|---|---|
| क्रियाकलाप संकेत नम्बर २.७.८.१६३ | खर्च शिर्षक: २२५२२ |
| परिचय | परियोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न समन्वय गर्न कार्य सहज बनाउनका लागी विभिन्न समिति र सरोकारवालाहरुसंग समन्वय बैठक बसि निर्णय गर्न आवश्यकता अनुसार बैठक संचालन गरिनेछ । |
| उद्देश्य | समन्वयात्मक रुपमा परियोजनाका क्रियाकलाप सफलतापूर्वक सम्पन्न गर्न मार्गनिर्देश गर्ने । |
| अपेक्षित प्रतिफल | बैठकका निर्णयहरु कार्यान्वयन गरि परियोजनाको अपेक्षित उपलब्धी हासिल भएको हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालय निकाय | सामाजिक विकास मन्त्रालय <br>PICU-P, PPSU, PICC-P |
| संचालन प्रक्रिया | • परियोजना संचालित स्थानीय सरकारका प्रमुख, TVET प्रदायक संस्थाका प्रमुख तथा सम्बन्धित सरोकारवालाहरुसंग समन्वयात्मक बैठक संचालन गर्ने । <br>• परियोजनासंग सम्वन्धीत विभिन्न समितिका बैठक आयोजना गर्ने। <br>• परियोजनासंग सम्बन्धित सबै समितिहरुको आवश्यकतानुसार बैठक आयोजना गर्ने र छलफल गरि आवश्यक निर्णय गर्ने । |
| समयावधि | पहिलो/दोस्रो/तेस्रो/चौथो त्रैमासिक |
| बजेट (रु. हजार) | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | • कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ <br>• नेपाल सरकार र स्विटजरल्याण्ड सरकारबीच भएको परियोजना सम्वन्धि द्विपक्षीय सम्झौता |

| | |
|---|---|
| | • परियोजनाको प्रस्तावना दस्तावेज |

२९. टिभेट शिक्षालयहरुलाई स्तर निर्धारणको लागि सहजीकरण

| | |
|---|---|
| क्रियाकलाप संकेत न २.७.८.१६४ | खर्च शिर्षक: २२५२२ |
| परिचय | प्रदेश अन्तर्गतका प्राविधिक शिक्षालय तथा शिक्षण संस्थाहरुको गुणस्तर सुधार गरि स्तर निर्धारण प्रकृयामा लैजान आवश्यक देखिन्छ । |
| उद्देश्य | गुणस्तरीय प्राविधिक तथा व्यवसायिक शिक्षाका मापदण्ड पुरा गरि स्तर निर्धारण प्रक्रियामा ल्याउनु । |
| अपेक्षित प्रतिफल | मापदण्ड पुगेका प्राविधिक शिक्षालयहरुको स्तर निर्धारण भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय निकाय | सामाजिक विकास मन्त्रालय<br>PICU-P, PPSU, PICC-P, CTEVT |
| संचालन प्रक्रिया | • PSU-F संग समन्वय गर्ने।<br>• CTEVT संग को समन्वय गरि PICU-P बैठक बसी स्तर निर्धारण प्रक्रियाका बारे शिक्षालय प्रमुख तथा कार्यक्रम संयोजकहरुलाइ अभिमुखीकरण कार्यक्रम संचालन गर्ने ।<br>• शिक्षालयहरु बाट प्रस्ताव संकलन गर्ने ।<br>• मन्त्रालय, शिक्षा विकास निर्देशनालय, मानव संसाधन विकास केन्द्र, CTEVT का प्रतिनिधिहरुको समन्वयमा वैठक बसी आवश्यक निर्णय लिने।<br>• NTAB संग समन्वय गर्ने र स्तर निर्धारण प्रक्रिया संचालन गर्न आवश्यक सहयोग पुर्याउने ।<br>• मन्त्रालय, CTEVT बाट संयुक्त रुपमा नियमित अनुगमन तथा सुपरिबेक्षण गर्ने ।<br>• प्रतिवेदन तयार गर्ने । |
| समयावधि | पहिलो/दोस्रो/तेस्रो/चौथो त्रैमासिक |
| बजेट (रु. हजार) | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | • कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५<br>• नेपाल सरकार र स्विटजर्ल्याण्ड सरकारबीच भएको परियोजना सम्वन्धि द्विपक्षीय सम्झौता<br>• सम्झौता पत्र |

सचिव

घनश्याम भण्डारी

## ३०. परियोजना संचालित टिभेट शिक्षण संस्थाहरुको लागि अध्ययन र अवलोकन भ्रमण

| | |
|---|---|
| क्रियाकलाप संकेत नम्बर २.७.८.१६० | खर्च शिर्षक: २२५२२ |
| परिचय | बिश्वब्यापी रुपमा आवश्यकता महसुस गरिएको TVET को व्यवहारिक रुपमा नेपाल सरकार तथा दातृ निकायमार्फत सहयोग भै संचालित TVET क्षेत्रका असल अभ्यासहरू अवलोकनको सिकाइबाट सम्बन्धित कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न र सिकेका राम्रा अभ्यासहरू कर्णाली प्रदेशमा प्रयोगमा ल्याउन आवश्यक देखिन्छ । |
| उद्देश्य | अवलोकन भ्रमणद्वारा हुने सिकाइबाट सम्बन्धित कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने |
| अपेक्षित प्रतिफल | अवलोकन भर्मणद्वारा हुने सिकाइबाट सम्बन्धित कर्मचारीहरुको क्षमता अभिवृद्धि हुनेछ र कर्णाली प्रदेशमा संचालित प्राविधिक तथा व्यवशायिक शिक्षा प्रदायक संस्थाहरुले राम्रा अभ्यासहरुको अनुकरण तथा सुधार गरि प्राविधिक शिक्षाको गुणस्तर सुधारमा सहयोग पुग्ने छ । |
| कार्यान्वयन गर्ने कार्यालय निकाय | सामाजिक विकास मन्त्रालय<br>PICU-P, PPSU, PICC-P |
| संचालन प्रक्रिया | • PCIU-P बैठक बसी भ्रमणको उद्देश्य र भ्रमण गर्ने स्थान तय गर्ने<br>• सामाजिक बिकास मन्त्रालयका सम्वन्धित कर्मचारीहरु, CTEVT प्रदेश कार्यालयका कर्मचारी, परियोजना संचालित सबै TVET प्रदायक संस्थाका प्रमुख /प्रशिक्षकहरुमध्येबाट सहभागी छनोट गर्ने ।<br>• कार्य योजना तयार गर्ने ।<br>• तय गरिएको स्थानहरुमा भ्रमण गर्ने ।<br>• अवलोकन भ्रमणका सिकाईहरुको समिक्षा गर्ने ।<br>• प्रतिवेदन तयार गर्ने । |
| समयावधि | पहिलो/दोस्रो/तेस्रो/चौथो त्रैमासिक |
| बजेट (रु. हजार) | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | • कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५<br>• नेपाल सरकार र स्विटजर्ल्याण्ड सरकारबीच भएको परियोजना सम्बन्धि द्विपक्षीय सम्झौता<br>• सार्बजनिक खरिद नियमावली |

सचिव

घनश्याम भण्डारी
मा. मन्त्री

## ३१. टिभेट शिक्षण संस्थाको संयुक्त अनुगमन तथा सुपरिवेक्षण

| | |
|---|---|
| क्रियाकलाप संकेत नम्बर २.७.८.१८१ | खर्च शिर्षक: २२६११ |
| परिचय | बिद्यालय सुधार योजना कार्यान्वयन, नमुना टिभेट शिक्षण संस्था विकासका लागि सहयोग लगायत टिभेट शिक्षण संस्थाहरुको गुणस्तर सुधारको लागि मन्त्रालयद्वारा नियमित तथा संयुक्त अनुगमन र सुपरिवेक्षण गरिनेछ । |
| उद्देश्य | बिद्यालय सुधार योजना कार्यान्वयन, नमुना टिभेट शिक्षण संस्था विकासका लागि सहयोग लगायत टिभेट शिक्षण संस्थाहरुको नियमित अनुगमन र सुपरिवेक्षण गरि गुणस्तर सुधार गर्न मदत पुर्याउने । |
| अपेक्षित प्रतिफल | बिद्यालय सुधार योजना कार्यान्वयन, नमुना टिभेट शिक्षण संस्था विकासका लागि सहयोग कार्यन्वयन जस्ता क्रियाकलाप प्रभावकारी रुपले सम्पन्न भएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय निकाय | सामाजिक विकास मन्त्रालय<br>PICU-P, PPSU, PICC-P |
| संचालन प्रक्रिया | • PICU-P को बैठक बसी नियमित अनुगमन तथा संयुक्त अनुगमनको लागि योजना तयार गर्ने।<br>• अनुगमन साधन (monitoring tools) निर्माण गर्ने।<br>• अनुगमन योजना अनुसार नियमित तथा संयुक्त अनुगमन संचालन गर्ने।<br>• आवश्यकता अनुसार विद्यालय/शिक्षालयहरुलाइ सल्लाह सुझाब प्रदान गर्ने<br>• प्रत्येक अनुगमनको प्रतिबेदन तयार गर्ने। |
| समयावधि | पहिलो/दोस्रो/तेस्रो/चौथो त्रैमासिक |
| बजेट (रु. हजार) | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | • कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५<br>• नेपाल सरकार र स्विटजर्ल्याण्ड सरकारबीच भएको परियोजना सम्बन्धि द्विपक्षीय सम्झौता<br>• परियोजनाको प्रस्तावना दस्तावेज |

## ३२. टिभेट प्रोफाइल सूचना अध्यावधिक गर्ने

| | |
|---|---|
| क्रियाकलाप संकेत नम्बर २.७.८.१७२ | खर्च शिर्षक: २२५२२ |
| परिचय | प्रादेशिक प्राविधिक तथा व्यवसायिक शिक्षा सम्बन्धि एकिकृत सूचना, तथ्यांकहरुको अभाव रहेको देखिन्छ । कर्णाली प्रदेशमा हालसम्म प्रादेशिक प्राविधिक तथा व्यवसायिक शिक्षासम्बन्धि पार्श्वचित्र मस्यौदाको रुपमा तयार |

| | |
|---|---|
| | भैसकेको छ ।कुनै पनि नीति तथा योजना निर्माण गर्न सूचना तथा तथ्यांक अध्यावधिक गर्न अत्यावश्यक हुने भएकोले मस्यौदा प्रादेशिक टिभेट प्रोफाइल अध्यावधिक गर्न आवश्यक देखिन्छ |
| उद्देश्य | प्रादेशिक प्राविधिक तथा व्यवसायिक शिक्षा सम्बन्धि पार्श्वचित्र अध्यावधिक गर्ने। |
| अपेक्षित प्रतिफल | कर्णाली प्रदेश को प्राविधिक तथा व्यवसायिक शिक्षा सम्बन्धि अध्यावधिक पार्श्वचित्र तयार भएको हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालय निकाय | सामाजिक विकास मन्त्रालय<br>PICU-P, PPSU, PICC-P |
| संचालन प्रक्रिया | • प्रादेशिक प्राविधिक तथा व्यवसायिक शिक्षा सम्बन्धि पार्श्वचित्र अध्यावधिक गर्न प्राविधिक समितको बैठक बसी अध्यावधिक गर्ने प्रकिया निर्धारण गर्ने।<br>• आवश्यकता अनुसार परामर्शदाता छनोट गर्ने।<br>• प्राविधिक तथा व्यवसायिक शिक्षासम्बन्धि सूचना संस्लेषण गरि पार्श्वचित्र अध्यावधिक गरि स्वीकृतिको लागि पेश गर्ने ।<br>• स्वीकृत पार्श्वचित्रको प्रकाशन गर्ने र मन्त्रालयको वेबसाइटमा राख्ने । |
| समयावधि | पहिलो/दोस्रो/तेस्रो/ त्रैमासिक |
| बजेट (रु. हजार) | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | • कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५<br>• नेपाल सरकार र स्विटजर्ल्याण्ड सरकारबीच भएको परियोजना सम्बन्धि द्विपक्षीय सम्झौता<br>• परियोजनाको प्रस्तावना दस्तावेज |

## ३३. शिक्षालय सुधार योजना कार्यान्वयनका लागि सहयोग

| | |
|---|---|
| क्रियाकलाप संकेत नम्बर २.७.८.१६२ | खर्च शिर्षक २५३११ |
| परिचय | परियोजना संचालित शिक्षालय/विद्यालयहरुको गुणस्तर सुधार गर्न शिक्षालय सुधार योजनामा आधारित अनुदान सहयोग उपलब्ध गराउन यो कार्यक्रम तय गरिएको छ । |
| उद्देश्य | शिक्षालय/विद्यालयहरुहरुमा विद्यमान समस्याहरु समाधान गर्न मद्दत गरि शिक्षालय/विद्यालयहरुको गुणस्तर सुधार तथा शिक्षालय सुधार योजना कार्यान्वयनमा सहयोग गर्ने । |
| अपेक्षित प्रतिफल | शिक्षालय/विद्यालयहरुमा विद्यमान समस्याहरु समाधान भइ संस्थाको गुणस्तर सुधारमा सहयोग पुग्नेछ । |
| कार्यान्वयन गर्ने कार्यालय निकाय | सामाजिक विकास मन्त्रालय<br>PICU-P, PPSU, PICC-P |

| | |
|---|---|
| संचालन प्रक्रिया | • PICU-P को बैठक बसी अनुदान उपलब्ध गराउने प्रक्रिया (मोडालिटी) तय गर्ने।<br>• अनुदान रकम उपलब्ध गराउन सम्बन्धित शिक्षालय/विद्यालयहरुलाई सूचना गरि प्रस्ताव संकलन गर्ने,<br>• बिद्यालयसंग शिक्षालय सुधार योजना सहयोग सम्बन्धि सम्झौता गर्ने,<br>• सम्झौता बमोजिम अनुदान रकम उपलब्ध गराउने,<br>• विद्यालयहरुलाई खर्च प्रक्रिया, अभिलेख र भुक्तानी प्रक्रिया सम्बन्धी अभिमुखीकरण संचालन गर्ने,<br>• कार्यक्रम संचालनको क्रममा नियमित अनुगमन गर्ने,<br>• विद्यालयबाट सहयोग पहिले र सहयोग पछीको अवस्था झल्किने फोटो तथा भिडियो निर्माण गर्ने,<br>• विद्यालय शिक्षालयहरुको स्तर अभिवृद्धि हुने गरी क्रियाकलाप सञ्चालन गर्ने।<br>• विद्यालयगत प्रतिवेदन तयार गर्ने। |
| समयावधि | पहिलो/दोस्रो/तेस्रो/चौथो त्रैमासिक |
| बजेट (रु. हजार) | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | • कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५<br>• नेपाल सरकार र स्विटजर्ल्याण्ड सरकारबीच भएको परियोजना सम्बन्धि द्विपक्षीय सम्झौता |

३४. छनौट गरिएका शिक्षण संस्थाहरुको छात्रवृत्ति निर्देशिका परिमार्जन तथा निर्माणको लागि सहजीकरण

| | |
|---|---|
| क्रियाकलाप संकेत नम्बर २.७.८.१५४ | खर्च शिर्षक: २२५२२ |
| परिचय | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थाहरुमा समावेशिता, दिगोपना तथा गुणात्मक शिक्षामा सबैको पहुच सुनिश्चित गर्न शिक्षण संस्थाहरुको छात्रवृत्ति निर्देशिका परिमार्जन तथा निर्माण गर्न आवश्यक छ । |
| उद्देश्य | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम प्रदायक संस्थाहरुमा शिक्षण संस्थाहरुको छात्रवृत्ति निर्देशिका परिमार्जन तथा निर्माण गर्ने । |
| अपेक्षित प्रतिफल | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम प्रदायक संस्थाहरुमा शिक्षण संस्थाहरुको छात्रवृत्ति निर्देशिका तयार भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय निकाय | सामाजिक विकास मन्त्रालय<br>PICU-P, PPSU, PICC-P,<br>सम्बन्धित संस्थाहरु, स्थानीय सरकार , प्राविधिक शिक्षालय/ विद्यालय |

| | |
|---|---|
| संचालन प्रक्रिया | • छात्रवृत्ति निर्देशिका परिमार्जन तथा निर्माण गर्न वि.व्य.स. अध्यक्ष, प्र.अ. र स्थानीय शिक्षा शाखा प्रमुखको सहभागितामा कार्यशाला आयोजना गर्ने,<br>• परियोजना संचालित सबै बिद्यालयहरुले परिमार्जित छात्रवृत्ति निर्देशिकाको स्वीकृत प्रति स्थानीय तह र मन्त्रालयमा पेश गर्ने,<br>• कार्यक्रमको प्रतिवेदन तयार गर्ने। |
| समयावधि | पहिलो/दोस्रो/तेस्रो/चौथो त्रैमासिक |
| बजेट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | • कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५<br>• नेपाल सरकार र स्विटजर्ल्याण्ड सरकारबीच भएको परियोजना सम्बन्धि द्विपक्षीय सम्झौता<br>• परियोजनाको प्रस्तावना दस्तावेज |

**३५.टिभेट शिक्षालयहरुमा रहेका GESI फोकल पर्सनको क्षमता अभिवृद्धि**

| | |
|---|---|
| क्रियाकलाप संकेत नम्बर २.७.८.१५३ | खर्च शिर्षक: २२५२२ |
| परिचय | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थाहरुमा शिक्षण संस्थामा समावेशिता, दिगोपना तथा गुणात्मक सुधार ल्याउन GESI सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि गर्न आवश्यक देखिन्छ । |
| उद्देश्य | प्राविधिक तथा ब्यावसायिक शिक्षा र तालीम प्रदायक संस्थाहरुमा शिक्षण संस्थाहरुलाई GESI सम्बन्धी क्षमता अभिवृद्धि गर्ने । |
| अपेक्षित प्रतिफल | प्राविधिक तथा ब्यावसायिक शिक्षा र तालीम प्रदायक शिक्षण संस्थाहरुका GESI सम्पर्क व्यक्तिहरुको क्षमता अभिवृद्धि भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय निकाय तथा समन्वय | सामाजिक विकास मन्त्रालय<br>PICU-P, PPSU, PICC-P, TVET Institutions<br>सम्बन्धित संस्थाहरु, स्थानीय सरकार |
| संचालन प्रक्रिया | • समन्वय बैठक बसी तालिम कार्ययोजना निर्माण गर्ने र GESI सम्बन्धी सम्पर्क व्यक्तिहरुको लागि सूची तयार गरि तालिममा आमन्त्रण गर्ने,<br>• विद्यालय र शिक्षालयले GESI सम्बन्धी गरेका क्रियाकलापहरुको प्रतिवेदन सहित तालिममा सहभागी हुने व्यवस्था गर्ने,<br>• GESI सम्बन्धी तालिमको संचालन गर्ने,<br>• कार्यक्रमको प्रतिवेदन तयार गर्ने, |
| समयावधि | पहिलो/दोस्रो/तेस्रो/चौथो त्रैमासिक |
| बजेट | PLMBIS अनुसार |

घनश्याम भण्डारी

| | |
|---|---|
| सन्दर्भ सामग्री | • कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५<br>• नेपाल सरकार र स्विटजर्ल्याण्ड सरकारबीच भएको परियोजना सम्बन्धि द्विपक्षीय सम्झौता<br>• परियोजनाको प्रस्तावना दस्तावेज |

३६. टिभेट विद्यालयहरुलाई संचार योजना निर्माणका लागि क्षमता अभिवृद्धि

| | |
|---|---|
| क्रियाकलाप संकेत नम्बर २.७.८.१५८ | खर्च शिर्षक: २२५२२ |
| परिचय | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थाहरुमा शिक्षण संस्थामा समावेशिता, दिगोपना तथा गुणात्मक सुधार ल्याउन संचार रणनीति तयार गर्न आवश्यक देखिन्छ । |
| उद्देश्य | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम प्रदायक संस्थाहरुमा शिक्षण संस्थाहरुलाई संचार रणनीति तयार तथा अध्यावधिक गर्ने । |
| अपेक्षित प्रतिफल | प्राविधिक तथा ब्यावसायिक शिक्षा र तालीम प्रदायक संस्थाहरुमा शिक्षण संस्थाहरुलाई संचार रणनीति तयार भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय निकाय | सामाजिक विकास मन्त्रालय<br>PICU-P, PPSU, PICC-P,<br>सम्बन्धित संस्थाहरु, स्थानीय सरकार |
| संचालन प्रक्रिया | • समन्वय बैठक बसि तालिम कार्ययोजना निर्माण गर्ने,<br>• संचार रणनीति सम्वन्धी तालिमको संचालन गर्ने ।<br>• कार्यक्रमको प्रतिवेदन तयार गर्ने । |
| समयावधि | पहिलो/दोस्रो/तेस्रो/चौथो त्रैमासिक |
| बजेट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | • कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५<br>• नेपाल सरकार र स्विट्जरल्याण्ड सरकारबीच भएको परियोजना सम्बन्धि द्विपक्षीय सम्झौता<br>• परियोजनाको प्रस्तावना दस्तावेज |

३७. नमुना टिभेट शिक्षण संस्था विकासका लागि सहयोग

| | |
|---|---|
| क्रियाकलाप संकेत नम्बर २.७.८.१८४ | खर्च शिर्षक २५३११ |
| परिचय | प्राविधिक शिक्षाको ल्याब, कार्यशाला, शिक्षण सामग्री, शिक्षण योजना, प्रविधि, औजार उपकरण, क्षमता अभिबृद्दी आदि पक्षहरुमा |

| | |
|---|---|
| | सुधार ल्याई विद्यालय/शिक्षालयको गुणस्तर सुधार गर्न अत्यावश्यक देखिन्छ । |
| उद्देश्य | प्राविधिक शिक्षालय/विद्यालयलाइ नमुना शिक्षालय संस्थाको रुपमा विकास गर्न सहयोग पुर्याउनु । |
| अपेक्षित प्रतिफल | प्राविधिक शिक्षालय/विद्यालयलाइ नमुना शिक्षालय संस्थाको रुपमा विकास गर्न सहयोग पुगेको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय निकाय | सामाजिक विकास मन्त्रालय<br>PICU-P, PPSU, PICC-P |
| संचालन प्रक्रिया | • PICU-P को बैठक बसी  नमुना शिक्षण संस्था विकासका लागि अनुदान उपलब्ध गराउने प्रक्रिया (मोडालिटी) तय गर्ने,<br>• प्रदेशमा २ वटा नमुना शिक्षण संस्थाको रुपमा स्थापित गर्न मापदण्ड बनाइ छनोट गर्ने,<br>• अनुदान रकम उपलब्ध गराउन सम्बन्धित शिक्षण-संस्थालाई सूचना गरि प्रस्ताव संकलन गर्ने,<br>• बिद्यालयसंग नमुना शिक्षण संस्था बिकास सहयोग सम्बन्धि सम्झौता गर्ने,<br>• तय गरिएको प्रकिया बमोजिम अनुदान रकम उपलब्ध गराउने,<br>• विद्यालयहरुलाई खर्च प्रकिया, अभिलेख र भुक्तानी प्रक्रिया सम्बन्धी अभिमुखीकरण संचालन गर्ने,<br>• कार्यक्रम संचालनको क्रममा नियमित अनुगमन गर्ने,<br>• विद्यालयबाट सहयोग पहिले र सहयोग पछीको अवस्था झल्किने फोटो तथा भीडियो डकुमेन्ट्री तयार गर्ने,<br>• यस कार्यक्रमको प्रतिवेदन तयार गर्ने, |
| समयावधि | पहिलो/दोस्रो/तेस्रो/चौथो त्रैमासिक |
| बजेट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | • कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५<br>• नेपाल सरकार र स्विट्जरल्याण्ड सरकारबीच भएको परियोजना सम्बन्धि द्विपक्षीय सम्झौता<br>• परियोजनाको प्रस्तावना दस्तावेज |

सचिव

घनश्याम भण्डारी

### ३८. प्रधानाध्यापक/शिक्षालय प्रमुखहरूको लागि टिभेट व्यवस्थापन तालिम (रिफ्रेसर तालिम)

| | |
|---|---|
| क्रियाकलाप संकेत नम्बर २.७.८.१५९ | खर्च शिर्षक: [illegible]१ |
| परिचय | शिक्षालय प्रमुखहरूको नेतृत्व क्षमता, व्यवस्थापन दक्षता र प्राविधिक तथा व्यवसायिक शिक्षा प्रणालीप्रति बुझाई अभिवृद्धि गर्न यो तालिम संचालन गरिने छ। जस अन्तर्गत सिकाइ प्रक्रियामा व्यवस्थापन प्रणाली, शिक्षण सिकाइ प्रक्रियालाइ प्रभावकारी र गुणस्तरिय बनाउन यो कार्यक्रम उपयोगी हुनेछ । |
| उद्देश्य | शिक्षालय प्रमुखहरूको नेतृत्व क्षमता, व्यवस्थापन दक्षता र प्राविधिक तथा व्यवसायिक शिक्षा प्रणालीप्रति बुझाई अभिवृद्धि गर्न मदत पुर्याउनु । |
| अपेक्षित प्रतिफल | शिक्षालय प्रमुखहरूको नेतृत्व क्षमता, व्यवस्थापन दक्षता र प्राविधिक तथा व्यवसायिक शिक्षा प्रणालीप्रति बुझाई, प्रशिक्षण तथा सिकाइ कार्यमा प्रभावकारिता आएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय निकाय तथा समन्वय | सामाजिक विकास मन्त्रालय,<br>PICU-P |
| संचालन प्रक्रिया | • समन्वय बैठक बसि तालिम संचालन कार्ययोजना निर्माण गर्ने,<br>• कार्ययोजना बमोजिम तालिम संचालन गर्ने,<br>• कार्यक्रमको प्रतिवेदन तयार गर्ने, |
| समयावधि | दोस्रो/तेस्रो/चौथो त्रैमासिक |
| बजेट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | • कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका-२०७५<br>• नेपाल सरकार र स्विट्जरल्याण्ड सरकारबीच भएको परियोजना सम्बन्धि द्विपक्षीय सम्झौता<br>• परियोजनाको प्रस्तावना दस्तावेज |

### ३९. पालिका प्रमुखहरुको सहभागितामा टिभेट सम्बन्धि समिक्षा

| | |
|---|---|
| क्रियाकलाप संकेत नम्बर २.७.८.१७७ | खर्च शिर्षक: २२५२२ |
| परिचय | TVET समिक्षा कार्यक्रममा स्थानीय सरकारका प्रमुखहरूको सक्रिय सहभागितामा आयोजना गरिने समीक्षा बैठकमा प्राविधिक तथा व्यवसायिक शिक्षा तालिम (TVET) क्षेत्रको वर्तमान अवस्था, चुनौती, उपलब्धि र सुधारका सम्भावनाहरूको मूल्यांकन गर्नु हो। यसले नीति निर्माण, कार्यान्वयन, साझेदारी र स्रोत परिचालनमा स्थानीय नेतृत्वको भूमिका सशक्त बनाउँन उपयोगी हुनेछ। |

| | |
|---|---|
| उद्देश्य | TVET क्षेत्रको वर्तमान अवस्था, चुनौती र सुधार सम्भावनाहरूको समग्र मूल्यांकन गर्दै कार्यान्वयनमा स्थानीय स्वामित्व र प्रतिबद्धता सुनिश्चित गरेर शिक्षालयको प्राविधिक तथा व्यवसायिक शिक्षाको गुणस्तर सुधार गर्न मदत पुर्याउनु। |
| अपेक्षित प्रतिफल | TVET क्षेत्रको यथार्थ मूल्यांकन र सुधारका लागि स्थानिय सरकारको अपनत्व बिकास Green TVET र Matching fund जस्ता विषयमा साझा दृष्टिकोण विकास भई संस्थागत समन्वय र साझेदारीबाट प्राविधिक तथा व्यवसायिक शिक्षा प्रणालीको गुणस्तरमा सुधार आएको हुनेछ । |
| कार्यान्वियन गर्ने कार्यालय निकाय | सामाजिक विकास मन्त्रालय<br>PICU-P, PPSU, |
| संचालन प्रक्रिया | • समन्वय बैठक बसि कार्यशाला संचालन कार्ययोजना निर्माण गर्ने,<br>• कार्ययोजना बमोजिम कार्यशाला संचालन गर्ने,<br>• कार्यक्रमको प्रतिवेदन तयार गर्ने,<br>• कार्यशालाबाट प्राप्त भएका निश्कर्षहरुलाई कार्यान्वयनका लागि सरोकारवाला निकाय समक्ष पेश गर्ने। |
| समयावधि | दोस्रो/तेस्रो/चौथो त्रैमासिक |
| बजेट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | • कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका-२०७५<br>• नेपाल सरकार र स्विट्जरल्याण्ड सरकारबीच भएको परियोजना सम्बन्धि द्विपक्षीय सम्झौता<br>• परियोजनाको प्रस्तावना दस्तावेज |

### ४०. स्थानीय तहमा शिक्षा शाखा प्रमुखहरुको लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम व्यवस्थापन सम्बन्धि क्षमता अभिबृद्धि कार्यक्रम

| | |
|---|---|
| क्रियाकलाप संकेत नम्बर २.७.८.१६१ | खर्च शिर्षक: २२५२२ |
| परिचय | स्थानीय तहका शिक्षा शाखा प्रमुखहरूको लागि आयोजित यो क्षमता अभिवृद्धि कार्यक्रम गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम (TVET) व्यवस्थापनमा दक्षता विकास गर्न यो कार्यक्रम संचालन गरिनेछ। यो कार्यक्रम नीति, योजना, कार्यान्वयन र अनुगमनमा स्थानीय नेतृत्वको भूमिका सशक्त बनाउन उपयोगी हुनेछ |
| उद्देश्य | स्थानीय तहमा TVET प्रणालीको प्रभावकारी व्यवस्थापनका लागि शिक्षा शाखा प्रमुखहरूको नेतृत्व क्षमता, योजना निर्माण, अनुगमन तथा समन्वय दक्षता अभिवृद्धि गरि शिक्षालयको प्राविधिक तथा व्यवसायिक शिक्षा प्रणाली प्रबर्दन गर्न मदत पुर्याउने |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | शिक्षा शाखा प्रमुखहरूको नेतृत्व क्षमता, स्थानीय सन्दर्भअनुसार TVET योजना निर्माण, अनुगमन तथा समन्वयमा दक्षता विकास गर्दै गुणस्तरीय प्राविधिक शिक्षाको प्रवर्द्धन गर्ने संस्थागत समन्वय र साझेदारीबाट प्राविधिक तथा व्यवसायिक शिक्षा प्रणालीमा प्रभावकारिता आइ गुणस्तर सुधार हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय निकाय | सामाजिक विकास मन्त्रालय,<br>PICU-P, PPSU |
| संचालन प्रक्रिया | • समन्वय बैठक बसि कार्यशाला संचालन कार्ययोजना निर्माण गर्ने,<br>• कार्ययोजना बमोजिम कार्यशाला संचालन गर्ने,<br>• कार्यक्रमको प्रतिवेदन तयार गर्ने। |
| समयावधि | दोस्रो/तेस्रो/चौथो त्रैमासिक |
| बजेट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | • कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका-२०७५<br>• नेपाल सरकार र स्विट्जरल्याण्ड सरकारबीच भएको परियोजना सम्बन्धि द्विपक्षीय सम्झौता<br>• परियोजनाको प्रस्तावना दस्तावेज |

४१. **मन्त्रालय अन्तर्गतका कर्मचारीहरुको PSU तथा अन्य संघीय निकायद्वारा आयोजित तालिम तथा गोष्ठीहरुमा सहभागिता खर्च**

| | |
|---|---|
| क्रियाकलाप संकेत नम्बर २.७.८.१७५ | खर्च शिर्षक: २२५२२ |
| परिचय | मन्त्रालय तथा अन्तरगतका कर्मचारीहरूको कार्यसम्पादन दक्षता, नीति समझदारी र सेवा प्रभावकारिता अभिवृद्धि गर्न संघीय, प्रादेशिक तथा अन्य निकायद्वारा विभिन्न तालिम, गोष्ठी, कार्यशाला, अनुगमन भ्रमण कार्यक्रम आयोजना गरिन्छ। यो कार्यक्रमवाट नीति/योजना निर्माण कार्यान्वयन र अनुगमनलाइ प्रभावकारी बनाउन उपयोगी हुन्छ। |
| उद्देश्य | कर्मचारीको ज्ञान, सीप, नेतृत्व क्षमता र नीति कार्यान्वयन दक्षता अभिवृद्धि गर्दै सेवा प्रवाहमा सुधार ल्याउन मदत पुर्याउने । |
| अपेक्षित प्रतिफल | कर्मचारीहरूले क्षमता अभिबृद्दि भइ कार्यसम्पादन दक्षता, नीति समझदारी र सेवा प्रवाह सुधार हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय निकाय | सामाजिक विकास मन्त्रालय<br>PSU, PCIU |
| संचालन प्रक्रिया | • आवश्यकता अनुसार संघीय, प्रादेशिक तथा अन्य निकायद्वारा आयोजित विभिन्न तालिम, गोष्ठी, कार्यशाला, अनुगमन भ्रमण कार्यक्रममा सहभागी हुने, |

| | |
|---|---|
| | • टिबेटसंग सम्बन्धित विभिन्न कार्यक्रमको योजना निर्माण, कार्यान्वयन तथा अनुगमन सम्बन्धमा सरोकारवाला निकायमा समन्वय गर्न सहभागी हुने,<br>• विद्यालय तथा शिक्षालयहरुको कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा अनुगमन गर्ने,<br>• कार्यक्रममा सहभागी हुँदाको यातायात तथा दैनिक भ्रमण खर्च उपलब्ध गराउने,<br>• यस कार्यक्रमबाट आवश्यकता अनुसार मन्त्रालय तथा सरोकारवाला निकायका कर्मचारीहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न सकिनेछ। |
| समयावधि | दोस्रो/तेस्रो/चौथो त्रैमासिक |
| बजेट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | • कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका-२०७५<br>• नेपाल सरकार र स्विट्जरल्याण्ड सरकारबीच भएको परियोजना सम्बन्धि द्विपक्षीय सम्झौता<br>• परियोजनाको प्रस्तावना दस्तावेज |

## ४२. प्रदेश सरकारको एकिकृत छात्रवृत्तिबाट अध्ययन पुरा गरेका विद्यार्थीलाई परिचालन तथा पारिश्रमिक व्यवस्थापन

| क्रियाकलाप संकेत: २.७.१३.३५३ | खर्च शिर्षक: २२५२२ |
|---|---|

| | |
|---|---|
| परिचय | सामाजिक विकास मन्त्रालयले विगतमा उच्च शिक्षा प्राविधिक छात्रवृत्ति कार्यक्रम अन्तरगत स्नातक तहका प्राविधिक बिषयमा विद्यार्थीहरुलाइ छात्रवृत्ति दिने कार्यक्रम सञ्चालन गरेको थियो ।उक्त छात्रवृत्री प्रदान गर्दा विद्यार्थीहरुसंग सम्झौता गरी आवश्यकताअनुसार प्रदेश सरकारले खटाएको क्षेत्रमा कार्य गर्ने व्यवस्था भएअनुसार अध्ययन पूरा गरेका विद्यार्थीहरुलाइ प्रदेशमा सेवा गर्न यो कार्यक्रम सञ्चालन गरिएको हो । |
| उद्देश्य | प्रदेश सरकारको एकिकृत छात्रवृत्तिबाट अध्ययन पुरा गरेका विद्यार्थीलाई परिचालन तथा पारिश्रमिक व्यवस्थापन गर्नु । |
| अपेक्षित प्रतिफल | प्रदेश सरकारको एकिकृत छात्रवृत्तिबाट अध्ययन पुरा गरेका विद्यार्थीलाई प्रदेशले खटाएको क्षेत्रमा परिचालन हुने । |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • शिक्षा विकास निर्देशनालयबाट उच्चशिक्षा प्राविधिक छात्रवृत्ति प्राप्त गरी स्नातक तहको अध्ययन पूरा गरेका विद्यार्थीहरुबाट काम गर्न इच्छुक भएको निवेदन |

| | |
|---|---|
| | प्राप्त भएमा मन्त्रालयले उक्त जनशक्तिको आवश्यकता ठानेमा १ वर्ष यस कार्यक्रम अन्तरगत सेवा गर्न करार सम्झौता गर्ने,<br>• मन्त्रालयले आवश्यकता बमोजिम कार्यक्षेत्रमा खटाउने। |
| सञ्चालन अवधि | प्रथम, दोश्रो र तेश्रो चौमासिक भित्र |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानुन अनुसार |
| अनुगमन सूचक | निर्णयहरु |

## ४३. अन्तराष्ट्रिय तथा राष्ट्रिय स्तरका शैक्षिक सभा सम्मेलन कार्यशाला बैठक अन्तरक्रिया सञ्चालन साझेदारी कार्यक्रम

| क्रियाकलाप संकेतः २.७.१३.३६० | खर्च शिर्षकः २२५२२ |
|---|---|

| | |
|---|---|
| परिचय | शिक्षा क्षेत्रमा क्रियाशिल सरकारी, गैरसरकारी, निजि लगायत विभिन्न संघसंस्थाहरुसंगको सहकार्य तथा साझेदारीमा अन्तराष्ट्रिय तथा राष्ट्रिय स्तरका शैक्षिक सभा सम्मेलन कार्यशाला बैठक अन्तरक्रिया सञ्चालन तथा अध्ययन अनुसन्धानात्मक जर्नल प्रकाशन गर्नका लागि तयार गरिएको कार्यक्रम हो । |
| उद्देश्य | कर्णाली प्रदेशमा शैक्षिक सवालमा अन्तराष्ट्रिय तथा राष्ट्रिय स्तरका शैक्षिक सभा सम्मेलन कार्यशाला बैठक अन्तरक्रिया तथा अध्ययन अनुसन्धानात्मक जर्नल प्रकाशन कार्यक्रमहरु शिक्षाक्षेत्रमा क्रियाशिल सरकारी, गैरसरकारी, निजि लगायत विभिन्न संघसंस्थाहरुसंगको सहकार्य तथा साझेदारीमा सञ्चालन गर्न सहयोग गर्ने। |
| अपेक्षित प्रतिफल | शिक्षा क्षेत्रमा क्रियाशिल सरकारी, गैरसरकारी, निजि लगायत विभिन्न संघसंस्थाहरुसंगको सहकार्य तथा साझेदारीमा अन्तराष्ट्रिय तथा राष्ट्रिय स्तरका शैक्षिक सभा सम्मेलन कार्यशाला बैठक अन्तरक्रिया तथा अध्ययन अनुसन्धानात्मक जर्नल प्रकाशन कार्यक्रम सञ्चालन हुनेछन । |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय तथा साझेदार निकायहरु |
| सञ्चालन प्रक्रिया | • साझेदारीमा कार्यक्रम गर्नका लागि सम्बन्धित संस्थाबाट कार्यक्रम सञ्चालन योजना सहितको अनुरोध पत्र प्राप्त भएमा उक्त कार्यक्रमको आवश्यकताको आधारमा बढिमा ३ लाख रकमसम्म साझेदारी गर्न मन्त्रालयले निर्णय गर्ने।<br>• मन्त्रालयको निर्णय बमोजिम साझेदार निकायसंग सम्झौता गर्ने र कार्यक्रम सञ्चालन गर्ने। |

| | |
|---|---|
| | • साझेदार निकायले रकम मागको लागि कार्यक्रम सम्पन्न प्रतिवेदन मन्त्रालयमा पेश गर्ने । <br>• निर्णय भए बमोजिमको रकम विल भरपाइको आधारमा रकम निकाशा गर्ने। <br>• साझेदार निकायले कार्यक्रमको विस्तृत प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने अवधि | प्रथम, दोश्रो र तेश्रो चौमासिक भित्र |
| बजेट बाँडफाँड | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ आदि । |
| अनुगमन सूचक | सुचना, सामग्री खरिद सम्झौता, निर्णयहरु कार्यक्रम सम्पन्न प्रतिवेदन, फोटोहरु |

## ४४. पुस्तकालय स्थापना, संचालन तथा व्यवस्थापन कार्यक्रम

| क्रियाकलाप संकेत: २.७.२५.५६४ | खर्च शिर्षक: २२५२२ |
|---|---|
| परिचय | सामाजिक विकास मन्त्रालयमा पुस्तकालयको स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि यो कार्यक्रम तय गरिएको हो । |
| उद्देश्य | मन्त्रालयमा पुस्तकालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्नु। |
| अपेक्षित प्रतिफल | मन्त्रालयमा पुस्तकालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन भएको हुनेछ। |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय । |
| सञ्चालन प्रकृया | • सामाजिक विकास मन्त्रालयमा पुस्तकालय स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने। <br>• जनशक्ति व्यवस्थापन गर्ने। <br>• सामाजिक विकास मन्त्रालय अर्न्तगत रहेका सबै कार्यालयहरूको हालसम्मका बार्षिक प्रतिवेदनहरू, प्रकाशित सामाग्रीहरू, <br>• मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित नीति, कानून, कार्यविधि, निर्देशिका, स्वास्थ्य, शिक्षा, सामाजिक क्षेत्रमा गरिएको अनुसन्धान प्रतिवेदनहरू, नेपाल राजपत्र, प्रदेश राजपत्रहरूको संकलन तथा संग्रह गरी व्यवस्थित गर्ने। <br>• आवश्यक फर्निचर तथा पुस्तकहरू व्यवस्थापन गर्ने। |
| सञ्चालन अवधि | प्रथम, दोश्रो र तेश्रो चौमासिक भित्र |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानुन अनुसार |

घनश्याम भण्डारी

| | |
|---|---|
| अनुगमन सूचक | पुस्तकहरूको अभिलेख पुस्तिका के.सी. बमोजिमका पुस्तकहरू, जनशक्ति, निर्णय, फोटोहरु |

## ४५. विपद् व्यवस्थापनका लागि क्रियाशिल शिक्षा समूहको बैठक सञ्चालन

| | |
|---|---|
| क्रियाकलाप संकेतः २.७.१३.३५७ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेशको विपद व्यवस्थापनका लागि शिक्षा समूह क्रियाशिल रहेको छ । उक्त समूहको बैठक सञ्चालन नियमित रुपमा सञ्चालन भै विपद पूर्व तयारी तथा प्रतिकार्य लगायतका विपद व्यवस्थापनका कार्यक्रम सञ्चालन हुने गर्दछन् । |
| उद्देश्य | विपद् व्यवस्थापनका लागि क्रियाशिल शिक्षा समूहको बैठक सञ्चालन तथा व्यवस्थापन गर्नु |
| अपेक्षित प्रतिफल | विपद् व्यवस्थापनका लागि क्रियाशिल शिक्षा समूहको बैठक सञ्चालन तथा व्यवस्थापन हुनेछ । |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • आवश्यकता अनुसार विपद् व्यवस्थापनका लागि क्रियाशिल शिक्षा समूहको बैठक सञ्चालन गर्ने ।<br>• बैठक सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बैठक भत्ता, दैनिक भ्रमण भत्ता खाजा तथा खाना आदिमा खर्च गर्ने ।<br>• बैठक व्यवस्थापनका लागि आवश्यक मसलन्द समेत व्यवस्था गर्न सकिनेछ। |
| सञ्चालन अवधि | आबश्यकता अनुसार |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानुन अनुसार |
| अनुगमन सूचक | बैठक निर्णयहरु |

## ४६. जिल्ला तथा स्थानीय तह स्तरीय शैक्षिक कार्यक्रम सञ्चालनका लागि स्थलगत प्राविधिक सहायता

| | |
|---|---|
| क्रियाकलाप संकेतः २.७.१३.३५८ | खर्च शिर्षकः २२५२२ |
| परिचय | यो कार्यक्रम जिल्ला तथा पालिकास्तरमा प्रभावकारी रुपले शैक्षिक कार्यक्रम संचालन गर्न स्थलगत प्राविधिक सहायता / अनुगमन कार्यक्रम (Technical Backstopping) हो । जसको कारण शिक्षा क्षेत्रमा कार्यान्वयन भएका कार्यक्रमको अवस्थाको जानकारी लिन, योजना निर्माणको लागि आवश्यक तथ्याङ्कलाई विश्वसनीय, भरपर्दो र थप प्रभावकारी बनाउन उपलब्ध कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि संचालित कार्यक्रम हो। |
| उद्देश्य | जिल्ला तथा पालिकास्तरमा संचालित शैक्षिक कार्यक्रमहरुको अनुगमन गर्ने तथा आवश्यक प्राविधिक सहायता उपलब्ध गराउने । |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | जिल्ला तथा पालिकास्तरमा सञ्चालित शैक्षिक कार्यक्रमहरुको अनुगमन तथा आवश्यक प्राविधिक सहायता उपलब्ध भएको हुनेछ । |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • अनुगमन योजना तथा साधन निर्माण गर्ने ।<br>• योजना अनुसार स्थलगत अनुगमन कार्यक्रम संचालन गर्ने।<br>• आवश्यकता अनुसार विकास साझेदार संघसंस्थासंग सहकार्य तथा समन्वय गर्न सकिनेछ ।<br>• अनुगमन प्रतिवेदन तयार गरी पेश गर्ने । |
| सञ्चालन अवधि | आवश्यक्ता अनुसार |
| बजेट बाँडफाट | PLMBIS अनुसार । |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियमहरु |
| अनुगमन सूचक | सहभागि उपस्थिति, भ्रमण प्रतिबेदन फोटो |

**४७. क्रियाकलाप: प्रदेश भित्र रहेका क्याम्पसका क्याम्पस प्रमुख र व्यवस्थापन समितिका अध्यक्षको कार्यशाला गोष्ठी सञ्चालन**

| | |
|---|---|
| क्रियाकलाप संकेत: २.७.२२.२१७० | खर्च शिर्षक: २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा रहेका क्याम्पसका क्याम्पस प्रमुख र व्यवस्थापन समितिका अध्यक्षको कार्यशाला गोष्ठी सञ्चालन गर्न यो कार्यक्रम तय गरिएको हो। |
| उद्देश्य | कर्णाली प्रदेशमा रहेका क्याम्पसका क्याम्पस प्रमुख र व्यवस्थापन समितिका अध्यक्षको कार्यशाला गोष्ठी सञ्चालन गर्नु। |
| अपेक्षित उपलब्धी | कर्णाली प्रदेशमा रहेका क्याम्पसका क्याम्पस प्रमुख र व्यवस्थापन समितिका अध्यक्षको कार्यशाला गोष्ठी सञ्चालन हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • बजेटको परिधिभित्र रहि कार्यशाला सञ्चालन योजना बनाउने<br>• योजना अनुसार गोष्ठी सञ्चालन गर्ने।<br>• प्रतिवेदन तयार गर्ने । |

| | |
|---|---|
| सञ्चालन अवधि | दोस्रो चौमासिक |
| बजेट | PLMBIS अनुसार । |
| प्रगति सूचक | फोटो, सहभागी हाजिरी विवरण प्रतिवेदन |

## ४८. कर्णाली शिक्षापत्र प्रकाशन

| | |
|---|---|
| क्रियाकलाप संकेत नं. २.७.१३.३९९ | खर्च शिर्षक: २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशको शिक्षाको अवस्था तथा अनुसन्धानात्मक लेख रचना समेटी शिक्षा क्षेत्रमा क्रियाशिल शिक्षा पत्रकार समूहसँगको साझेदारीमा कर्णाली शिक्षापत्र प्रकाशन गर्न यो कार्यक्रम राखिएको हो। |
| उदेश्य | कर्णाली शिक्षापत्र प्रकासन गर्नु । |
| अपेक्षित प्रतिफल | कर्णाली शिक्षापत्र प्रकासन भएको हुने । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय, शिक्षा पत्रकार समूह |
| सञ्चालन प्रक्रिया | • साझेदारीमा कार्यक्रम गर्नका लागि सम्बन्धित संस्थाबाट कार्यक्रम सञ्चालन योजना सहितको अनुरोध पत्र प्राप्त भएमा उक्त कार्यक्रमको आवश्यकताको आधारमा साझेदारी गर्न मन्त्रालयले निर्णय गर्ने ।<br>• मन्त्रालयको निर्णय बमोजिम साझेदार निकायसंग सम्झौता गर्ने र कार्यक्रम सञ्चालन गर्ने ।<br>• साझेदार निकायले रकम मागको लागि कार्यक्रम सम्पन्न प्रतिवेदन मन्त्रालयमा पेश गर्ने ।<br>• निर्णय भए बमोजिमको रकम विल भरपाइको आधारमा रकम निकाशा गर्ने। |
| सञ्चालन गर्ने अवधि | पहिलो,दोश्रो तथा तेश्रो त्रैमासिक |
| बजेट बाँडफाँड | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियमानुसार |
| अनुगमन सूचक | शिक्षा पत्र जर्नल। |

## ४९. क्रियाकलाप: प्रदेशका कक्षा १० मा अध्ययनरत विद्यार्थीका लागि एसईई तयारी कक्षा सञ्चालन तथा व्यवस्थापन कार्यक्रम

| | |
|---|---|
| क्रियाकलाप संकेत: ८.१.९.३ | खर्च शिर्षक: २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशको सामुदायिक विद्यालयका विद्यार्थीहरुको एसइई परीक्षाको नतिजा कमजोर रहेको छ । एसइई परीक्षाको नतिजा सुधार गर्नका लागि विशेष कार्यक्रम सञ्चालन गर्न यो कार्यक्रम तय गरिएको छ । |

| | |
|---|---|
| उद्देश्य | प्रदेशका सामुदायिक विद्यालयमा कक्षा १० मा अध्ययनरत विधार्थीका लागि एसइई तयारी कक्षा सञ्चालन गरी नतिजा सुधार गर्नु । |
| अपेक्षित प्रतिफल | प्रदेशका सामुदायिक विद्यालयमा कक्षा १० मा अध्ययनरत विधार्थीको नतिजा सुधार भएको हुनेछ । |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय जिल्ला स्थित कार्यालय तथा विद्यालयहरु |
| सञ्चालन प्रकृया | • कार्यविधि निर्माण गरी सोही बमोजिम कार्यान्वयन गर्ने। |
| सञ्चालन अवधि | नियमित |
| वजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानुन अनुसार |
| अनुगमन सूचक | कार्यविधि र सो बमोजिमका आवश्यक कागजात। |

## ५०. एक प्रदेश निर्वाचन क्षेत्र एक आवासिय सुविधा सहितका ठुला विद्यालय पूर्वाधार सहयोग

| | |
|---|---|
| क्रियाकलाप संकेत नं. ११.१.२.८८९ | खर्च शिर्षक: ३१११२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश सभाको प्रत्येक निर्वाचन क्षेत्र एक आवासिय सुविधा सहितका ठुला विद्यालय विकास गरी गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि यो कार्यक्रम ल्याइएको हो । |
| उदेश्य | एक प्रदेश निर्वाचन क्षेत्रमा एक आवासिय सुविधा सहितका ठुला विद्यालयको लागि पूर्वाधार विकास गर्न सहयोग गर्नु। |
| अपेक्षित प्रतिफल | एक प्रदेश निर्वाचन क्षेत्रमा आवासिय सुविधा सहितका ठुला विद्यालय विकास हुनेछ। |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | कार्याविधि निर्माण गरी सोही बमोजिम कार्यान्वयन गर्ने। |
| सञ्चालन गर्ने अवधि | पहिलो, दोश्रो तथा तेश्रो त्रैमासिक |
| वजेट बाँडफाँड | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियमानुसार |
| अनुगमन सूचक | कार्यविधि र सोही बमोजिम आवश्यक कागजातहरू। |

घनश्याम भण्डारी
मा. मन्त्री

सचिव

५१. गत विगत आर्थिक बर्षहरुमा निर्माण सूरुभई अधुरा रहेका विद्यालय निर्माण

| | |
|---|---|
| क्रियाकलाप संकेत नं. ११.६.१२.४ | खर्च शिर्षक: ३१५११ |

| | |
|---|---|
| परिचय | गत विगत आर्थिक बर्षहरुमा निर्माण सूरुभई अधुरा रहेका विद्यालय भवन निर्माणका लागि यो कार्यक्रम विकास गरिएको हो । |
| उदेश्य | विगत आर्थिक बर्षहरुमा निर्माण सूरुभई अधुरा रहेका भवन निर्माण पूरा गर्ने । |
| अपेक्षित प्रतिफल | विगत आर्थिक बर्षहरुमा निर्माण सूरुभई अधुरा रहेका भवन निर्माण पूरा हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • विगत आवमा निर्माण सुरु भइ अधुरो रहेका विद्यालय भवनहरुको नाम, ठेगाना तथा लागत अनुमानको सुची संकलन गर्ने।<br>• मन्त्रालयले विद्यालय छनौट गरी जिल्लास्थित कार्यालयमा रकम निकाशा गर्ने।<br>• जिल्लास्थित कार्यालयहरुले प्रचलित कानुन बमोजिम कार्यान्वयन गर्ने । |
| सञ्चालन गर्ने अवधि | पहिलो, दोश्रो तथा तेश्रो त्रैमासिक |
| बजेट बाँडफाँड | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियमानुसार |
| अनुगमन सूचक | निर्माण अघि र पछिको तस्वीर, छनोट निर्णय। |

५२. क्रियाकलाप: मूख्यमन्त्री डिजिटल शिक्षाको लागि नमूना विद्यालय विकास सहयोग कार्यक्रम

| | |
|---|---|
| क्रियाकलाप संकेत:११.६.१२.२ | खर्च शिर्षक: ३१५११ |

| | |
|---|---|
| | |
|---|---|
| परिचय | बाल अधिकारको संवैधानिक व्यवस्थालाई विद्यालयमा तथा समुदायमा के कति कार्यान्वयन भएको छ अथवा यस सम्बन्धी बुझाईको अवस्था सुदृढ गराउन तथा बाल अधिकारको संबर्द्धन गर्न र बालबालिकामाथि हुने शारिरीक तथा मानसिक दण्ड सजाय विरुद्धको अभियानमार्फत सचेत तथा असल बातावरणको समुदाय तथा विद्यालय निर्माणमा सघाउ पुऱ्याउन सो सम्बन्धी व्यवस्था कार्यान्वयनका लागि जागरुक गराउन यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो । |
| उद्देश्य | शारीरिक तथा मानसिक दण्ड सजाय विरुद्ध अभिमुखीकरण गर्ने, <br>विद्यालय तथा समुदायमा बाल अधिकार तथा कर्तब्यलाई प्रवर्द्धन गर्ने। |
| अपेक्षित प्रतिफल | विद्यालय तथा समुदायमा बालबालिकालाई शारीरिक तथा मानसिक दण्ड सजाय दिने परिपाटीको अन्त्य भएको हुनेछ र बालअधिकारको संरक्षण भएको हुनेछ। <br>बालबालिकामा बाल अधिकारसँगै कर्तब्यको बोध भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | शिक्षा विकास निर्देशनालयर सामाजिक बिकास कार्यालयहरु |
| सञ्चालन प्रकृया | • कार्ययोजना निर्माण <br>• विद्यालय तथा स्थानीय तहसँग समन्वय, <br>• गुनासो सुनुवाई संयन्त्र सम्बन्धमा छलफल अर्न्तक्रिया सञ्चालन, <br>• बाल अधिकार तथा बालबालिकामाथि हुने शारिरीक तथा मानसिक दण्ड सजाय विरुद्ध विद्यालय/समुदायमा स्वीकृत कार्ययोजना तथा बजेट बमोजिम सचेतिकरण कार्यक्रम सञ्चालन, <br>• प्रतिवेदन पेश |
| सञ्चालनअवधी | पहिलो/दोस्रो/तेस्रो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBISअनुसार |

| | |
|---|---|
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम कानुन बमोजिम |
| अनुगमन सूचक | सहभागी हाजीरी, तस्वीर, प्रतिवेदन |

## ६. भुकम्पबाट प्रभावित बालबालिकाहरुलाई मनोपरामर्श

| कृयाकलाप संकेतः २.६.५.९ | खर्च शिर्षक:२२५१२ |
|---|---|
| परिचय | विपद् कारणले जोखिम अवस्थामा रहेका तथा विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाहरुलाई संरक्षण,मनोविमर्श सेवा प्रदान गरी बालबालिकाहरुलाई संरक्षणर अधिकारको सुरक्षित गर्न यो कार्यक्रम संचालन गरीनेछ। |
| उद्देश्य | • मनोसामाजिक सुस्वास्थ्यका लागि बिद्यालय तथा समुदायस्तरीय सचेतना अभिबृद्धि गर्नु। |
| अपेक्षित प्रतिफल | • पीडित तथा प्रभावित बालबालिकाहरु मनोविमर्श सेवा प्राप्त गरेका हुनेछन्।<br>• मनोसामाजिक सुस्वास्थ्यका लागि सचेतना अभिबृद्धि भएको हुनेछ, |
| कार्यान्वयन गर्ने कार्यालय | सामाजिक विकास कार्यालय जाजरकोट |
| सञ्चालन प्रकृया | • कार्ययोजना निर्माण,<br>• बिद्यालय छनौट,<br>• कार्यक्रम सञ्चालन,<br>• स्थानीय तह तथा मनोपरामर्शको क्षेत्रमा क्रियाशिल संस्थासँगको समन्वय तथा सहकार्यमा कार्यक्रम सञ्चालन गर्न सकिने।<br>• प्रतिवेदन। |
| सञ्चालन अवधी | दोस्रो,तेस्रो, र चौथो त्रैमासिक |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम तथा कानुन बमोजिम |
| अनुगमन सूचक | सहभागीको उपस्थिति हाजिरी, तस्वीरहरु तथा कार्य सम्पन्न प्रतिवेदन |

प्रदेश सचिव

घनश्याम भण्डारी
मा. मन्त्री

## ३. युवा तथा खेलकुद क्षेत्र

### १. स्काउट र आत्मरक्षा मार्फत युवा नेतृत्व तथा अनुशासनको विकास

| | |
|---|---|
| कृयाकलाप संकेत: २.७.१४.१०५ | खर्च शिर्षक: २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका युवाहरुमा अनुशासन, जिम्मेवारीपन, पारदर्शिता, सुशासन र नेतृत्व विकास गर्नका लागि प्रस्ताव गरिएको कार्यक्रम हो । |
| उद्देश्य | कर्णाली प्रदेशका युवालाई असल कार्यमा मार्गदर्शन गर्न तालिम कार्यक्रम गर्नु हो। |
| अपेक्षित प्रतिफल | युवाहरुमा अनुशासित हुने, आफ्नो समाजप्रति जिम्मेवारीबोध गर्ने र नेतृत्व वहन गर्ने क्षमताको विकास हुनेछ । |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय । |
| सञ्चालन प्रक्रिया | • कर्णाली प्रदेशका दश वटै जिल्लाका १६-२४ वर्षका युवाहरुलाई सहभागिता गराउने।<br>• मन्त्रालयले तोके बमोजिमको जिल्लाको स्थानमा कार्यक्रम सञ्चालन गर्ने र आवश्यकतानुसार जिल्लास्तरमा समेत सञ्चालन गर्न सकिनेछ।<br>• कार्यक्रम नेपाल स्काउट प्रदेश कार्यालय मार्फत प्रदेश तथा जिल्लास्तरमा कार्यक्रम सञ्चालन सामाजिक विकास कार्यालय समन्वयमा तालिमको विषयवस्तु/पाठ्यक्रम नेपाल स्काउटमा आधारभूत तालिम प्याकेज विषयवस्तु सञ्चालन गर्न सकिने।<br>• किशोरीहरूका लागि आत्मरक्षा सम्बन्धि तालिम सञ्चालन गर्ने। |
| सञ्चालन गर्ने अवधि | तेस्रो त्रैमासिक सम्म। |
| बजेट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ आदि । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन,फोटोहरु । |

### १. प्रदेश युवा प्रतिभा पहिचान कार्यक्रम जिल्ला र प्रदेश

| | |
|---|---|
| कृयाकलाप संकेत: २.७.१४.१०२ | खर्च शिर्षक: २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका युवाको क्षमता, प्रतिभाको पहिचान गरी प्रोत्साहन गर्नका लागि यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो । |
| उद्देश्य | कर्णाली प्रदेशका युवालाई प्रतिभाको पहिचान गरी प्रोत्साहन गर्नु । |
| अपेक्षित प्रतिफल | कर्णाली प्रदेशका युवाको प्रतिभा पहिचान एवम् प्रोत्साहन भएको भएको हुनेछ । |

| | |
|---|---|
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • कर्णाली प्रदेशका युवाहरुलाई प्रतिभा पहिचान गरी प्रोत्साहन गर्न मापदण्ड निर्माण गरी सोही बमोजिम कार्यान्वयन गर्ने। |
| सञ्चालन गर्ने अवधि | चौथो त्रैमासिक। |
| बजेट बाँडफाँड | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ । |
| अनुगमन सूचक | मापदण्ड र सोका आधारमा आवश्यक कागजातहरू। |

## २. प्रदेश नमुना सभा अभ्यास कार्यक्रम

| कृयाकलाप संकेत: २.७.१४.१०१ | खर्च शिर्षक: २२५२२ |
|---|---|

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका युवाहरुमा लोकतान्त्रिक अभ्यास तथा संस्कार, नेतृत्वसीप, अनुशासन, जिम्मेवारीपन, पारदर्शिता, सुशासन र क्षमता विकास गर्नका लागि प्रस्ताव गरिएको कार्यक्रम हो । |
| उद्देश्य | कर्णाली प्रदेशका युवालाई प्रेदशको संसद सभाको अभ्यासमार्फत नेतृत्वसीप विकास गरी असल कार्यमा मार्गदर्शन गर्न तालिम कार्यक्रम गर्नु हो। |
| अपेक्षित प्रतिफल | युवाहरुमा लोकतन्त्रको अभ्यास हुने, अनुशासित हुने, आफ्नो समाजप्रति जिम्मेवारीबोध गर्ने र नेतृत्व वहन गर्ने क्षमताको विकास हुनेछ । |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय । |
| सञ्चालन प्रक्रिया | • कर्णाली प्रदेशका दश वटै जिल्लाका १६-२४ वर्षका ४० जना युवाहरुलाई सहभागिता गराउने ।<br>• प्रदेश स्तरमा प्रदेश सभाको संरचना अनुसार संसदीय अभ्यासको कार्यक्रम सञ्चालन गर्ने।<br>• मन्त्रालयले आवश्यकतानुसार तोके बमोजिमको स्थानमा कार्यक्रम सञ्चालन गर्ने र राष्ट्रीय युवा परिषदको नमूना संसद सञ्चालन कार्यविधि अनुसार सञ्चालनगर्ने।<br>• नमूना प्रदेश सभा कार्यक्रम सञ्चालन युवा सम्वद्ध गैर सरकारी संस्थाको सहयोगमा पनि गर्न सकिने छ ।<br>• मन्त्रालयको निर्णयानुसार अन्य कार्यहरु सञ्चालन गर्ने । |
| सञ्चालन गर्ने अवधि | दोस्रो र तेस्रो त्रैमासिकसम्म। |
| बजेट बाँडफाँड | PLMBIS अनुसार |

| | |
|---|---|
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ आदि । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन,फोटोहरु । |

२. कृयाकलापः :युवा वैज्ञानिक सम्मेलन (साझेदारिमा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.१४.१०४ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | युवाहरुमा वैज्ञानिक खोज, सिर्जनशिलता बढाउन तथा आविष्कारतर्फ जिज्ञासु बनाउन कर्णाली प्रदेश युवाहरुमा वैज्ञानिक सीप, दक्षता, क्षमता विकासर प्रोत्साहन गर्नका लागि प्रस्ताव गरिएको कार्यक्रम हो । |
| उद्देश्य | कर्णाली प्रदेशमा बैज्ञानिक आविष्कार तथा अनुसन्धानको प्रदर्शनी तथा प्रचारप्रसार र पुरस्कार/प्रोत्साहन कार्यक्रम गर्नु । |
| अपेक्षित प्रतिफल | युवाहरुमा वैज्ञानिक तथा आविस्कारका क्षेत्रमा सचेतना सहित सक्षमताको विकास तथा उत्प्रेरणा प्रदान हुनेछ । |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय । |
| सञ्चालन प्रक्रिया | • युवा बैज्ञानिक सम्मेलन तथा ब्यस्वस्थापनका लागि कार्यदल गठन गरि कार्ययोजना बनाउने,<br>• युवा बैज्ञानिक सम्मेलनमा सहभागिताका लागि सूचना प्रकाशन गर्ने,<br>• कर्णाली प्रदेशका १६ देखि ४० वर्षका युवाहरुको प्रस्तावको मूल्यांकन गरी सोका आधारमा सहभागिता गराउने।<br>• सम्मेलनमा देशभरका युवा बैज्ञानिकहरुलाई आमन्त्रण गर्न सकिने छ तर प्रतिस्पर्धामा भने प्रदेशभित्रका बैज्ञानिकहरूलाई मात्र सहभागी गराईनेछ।<br>• विश्वविद्यालय लगायत विज्ञान तथा आविस्कारको क्षेत्रमा कार्यरत संघसंस्थाहरुसँग एकल अथवा संयुक्त रुपमा सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने।<br>• मन्त्रालयको निर्णयानुसार अन्य कार्यहरु सञ्चालन गर्ने । |
| सञ्चालन गर्ने अवधि | दोस्रो त्रैमासिक भित्र । |
| बजेट बाँडफाँड | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ आदि । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, फोटोहरु । |

प्रदेश सचिव

घनश्याम भण्डारी

३. युवा उद्यमशिलता पुरस्कार (२४ वटा प्रदेश निर्वाचन क्षेत्रका १/१ जना व्यवसायीलाई सम्मान गर्ने)

| | |
|---|---|
| कृयाकलाप संकेत: २.७.१४.११६ | खर्च शिर्षक: २२५२२ |

| | |
|---|---|
| परिचय | युवाहरुमा रोजगार सिर्जना गरी आय आर्जनमा जोड दिन कर्णाली प्रदेशका उद्यमी युवाहरुलाई प्रोत्साहन गर्नका लागि युवा उद्धमसिलता पुरस्कृत गर्न राखिएको कार्यक्रम हो । |
| उद्देश्य | युवा उद्यमीलाई प्रोत्साहन प्रदान गर्नु । |
| अपेक्षित प्रतिफल | युवाहरुमा उद्यमप्रति सचेत रही स्वरोजगार क्षमताको विकास तथा उत्प्रेरणा प्रदान हुनेछ । |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय । |
| सञ्चालन प्रक्रिया | कार्यविधि निर्माण गरि सोहि अनुसार कार्यक्रम संचालन गर्ने। |
| सञ्चालन गर्ने अवधि | दोस्रो र तेस्रो त्रैमासिकभित्र । |
| बजेट बाँडफाँड | PLMBIS अनुसार । |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ आदि । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन,फोटोहरु । |

७. रंगशाला संचालन सम्वन्धि कार्यविधि निर्माण

| | |
|---|---|
| कृयाकलाप संकेत: २.७.१४.११६ | खर्च शिर्षक: २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेश रंगशाला संचालनको लागि तयार गरीने एक कानून साधन हो । |
| उद्देश्य | प्रदेश रंगशालामा सञ्चालन हुने विभिन्न खेलकूद गतिविधि सञ्चालन, व्यवस्थापन संरक्षण संवद्धन गरी प्रभावकारी उपयोग गर्नु । |
| अपेक्षित प्रतिफल | कार्यविधि मार्फत रंगशालामा सञ्चालन गरीने विभिन्न गतिविधि प्रभावकारी रुपमा सञ्चालन भइ भरपुर उपयोग हुनेछ । |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय । |
| सञ्चालन प्रक्रिया | कार्यविधि निर्माण गर्ने। |
| सञ्चालन गर्ने अवधि | दोस्रो र तेस्रो त्रैमासिकभित्र । |
| बजेट बाँडफाँड | PLMBIS अनुसार । |
| सन्दर्भ सामग्री | निर्णय, मस्यौदा, सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ आदि । |

कर्णाली प्रदेश खेलकुद विकास परिषद तर्फ

१. कार्यालय सहयोगी  (व्यक्ति करार) करार सेवा शुल्क

| कृयाकलाप संकेतः २.५.७.१७ | खर्च शिर्षकः २२४१३ |
|---|---|
| परिचय | कर्णाली प्रदेश खेलकुद परिषद्को कार्यालय नियमित रूपमा संचालन गर्न कार्यक्रम तय गरिएको हो। |
| उद्देश्य | कर्णाली प्रदेश खेलकुद परिषद्को कार्यालयमा स्थाई कर्मचारीको उपलब्धता नभएसम्म नियमित रूपमा कार्यालय संचालन गर्न सहज गर्ने उदेश्य रहेको छ। |
| अपेक्षित प्रतिफल | परिषद्को कार्यालय संचालनमा सहयोग। |
| कार्यान्वयन गर्ने | कर्णाली प्रदेश खेलकुद विकास परिषद्। |
| सञ्चालन प्रकृया | आवश्यकता अनुसार जनशक्ति व्यवस्था गर्ने।<br>(एक जना कार्यालय सहयोगी र एक जना स्टोरकिपर) |
| सञ्चालन गर्ने अवधि | तेस्रो चौमासिक सम्म। |
| बजेट बाँडफाँड | PLMBS मा अनुसार। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| अनुगमन सूचक | निर्णय, नियूक्ति, सम्झौता पत्र, हाजिरी अभिलेख। |

२. करारमा हलुका सवारी चालक नियूक्ति (करार सेवा सुल्क)

| कृयाकलाप संकेतः २.५.७.२ | खर्च शिर्षकः २२४१३ |
|---|---|
| परिचय | कर्णाली प्रदेश खेलकुद परिषद्को कार्यालय नियमित रूपमा संचालन गर्न कार्यक्रम तय गरिएको हो। |
| उद्देश्य | कर्णाली प्रदेश खेलकुद परिषद्को कार्यालयमा स्थाई कर्मचारीको उपलब्धता नभएसम्म नियमित रूपमा कार्यालय संचालन गर्न सहज गर्ने यसको उदेश्य रहेको छ। |
| अपेक्षित प्रतिफल | परिषद्को कार्य संचालनमा सहयोग। |
| कार्यान्वयन गर्ने | कर्णाली प्रदेश खेलकुद विकास परिषद्। |
| सञ्चालन प्रकृया | सार्वजनिक खरिद प्रक्रिया अनुसार गर्ने । |
| सञ्चालन गर्ने अवधि | तेस्रो चौमासिक सम्म। |
| बजेट बाँडफाँड | PLMBS मा अनुसार। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |

| | |
|---|---|
| अनुगमन सूचक | निर्णय, नियूक्ति, सम्झौता पत्र, हाजिरी अभिलेख। |

१.दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता पूर्व तयारी, प्रदेश स्तर (कार्यक्रम खर्च )

| कृयाकलाप संकेतः २.७.१४.९३ | खर्च शिर्षकः २२५२२ |
|---|---|
| परिचय | दशौं राष्ट्रिय खेलकुदको तयारी गर्नका लागि यो कार्यक्रम तय गरिएको हो। |
| उद्देश्य | दशौं राष्ट्रिय खेलकुदको भव्य रूपमा प्रतियोगिता संचालनको तयारी गर्ने । |
| अपेक्षित प्रतिफल | राष्ट्रिय खेलकुद प्रतियोगिता २०८२ मा प्रदेश टिम तयारी भएको हुनेछ। |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश खेलकुद विकास परिषद्। |
| सञ्चालन प्रकृया | परिषद्को बैठकवाट बजेट स्विकृत गराई निम्न शिर्षकहरूमा नियमानुसार कार्यक्रम संचालन गर्ने।<br>• खेलकुद तयारी छलफल बैठक<br>• प्रचार प्रसार<br>• खेलाडी विमा तथा समान्य स्वास्थ्य उपचार<br>• खेल सामाग्री खरिद (जिल्ला, प्रदेश टिम छनौट) तयारी,<br>• प्रदेश स्तरीय प्रतियोगिता संचालन<br>• खेल सामाग्री खरिद (बन्द प्रशिक्षण)<br>• बन्द प्रशिक्षण संचालन (खेलाडी तथा प्रशिक्षक र व्यवस्थापक समेत)<br>• खेल पोशाक खरिद (बन्द प्रशिक्षण/प्रतियोगिता/मार्चपास)<br>• कर्मचारी व्यवस्थापन<br>• गत बर्षमा १५ औं राष्ट्रपति रनिङशिल्डमा सामाग्री खरिद, दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता तयारीको सामाग्री खरिद, हक्की खेल प्रतियोगितामा सहभागी खेलाडीको यातायात खर्च, प्रदेश स्तरीय खुल्ला तेक्वान्दो प्रतियोगिता सञ्चालन व्यवस्थापन भई भुक्तानी हुन बाँकी रकम भुक्तानी गर्ने। |
| सञ्चालनगर्ने अवधि | प्रथम त्रैमासिक र दोस्रो, तेस्रो त्रैमासिक सम्म। |
| बजेट बाँडफाँड | PLMBS मा अनुसार। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम। |
| अनुगमन सूचक | निर्णय, प्रतिवेदन, फोटो तथा भिडियोहरू। |

प्रदेश सचिव

घनश्याम ... मा. मन्त्री

२.प्रदेश रंगशाला संचालन तथा व्यवस्थापन (कार्यक्रम खर्च)

| कृयाकलाप संकेतः २.७ .१४ .३३ | खर्च शिर्षकः २२५२२ |
|---|---|
| परिचय | कर्णाली प्रदेशको एक मात्र गौरवको आयोजना प्रदेश संगशाला निर्माण सम्पन्न पश्चात कार्यालयको मातहतमा आएपछी रंगशालाको संचालन तथा संरक्षणका लागि आवश्यक जनशक्तीहरुको व्यवस्थापन र परिचालन गर्ने कार्यका लागि यो कार्यक्रम तय गरिएको हो । |
| उद्देश्य | रंगशालालाई सञ्चालन तथा व्यवस्थित गर्नु। |
| अपेक्षित प्रतिफल | रंगशाला व्यवस्थित रुपमा संचालन भएको हुनेछ। |
| कार्यान्वयन गर्ने | कर्णाली प्रदेश खेलकुद विकास परिषद्। |
| सञ्चालन प्रकृया | • रंगशाला सञ्चालन तथा व्यवस्थापन कार्यविधि निर्माण गरी सोका आधारमा आवश्यक कार्यहरू गर्ने।<br>• प्रदेश खेलकुद विकास परिषदबाट कार्यायोजना स्वीकृत गरि कार्यान्वयन गर्ने। |
| सञ्चालन गर्ने अवधि | चौथो त्रैमासिक। |
| बजेट बाँडफाँड | PLMBS मा अनुसार। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ |
| अनुगमन सूचक | परिषद्को निर्णय, कर्मचारी हाजिरी रेकर्ड, बिद्धुधिय बिल तथा फोटोहरु प्राप्त हुने। |

३. जिल्ला खेलकुद समिति संचालन तथा व्यवस्थापन (१० वटै जिल्ला) (कार्यक्रम खर्च)

| कृयाकलाप संकेतः २.७ .१४ .८९ | खर्च शिर्षकः २२५२२ |
|---|---|
| परिचय | कर्णाली प्रदेशका खेलकुद विकास परिषद्को मातहतमा रहेका दश वटै जिल्ला खेलकुद विकास समितिका कार्यालय नियमित संचालन तथा कार्यालय व्यवस्थापन गर्नका लागि यो कार्यक्रम तय गरिएको हो । |
| उद्देश्य | कर्णाली प्रदेशका १० वटै जिल्ला खेलकुद विकास समितिका कार्यालय नियमित संचालन तथा कार्यालय व्यवस्थापन गर्नु। |
| अपेक्षित प्रतिफल | कार्यालय संचालन अन्तर्गत समितिका सदस्य सचिव र कार्यालय सहयोगीको पारिश्रमिक, कार्यालय संचालन सामाग्री खरिद, घरभाडा, बत्ति पानिको बिल भुक्तानी भएको हुनेछ। |
| कार्यान्वयन गर्ने | कर्णाली प्रदेश खेलकुद विकास परिषद्। |

| | |
|---|---|
| सञ्चालन प्रकृया | १. आ.व. २०८१/८२ को बिल भुक्तानी सम्बन्धमा कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको परिपत्र तथा सम्बन्धित जिल्ला सामाजिक विकास कार्यालय बाट प्रमाणीत बिल भर्पाई सिफारिसका आधारमा परिषद्को निर्णयबाट भुक्तानी गर्ने।<br>२. आ.व. २०८२/८३ को हकमा नियमानुसार परिषद्बाट स्वीकृत कार्यक्रम तथा खर्च शिर्षक अनुसार रकम बाँडफाड गरी खर्च गर्ने। |
| सञ्चालन गर्ने अवधि | आ.व. २०८२/८३ अवधिभर । |
| बजेट बाँडफाँड | PLMBIS अनुसार। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ |
| अनुगमन सूचक | बैठकको निर्णय, फोटोहरु। |

## ४. पदक विजेता खेलाडीहरूलाई प्रोत्साहन पुरूस्कार (कार्यक्रम खर्च)

| क्रियाकलाप संकेत: २.७.१४.१२५ | खर्च शिर्षक: २२५२२ |
|---|---|
| परिचय | राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा कर्णाली प्रदेशबाट सहभागी भई पदक प्राप्त गर्न सफल खेलाडीहरूलाई प्रोत्साहन गरी अन्तराष्ट्रिय स्तरका खेलाडीहरू उत्पादन गर्ने कार्यक्रम तय गरिएको हो। |
| उद्देश्य | खेलाडीहरूलाई प्रोत्साहन गरी अन्तराष्ट्रिय स्तरका खेलाडीहरू उत्पादन गर्नु। |
| अपेक्षित प्रतिफल | खेलाडीको आफ्नो खेलबिधामा प्रोत्साहित हुने र खेलाडीको सम्मान हुनुको साथै परिषद्को कार्य संचालनमा सहयोग हुने। |
| कार्यान्वयन गर्ने | कर्णाली प्रदेश खेलकुद परिषद । |
| सञ्चालन प्रकृया | • विगत आ.व.मा कर्णाली प्रदेश खेलकुद परिषदले निर्णय गरी मन्त्रालयमा सिफारिस गरिसकेका तर प्रोत्साहन रकम पाउन छुट भएका खेलाडीहरूलाई प्रोत्साहन रकम वितरण गर्ने।<br>• आ.व. २०८१/८२ मा राष्ट्रिय तथा अन्तराष्ट्रिय पदक विजेता भई विशेष कारणले प्रदेश खेलकुद परिषद्ले प्रोत्साहन गर्न छुटेका खेलाडीहरूलाई प्रोत्साहन रकम वितरण गर्ने।<br>• आ.व. २०८२/८३ का लागि पुरस्कार तथा प्रोत्साहन सम्बन्धि कार्यविधि निर्माण गरि सोही अनुसार गर्ने। |
| सञ्चालन गर्ने अवधि | आ.व. २०८२/८३ अवधिभर । |
| बजेट बाँडफाँड | PLMBIS अनुसार। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ |
| अनुगमन सूचक | मन्त्रालयको निर्णय, परिषद्को बैठकको निर्णय, पदक प्राप्त विवरण, तस्विरहरू। |

## ५.राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता संचालन (कार्यक्रम खर्च)

| कृयाकलाप संकेत: २.७.१४.९० | खर्च शिर्षक: २२५२२ |
|---|---|
| परिचय | कर्णाली प्रदेश स्तरिय राष्ट्रपति रनिडसिल्ड प्रतियोगिता संचालन तथा जिल्ला स्तरिय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता संचालन सहयोगका लागि यो कार्यक्रमको राखिएको हो। |
| उद्देश्य: | जिल्ला तथा प्रदेश स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता संचालन गर्नु। |
| अपेक्षित प्रतिफल | प्रदेशका लागि केन्द्र स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा सफलता प्राप्त भएको हुनेछ। |
| कार्यान्वयन गर्ने | खेलकुद परिषद् र जिल्ला खेलकुद बिकास समितिहरु। |
| सञ्चालन प्रकृया | • राष्ट्रपति रनिङ्गशिल्ड संचालन निर्देशिकाको आधारमा सामाजिक विकास मन्त्रालयको समन्वयमा कर्णाली प्रदेश खेलकुद विकास परिषदबाट प्रतियोगिता सञ्चालन गर्ने।<br>• राष्ट्रियस्तरमा हुने राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिताका लागि प्रदेशमा बन्दप्रशिक्षण संचालन गर्ने । |
| सञ्चालन गर्ने अवधि | राष्ट्रिय स्तरको राष्ट्रपति रनिङ्गशिल्डको संचालन मिति घोषणा पश्चात अनुकुल हुने गरी। |
| बजेट बाँडफाट | रु.१ करोड।<br>• (जिल्ला स्तरीय प्रतियोगिता गराउन प्रतेक जिल्लालाई रु. ५ लाख तथा प्रदेश स्तरिय राष्ट्रपति रनिडसिल्ड प्रतियोगिता छनौट भएका खेलाडी तथा राष्ट्रिय स्तरमा प्रतिस्पर्धाको लागि आवश्यक खेल सामाग्री, पोषाक, यातायात, होटल बास खाना खाजाको लागि रु. ५० लाख।<br>• जिल्ला स्तरको हकमा खेल तथा खेलाडी सहभागिता संख्या तथा यातायात पहुँचको आधारमा रकम वितरण गरिनेछ। |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियम कानून बमोजिम। |
| अनुगमन सूचक | कार्यक्रम संचालन तथा कार्यक्रम सम्पन्न प्रतिवेदन आदि। |

## ६. अन्तर प्रदेश कप प्रतियोगिता संचालन तथा ब्यवस्थापन (राष्ट्रव्यापी)(कार्यक्रम खर्च)

| कृयाकलाप संकेत: २.७.१४.९२ | खर्च शिर्षक: २२५२२ |
|---|---|
| परिचय | कर्णाली प्रदेशका खेलाडीहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल क्षेत्रमा प्रतिस्पर्धी भावना जगाइ खेलक्षेत्रको बिकास गर्ने लक्ष्य राखि यो कार्यक्रमको तय गरिएको हो। |

| | |
|---|---|
| उद्देश्य | अन्तर प्रदेश तथा राष्ट्रिय प्रतियोगिताको लागि टिम छनौट गरी सहभागि गराउने र राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागि हुने खेलाडीहरूको पहिचान गरीने। |
| अपेक्षित प्रतिफल | कर्णाली प्रदेशमा एथ्लेटिक्स, क्रिकेट, रग्वी, उसु, पेनकेक सिलात, आईटिएफ तेक्वान्दो, कराँते, भलिवल, फुटबल र तेक्वान्दो खेलहरु मध्ये कुनै एक वा परिषद्को निर्णय अनुसार खेलका खेलाडीहरुलाई अन्तरप्रदेश खेलकुद प्रतियोगितामा सहभागि गराउने र उक्त खेलका खेलाडीहरुको प्रदेश टीम तयारी भएको हुने । |
| कार्यान्वयन गर्ने | कर्णाली प्रदेश खेलकुद विकास परिषद्। |
| सञ्चालन प्रकृया | • कर्णाली प्रदेश खेलकुद विकास परिषद बाट कार्यक्रम सञ्चालन कार्ययोजना निमार्ण गरी सोका आधारमा कार्यान्वयन गर्ने। |
| सञ्चालन अवधि | आ.व. २०८२/८३ अवधिभर । |
| बजेट बाँडफाँड | परिषद्को निर्णय अनुसार बजेट बाँडफाँड गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६, सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ |
| अनुगमन सूचक | कार्यायोजना, प्रतिवेदन, फोटोहरु । |

७. राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता ब्यवस्थापन कार्यक्रम*(कार्यक्रम खर्च)*

| कृयाकलाप संकेत: २.७.१४.१२४ | खर्च शिर्षक: २२५२२ |
|---|---|
| परिचय | कर्णाली प्रदेश खेलकुद परिषद्को आयोजनामा राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता संचालन तथा ब्यवस्थापन गरी सहकार्य गर्न यो कार्यक्रम तय गरिएको हो । |
| उद्देश्य | प्रदेश स्तरमा संचालन हुने प्रायोजित कार्यक्रममा सहकार्य गरी प्रदेशले खेलको क्षेत्र प्रतिको जिम्मेवारीको भुमिका निर्वाह गर्ने यो कार्यक्रमको उदेश्य रहेको छ। |
| अपेक्षित प्रतिफल | प्रतियोगिता संचालनको समयमा सम्बन्धित खेल संघ संस्थालाई प्रतियोगिता संचालनमा आर्थिक सहयोग भएको हुनेछ। |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालयको समन्वयमा कर्णाली प्रदेश खेलकुद विकास परिषद्। |
| सञ्चालन प्रकृया | ➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालनका लागि सम्बन्धित खेल संघ/संस्था सँगको समन्वात्मक बैठकबाट कार्ययोजना तथा कार्यक्रम तयार गरी प्रतियोगिता संचालन गर्ने।<br>➢ कार्ययोजनाका आधारमा कार्यहरू सञ्चालन गर्ने ।<br>➢ संयूक्त तथा सहकार्य गत रुपमा नियमानुसार कार्यक्रम संचालन गर्ने।<br>➢ अन्तराष्ट्रिय खेल प्रतियोगिताको लागि साझेदारी गर्ने। |

| | |
|---|---|
| | ➢ राष्ट्रिय खेल प्रतियोगिता सञ्चालन गर्नका लागि साझेदारी गर्न प्रस्तावना पेश भएबमोजिम अधिकतम् २ (दुई) लाख सम्म साझेदारी गर्न सकिने। |
| सञ्चालन गर्ने अवधि | तेस्रो त्रैमासिक सम्म। |
| बजेट बाँडफाँड | PLMBIS अनुसार। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ |
| अनुगमन सूचक | बैठकका निर्णय ,प्रतियोगिता संचालन सम्बन्धि सामाजिक मन्त्रालयको निर्देशन प्राप्त पत्र, संघसँग भएको सम्झौता पत्र, फोटोहरु प्राप्त हुने । |

८. बिभिन्न खेलकुद कार्यक्रम संचालन सहयोग खेलाडी प्रोत्साहन समेत (कार्यक्रम खर्च)

| कृयाकलाप संकेतः २.७.१४.५२ | खर्च शिर्षकः २२५२२ |
|---|---|
| परिचय | राष्ट्रिय खेलकुद कार्यक्रममा पहुच नरहेका जिल्ला तथा पालिका स्तरमा रहेका निजि तथा सामुदायिक स्तरमा खेल सम्बद्ध खेल संघ/सस्थाहरुबाट आयोजना गरिने खेलकुद कार्यक्रम संचालनार्थ सहयोग एवं सहकार्य गर्न यो कार्यक्रमको तय गरिएको हो। |
| उद्देश्य | खेल क्षेत्रमा लागेका कर्णाली प्रदेशका सामुदायिक तथा निजि संघ सस्थाको मनोवल बृद्धिगरी प्रदेश स्तरीय खेलाडीहरुको उत्पादन गर्नु यो कार्यक्रमको उद्देश्य हो। |
| अपेक्षित प्रतिफल | प्रदेशमा खेलकुद क्षेत्र अन्तर्गत निजि तथा सामुदायिक स्तरमा पहुच तथा अवसर पुग्ने। |
| कार्यान्वयन गर्ने | मन्त्रालयको समन्वयमा कर्णाली प्रदेश खेलकुद विकास परिषद्। |
| सञ्चालन प्रकृया | बिभिन्न खेलकुद कार्यक्रम संचालन गर्नका लागि प्रस्तावना पेश भएबमोजिम साझेदारीमा कार्यक्रम संचालन गर्न बढिमा रु. १ (एक) लाख सम्म रकम उपलब्ध गराउन सम्झौता गरि कार्यक्रम सञ्चालन गर्ने। |
| सञ्चालन गर्ने अवधि | तेस्रो त्रैमासिकसम्म। |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड निर्देशिका २०७५,सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ |
| अनुगमन सूचक | सम्झौता पत्र, कार्यक्रम प्रतिवेदन, तस्विरहरू। |

घनश्याम भण्डारी
मा. मन्त्री

प्रदेश सचिव

९.कर्णालीका खेलाडीहरुको प्रोफाईल निर्माण कार्यक्रम (कार्यक्रम खर्च)

| कृयाकलाप संकेत: २.७.१४.९८ | खर्च शिर्षक: २२५२२ |
|---|---|
| परिचय | कर्णाली प्रदेशका जिल्ला तथा प्रदेश स्तरमा खेलकुदका ५"प" सम्बन्धि विवरण तथा बिभिन्न खेल प्रतियोगितामा सहभागी भएका खेलाडीहरुको ब्यक्तिगत विवरण सहितको सुची तथा हाल सम्म पदक प्राप्त खेलाडीको प्रोफाईल तयार गर्नका लागि यो कार्यक्रमको तय गरिएको हो।<br>नोटः ५"प"-पूर्वाधार, प्रशिक्षक/ प्रशिक्षण, प्रतियोगिता, पुरुस्कार, प्रोत्साहन। |
| उद्देश्य | कर्णाली प्रदेश खेलकुद विकास परिषद्ले प्रदेशको खेल पूर्वाधार लगायत विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा यस प्रदेश बाट हाल सम्म सहभागी भएका तथा पदक प्राप्त गर्न सफल खेलाडीहरुको अभिलेख तयार गर्नु यस कार्यक्रमको उदेश्य रहेको छ। |
| अपेक्षित प्रतिफल | कर्णाली प्रदेश खेलकुद विकास परिषद्ले खेल पूर्वाधार सहित खेलाडीहरुको हाल सम्मको प्रोफाईल तयार गरेको हुनेछ। |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालयको समन्वयमा कर्णाली प्रदेश खेलकुद विकास परिषद्। |
| सञ्चालन प्रकृया | • कर्णाली प्रदेशमा रहेका खेलसम्वद्ध संघ संस्थाहरू र विभागीय खेलकुदको सम्बन्धनको माध्यमबाट राष्ट्रिय र अन्तराष्ट्रिय खेलमा सहभागी भएका खेलाडीहरूको विवरण संकलन गर्ने।<br>• कर्णाली प्रदेशको स्थायी बासिन्दा भई कामको शिलसिलामा बैदेशिक भूमीमा खेलकुदसँग सम्बन्धित रही खेल प्रतियोगितामा सहभागी भईरहेका खेलाडीहरूको समेत विवरण संकलन गर्ने।<br>• खेलाडीको प्रोफाइल निर्माणका लागि गुगल फर्म, सफ्टवेयर, प्रश्नावली लगायतका विधिहरू प्रयोग गरेर प्रोफाइल निर्माण गर्ने।<br>• सामाजिक विकास मन्त्रालयको निर्देशनमा परिषदको निर्णय अनुसार कार्यक्रम गर्ने।<br>• तयार भएको प्रोफाइललाई वेवसाइट मार्फत सार्वजनिक गर्ने। सम्भव भएमा प्रकाशन गर्ने।<br>• उल्लेखित कार्यका लागि खेलकुद पत्रकार संघसँग साझेदारी गरिनेछ। |
| सञ्चालन गर्ने अवधि | तेश्रो त्रैमासिक सम्म। |
| बजेट बाँडफाट | PLMBIS अनुसार। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ |
| अनुगमन सूचक | खेलाडीहरूको प्रोफाइल अभिलेख, गुगल सिट, सफ्टवेयर, प्रश्नावली, प्रतिवेदन। |

## १०. खेल पदाधिकारीहरुको अन्तरक्रिया(कार्यक्रम खर्च)

| कृयाकलाप संकेत: २.७.१४.९९ | खर्च शिर्षक: २२५२२ |
|---|---|
| परिचय | खेलकुद प्रतियोगिता संचालनका क्रममा जिल्ला खेलकुद विकास समिति लगायत अन्य बिभिन्न खेल संघ संस्थाहरूसँग खेलकुद प्रतियोगिता संचालन सम्बन्धमा समन्वय तथा सहजिकरणका लागि यो कार्यक्रम तय गरिएको हो । |
| उद्देश्य | कर्णालीको खेलकुद विकासका लागि संघ संस्थाहरूसँग साझेदारी गर्नु। |
| अपेक्षित प्रतिफल | प्रतियोगिता संचालनको समयमा सम्बन्धित खेल संघ संस्थाहरु बिच सहयोग भएको हुने। |
| कार्यान्वयन गर्ने निकाय | कर्णाली प्रदेश खेलकुद विकास परिषद्को निर्णय अनुसार। |
| सञ्चालन प्रकृया | ➢ कर्णालीमा क्रियाशिल खेलकुदका संघ संस्थाहरूका पदाधिकारीहरूका बीचमा खेलकुदको सम्भावना, विकास, चुनौतीका विषयमा अन्तरक्रिया गर्ने। भावी कार्यायोजना तयार गरी कार्यान्वयनका लागि सरोकारवाला निकायमा पेश गर्ने।<br>➢ प्रतियोगिता संचालन हुनुपूर्व सम्बन्धित खेल संघसंस्था सँग बैठक बसि कार्यक्रम संचालनको तयारी गर्न सकिने।<br>➢ परिषद्को निर्णय तथा कार्यक्रम संचालन कार्यविधिका आधारमा संचालन गर्ने। |
| सञ्चालन गर्ने अवधि | चौथो त्रैमासिक। |
| बजेट बाँडफाँड | PLMBIS अनुसार। |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ |
| अनुगमन सूचक | कार्ययोजना, अन्तरक्रिया तथा बैठकका निर्णय, फोटोहरु। |

## पुजिगत खर्च तर्फ (मेशिनरी तथा औजार)

### १. इन्भर्टर तथा बिद्युत व्यवस्थापन (मेशिनरी तथा औजार)

| कृयाकलाप संकेत: ११.३.१९.१ | खर्च शिर्षक:३११२२ |
|---|---|
| परिचय | कर्णाली प्रदेश खेलकुद विकास परिषद्को कार्यालयमा रहेका बिद्धुतिय उपकरण निएमित संचालनका लागि आवश्यक रहेको बिद्धुत व्यवश्थापनका लागि यो कार्यक्रम तय गरिएको हो । |
| उद्देश्य | बिद्धुत नभएको समयमा समेत बिद्धुतिय उपकणहरु संचालन गरी कार्यालयको नियमित कामकाज गर्नु हो । |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | कार्यालय समयमा विद्युत नभएको समयमा समेत कार्यालयको कामकाज भएको हुनेछ। |
| कार्यान्वयन गर्ने | कर्णाली प्रदेश खेलकुद विकास परिषद् |
| सञ्चालन प्रकृया | ➢ कार्यालयमा रहेका पुराना मेशिनरी औजार अन्तर्गतका सामाग्रीहरुको मर्मत तथा थप नयाँ इन्भटर खरिद गरी क्षमतामा बृधि गरिनेछ। |
| सञ्चालन अवधि | आर्थिक वर्ष अवधिभर। |
| बजेट बाँडफाँड | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६, सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ |
| अनुगमन सूचक | खरिद आदेश दाखिला तथा बिल भर्पाई का आधारमा लेखा भुक्तानी रकम आदि। |

## २. सवारी साधन तथा मेशिनरी औजार मर्मत संभार (मेशिनरी तथा औजार)

| कृयाकलाप संकेतः ११.३.७.४ | खर्च शिर्षक:३११२२ |
|---|---|
| परिचय | कार्यालयमा रहेका मेशिनरी तथा बिभिन्न प्रकारका सवारी साधनहरुको मर्मत संभारका लागि यो कार्यक्रम तय गरिएको हो । |
| उद्देश्य | कार्यालयमा रहेका सवारी साधन तथा मेशिनरी औजारहरुको नियमित संचालन गर्नु। |
| अपेक्षित प्रतिफल | यस आ.व २०८२/८३ मा दैनिक कार्यालयमा भएको हुनेछ। |
| कार्यान्वयन गर्ने | कर्णाली प्रदेश खेलकुद विकास परिषद् |
| सञ्चालन प्रकृया | ➢ कार्यालयमा रहेका सवारी साधन तथा मेशिनरी औजारहरुको मर्मत आदेश स्वीकृत गराई सवारी साधन तथा मेशिनरी औजारहरुको मर्मत गरिनेछ। |
| सञ्चालन अवधि | आर्थिक वर्ष अवधिभर। |
| बजेट बाँडफाँड | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६, सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ |
| अनुगमन सूचक | मर्मत आदेश मर्मत प्रतिवेदन / लेखा भुक्तानी रकम आदि । |

## ३. कार्यालयका लागि फर्निचर तथा फिक्चर्स खरिद (फर्निचर तथा फिक्चर्स)

| कृयाकलाप संकेतः ११.६.१३.७ | खर्च शिर्षक:३११२३ |
|---|---|
| परिचय | कार्यालयमा आवश्यक रहेका फर्निचर तथा फिक्चर्स खरिद गर्ने प्रयोजनका लागि यो कार्यक्रम तय गरिएको हो । |
| उद्देश्य | कार्यालय संचालनका लागि आवश्यक पर्ने फर्निचर तथा फिक्चर्स खरिद गर्नु हो । |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | यस आ.व २०८२/८३ मा प्रदेश रंगशाला मा कार्यालय संचालन भएको हुनेछ। |
| कार्यान्वयन गर्ने | कर्णाली प्रदेश खेलकुद विकास परिषद् |
| सञ्चालन प्रकृया | ➢ कार्यालयको आवश्कता अनुसर सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४, को अधिनमा रहि। |
| सञ्चालन अवधि | आर्थिक बर्ष अवधिभर। |
| बजेट बाँडफाँड | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६, सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ |
| अनुगमन सूचक | खरिद आदेश/दाखिला प्रतिबेदन/ लेखा भुक्तानी रकम आदि । |

पुँजीगत खर्च तर्फ ( अन्य सार्वजनिक निर्माण)

१.सुर्खेतको वीरेन्द्रनगरमा प्रदेश रंगशाला निर्माण(अन्य सार्वजनिक निर्माण)

| कृयाकलाप संकेत: ११.४.२१.१ | खर्च शिर्षक:३११५९ |
|---|---|
| परिचय | कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा निर्माण गरिने प्रदेश सरकारको पहिलो गौरवको आयोजना प्रदेश रंगशाला निर्माण सम्पन्न गर्न यो कार्यक्रम तय गरिएको हो । |
| उद्देश्य | प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा प्रदेश रंगशाला निर्माण गर्नु। |
| अपेक्षित प्रतिफल | वीरेन्द्रनगर सुर्खेतमा प्रदेश रंगशाला निर्माण भएको हुनेछ। |
| कार्यान्वयन गर्ने | कर्णाली प्रदेश खेलकुद विकास परिषद् |
| सञ्चालन प्रकृया | ➢ ठेक्का सम्झौता, निर्माण व्यावसायिबाट प्राप्त कार्य सम्पादन बिल, परामर्शदाताबाट प्रमाणीकरण प्रतिवेदनको आधारमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान अनुसार कार्य गर्ने। |
| सञ्चालन अवधि | आर्थिक वर्ष अवधिभर। |
| बजेट बाँडफाँड | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६, सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ |
| अनुगमन सूचक | कार्यक्रम निर्माण स्थल अनुगमन/प्रगति विवरण/ लेखा भुक्तानी रकम आदि । |



प्रदेश सचिव

२.दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजनाको भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नति (अन्य सार्वजनिक निर्माण)

| कृयाकलाप संकेतः ११.५.२१.११८ | खर्च शिर्षक:३११७१ |
|---|---|
| परिचय | दशौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई मध्यनजर राख्दै बिभिन्न जिल्लामा खेल पूर्वाधारहरूको निर्माणका लागि यो कार्यक्रम तय गरिएको हो । |
| उद्देश्य | दशौं राष्ट्रिय खेलकुदका लागि पूर्वाधार विकास गर्नु। |
| अपेक्षित प्रतिफल | यस आ.व २०८२/८३ मा जिल्ला स्तरमा बिभिन्न खेलकुद पूर्वाधारको निर्माण भएको हुनेछ। |
| कार्यान्वयन गर्ने | कर्णाली प्रदेश खेलकुद विकास परिषद् |
| सञ्चालन प्रकृया | • दशौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्षित गरी आ.व. २०८०/८१ मा सम्झौता भई निर्माण सम्पन्न जुम्ला रंगशालाको अपुरो प्यारापिट निर्माण कार्यको रकम भुक्तानी, आ.व. २०८०/८१ मा सम्झौता भई निर्माण सम्पन्न हुम्ला हक्की खेलमैदान निर्माण कार्यको रकम भुक्तानी दिने।<br>• दैलेख जिल्ला कभर्डहलको मर्मत संभार तथा विद्युतिकरण, रूकुम पश्चिम जिल्ला कभर्डहल मर्मत संभार तथा विद्युतिकरण, कालिकोट जिल्ला कभर्डहलको मर्मत संभार तथा विद्युतिकरण, सल्यान जिल्ला कभर्डहलको मर्मत संभार तथा विद्युतिकरण गर्ने।<br>• सुर्खेत स्थित रग्वी र क्रिकेट खेलमैदानको स्तरोन्नती, सुर्खेतमा बक्सिङ रिङ निर्माण, चिसापानी फुटबल खेलमैदानको स्तरोन्नती गर्ने।<br>• राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालनका लागि सम्भावित खेलमैदानहरुको पहिचान गरी सोका लागि आवश्यक पूर्वाधार निर्माण तथा स्तरोन्नती गर्ने<br>• वीरेन्द्रनगरस्थित भलिबल खेलमैदानलाई प्रशिक्षण केन्द्रको रूपमा विकास गर्ने।<br>• गुर्भाकोट नगरपालिका मेहेलकुना स्थित गोकुलेश्वर खेलमैदानको पूर्वाधार विकास गर्ने।<br>• अन्य सम्भावित स्थानमा खेलकुद गतिविधि सञ्चालनका लागि दैनिक अभ्यास तथा प्रदेश स्तरीय छनौट प्रतियोगिता स्थलको रूपमा प्रयोग गर्ने। |
| सञ्चालन अवधि | आर्थिक वर्ष अवधिभर। |
| बजेट बाँडफाँड | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६, सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ |
| अनुगमन सूचक | कार्यक्रम निर्माण स्थल अनुगमन/प्रबिधिक बिल, भुक्तानी सिफारिस, प्रगति प्रतिवेदन/ लेखा भुक्तानी रकम आदि । |

 प्रदेश सचिव

## ४. भाषा, धर्म, कला तथा संस्कृति क्षेत्र

### १ कुसुण्डा र राजी समुदायको संस्कृति संरक्षण कार्यक्रम

| क्रियाकलाप संकेत: २.७.२५.६१४ | खर्च शीर्षक: २२५२२ |
|---|---|

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका लोपोन्मुख जाती कुसुण्डा र राजी समुदायको सस्कृति लोप हुने अवस्थामा रहेकोले उक्त सस्कृतिको संरक्षणमा सहयोग गर्ने। |
| उद्देश्य | कर्णाली प्रदेशका विभिन्न स्थानमा राहेका कुसुण्डा र राजी समुदायको संस्कृतिको संरक्षण गर्न प्रोत्साहित गर्ने |
| अपेक्षित प्रतिफल | न्यून संख्या रहेका कर्णाली प्रदेशका कुसुण्डा र राजी समुदायको संस्कृतिको संरक्षण भएको हुनेछन् |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • सरोकारवालासंगको बैठकबाट कुसुण्डा र राजी समुदायको संस्कृति संरक्षणका लागि कार्ययोजना तयार गर्ने।<br>• कुसुण्डा र राजी समुदायसँग आधारित भिडियो डकुमेन्ट्री तयार गर्ने।<br>• सीप, कला, भाषा, संस्कृतिसँग जोडिएको अभिलेख तयार गर्ने।<br>• कुसुण्डा र राजी समुदायको मौलिक पोशाकलाई प्रवर्द्धनका लागि प्रदेश संग्रहालयमा राख्ने।<br>• प्रतिवेदन तयार गर्ने । |
| सञ्चालन अवधि | दोश्रो त्रैमासिकभित्र। |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानून अनुसार |
| अनुगमन सूचक | निर्णयहरू प्रतिवेदन |

### २. प्रदेशमा रहेका मूर्त र अमूर्त संस्कृतिको अभिलेखीकरण तथा प्रवर्द्धन कार्यक्रम

| क्रियाकलाप संकेत: २.७.२५.६२७ | खर्च शीर्षक: २२५२२ |
|---|---|

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा रहेका विभिनन्न मूर्त र अमूर्त संस्कृतिहरूको पहिचान तथा अभिलेखिकरण र सम्बर्द्धन गर्न कार्यक्रम राखिएको हो। |
| उद्देश्य | कर्णाली प्रदेशमा रहेका मूर्त र अमूर्त संस्कृतिको अभिलेखिकरण र सम्बर्द्धन गर्नु। |
| अपेक्षित प्रतिफल | प्रदेशमा रहेका मूर्त र अमूर्त संस्कृतिको अभिलेखिकरण र संरक्षण भएको हुनेछ। |

| | |
|---|---|
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • यस कार्यक्रमलाई प्रभावकारी बनाउन मूर्त र अमूर्त संस्कृति सम्बन्धि छोटो भिडियो निर्माण र कार्यक्रम सञ्चालन प्रकृया सम्बन्धी सूचना तयार गरी साउन मसान्तभित्र सार्वजनिक आव्हान गर्ने।<br>• कर्णाली प्रदेशका ७९ वटै स्थानीय तहमा रहेका मूर्त र अमूर्त संस्कृतिहरूको पहिचान गरी अभिलेखीकरण गर्ने।<br>• स्थानीय तहको सहकार्यमा महत्वपूर्ण मूर्त र अमूर्त संस्कृतिहरूको डकुमेन्ट्री तयार गर्ने।<br>• स्थानीय सञ्चारगृह र सञ्चारकर्मीको सहकार्यमा अमूर्त सम्पदाको संक्षिप्त भिडियो निर्माण गर्ने।<br>• मूर्त र अमूर्त संस्कृतिहरूको छोटो भिडियोहरू मध्येबाट उत्कृष्ठ छनोट गरी पुरस्कृत गर्ने।<br>• परम्परादेखि चल्दै आएका मेला, पर्व, पैठहरूको ईतिहासको खोजका लागि विश्वविद्यालयको सहकार्यमा सोधकार्य सञ्चालन गर्न सकिनेछ।<br>• प्रदेशमा रहेका मूर्त र अमूर्त संस्कृतिहरूको प्रोफाईल तयार गरी प्रदेश संग्रहालयको वेबसाइटमा प्रकाशन गर्ने। |
| सञ्चालन अवधि | तेश्रो त्रैमासिक भित्र। |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानून अनुसार |
| अनुगमन सूचक | भिडियो, अभिलेख, प्रतिवेदन, |

३. भाषा संस्कृतिको क्षेत्रमा योगदानमा आधारित प्रोत्साहन तथा प्रादेशिक प्रतिभा पुरस्कार (विधागतरुपमा सबैलाई समेटेर)

| | |
|---|---|
| क्रियाकलाप संकेत: २.७.२५.६२८ | खर्च शीर्षक: २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश भाषा र सास्कृतिले धनी छ तर भाषा र संस्कृतिको क्षेत्रमा काम गरेका व्यक्तिहरूको पहिचान हुन नसकिरहेकोले त्यस क्षेत्रमा काम गरी भाषा र संस्कृतिको क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने व्यक्तिहरू र उनीहरूले भाषा र संस्कृतिको क्षेत्रमा गरेका कार्यहरूको पहिचान गरी प्रोत्साहित र सम्मान गर्न सहयोग गर्ने। |

| | |
|---|---|
| उद्देश्य | कर्णाली प्रदेशमा रहेका भाषा र संस्कृतिको क्षेत्रमा काम गर्ने व्यक्ति र उनीहरूले गरेका कार्यको पहिचान गरी महत्वपूर्ण कार्य गर्ने व्यक्तिलाई सम्मान सहित कदर गरी प्रोत्साहित गर्ने। |
| अपेक्षित प्रतिफल | कर्णाली प्रदेशमा रहेका भाषा र संस्कृतिको क्षेत्रमा काम गर्ने व्यक्ति प्रोत्साहित भई उक्त क्षेत्रमा थप काम गर्ने हौसला प्राप्त भएको हुनेछन् |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • भाषा संस्कृतिको क्षेत्रमा योगदानमा आधारित प्रोत्साहन तथा प्रादेशिक प्रतिभा पुरस्कार सम्बन्धी कार्यविधि निर्माण गरी सोही अनुरूप कार्यान्वयन गर्ने। |
| सञ्चालन अवधि | दोस्रो र तेस्रो त्रैमासिक भित्र। |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानून अनुसार |
| अनुगमन सूचक | निर्णयहरू प्रतिवेदन |

४. प्रदेश प्रज्ञा प्रतिष्ठान स्थापना, सञ्चालन तथा व्यवस्थापन

| | |
|---|---|
| क्रियाकलाप संकेत: २.७.२५.६३५ | खर्च शीर्षक: २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश विभिन्न भाषा कला र सास्कृतिले परिपूर्ण प्रदेश हो यिनीहरूको संरक्षण र सम्बर्द्धन गर्नु सरकारको दायित्व भएकोले उक्त भाषा कला संस्कृतिको पहिचान संरक्षण सम्बर्धन विकास गर्न सहयोग गर्ने। |
| उद्देश्य | प्रदेशमा रहेका भाषा कला सास्कृति लगायतको पहिचान गरी संरक्षण सम्बर्धन विकास अभिलेखिकरण गर्न सहयोग गर्ने |
| अपेक्षित प्रतिफल | प्रदेशमा रहेका भाषा कला सास्कृति लगायतको पहिचान भई तिनीहरूको संरक्षण सम्बर्धन विकास अभिलेखिकरणमा सहयोग भएको हुनेछ |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • कर्णाली प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन स्वीकृत पश्चात सोही अनुरूप कार्यान्वय गर्ने।<br>• कर्णाली प्रदेश प्रज्ञा प्रतिष्ठान गठन, कार्यालय स्थापना, सञ्चालन तथा व्यवस्थापनको कार्य गर्ने। |
| सञ्चालन अवधि | प्रथम, दोश्रो र तेश्रो त्रैमासिक भित्र |
| बजेट बाँडफाट | PLMBIS अनुसार |

| | |
|---|---|
| सन्दर्भ सामग्री | प्रचलित कानून अनुसार |
| अनुगमन सूचक | ऐन, निर्णयहरू। |

५दुल्लु र सिंजाक्षेत्रको पुरातात्विक विषयको अन्वेषण तथा अभिलेखीकरण (विश्विवद्यालयको सहकार्यमा)

| | |
|---|---|
| क्रियाकलाप संकेत: २.७.२५.६२६ | खर्च शीर्षक: २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशको दैलेख जिल्लाको दुल्लु र जुम्ला जिल्लाको सिंजा क्षेत्र पुरातात्विक ऐतिहासक महत्व रहेको क्षेत्र हो। सिंजा क्षेत्र नेपाली भाषाको उद्गम क्षेत्र र दुल्लु शिलालेख तथा ताम्रपत्र लगायतले गर्दा अतिनै महत्वपूर्ण मानिने भएकोले यस क्षेत्रको अन्वेषण र अन्वेषणबाट प्राप्त भएको विषयलाई अभिलेखिकरण गरी उक्त विषयको सम्बन्धमा सबैलाई जानकारी गराइ उक्त क्षेत्रको महत्वबारे प्रचार प्रसार गरी उक्त क्षेत्रकोपुरातात्विक सांस्कृतिक संपदाको संरक्षणमा सहयोग गर्ने। |
| उद्देश्य | दैलेख जिल्लाको दुल्लु र जुम्ला जिल्लाको सिंजा क्षेत्रको पुरातात्विक विषयको अन्वेषण गरी अभिलेखिकरण गर्ने उक्त क्षेत्रको महत्वका सम्बन्धमा जानकारी गराउने |
| अपेक्षित प्रतिफल | विश्विवद्यालयको सहकार्यमा दुल्लु र सिंजाक्षेत्रको पुरातात्विक विषयको अन्वेषण भई प्राप्त भएको विषयवस्तु अभिलेखिकरण भएको हुनेछ। |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • दुल्लु र सिंजाक्षेत्रको पुरातात्विक विषयको अन्वेषण तथा अभिलेखीकरणका लागि कार्ययोजना तयार गर्ने।<br>• दुल्लु र सिंजाक्षेत्रको पुरातात्विक विषयको अन्वेषण तथा अभिलेखीकरणका लागि सूचना आव्हान गर्ने।<br>• प्राप्त भएका अनुसन्धान प्रस्तावनाहरूमध्ये समिति गठन गरी छनोट गर्ने।<br>• छनोट भएका प्रस्तावकसँग कार्यविस्तृतिकरण सम्झौता गरी अन्वेषण तथा अभिलेखीकरण कार्य गर्ने।<br>• अन्वेषण तथा अभिलेखीकरणबाट प्राप्त निश्कर्षलाई प्रकाशन तथा सार्वजनिकीकरण गर्ने। |
| सञ्चालन अवधि | प्रथम, दोश्रो र तेश्रो त्रैमासिक भित्र |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानून अनुसार |
| अनुगमन सूचक | निर्णयहरू प्रतिवेदन |

## ६.ज्वाला, सिंजा र कर्णाली सभ्यतासंग जोडिएका अभिलेख, स्तम्भहरु विश्व सम्पदा सूचीमा समावेश गर्नका लागि कर्णालीका सम्पदाहरुको पहिचान सम्बन्धी कार्य

| क्रियाकलाप संकेत: २.७.२५.६३१ | खर्च शीर्षक: २२५२२ |
|---|---|

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशको दैलेख जिल्लाको ज्वाला जुम्ला जिल्लाको सिंजा लगायत कर्णालीका सभ्यतासँग जोडिएका अभिलेख स्तम्भहरूलाई विश्व संपदासूचीमा समावेश गराउन कर्णालीको सम्पदा पहिचान गराउने र तिनीहरूको महत्वको सम्बन्धमा प्रचार प्रसार गरी विश्व सम्पदा सूचीमा समावेश गर्न आवश्यक कार्य गर्ने। |
| उद्देश्य | दैलेख जिल्लाको ज्वाला जुम्ला जिल्लाको सिंजा लगायत कार्णालीका सभ्यता र स्तम्भ लगायत का पुरातात्विक र सांस्कृतिकका विषयलाई विश्व सम्पदा सूचीमा समावेश गर्नका लागि सिफारिस गर्ने। |
| अपेक्षित प्रतिफल | कर्णाली प्रदेशका ज्वाला दुल्लु सिंजा लगायतका क्षेत्रका सभ्यता सस्कृति र स्तम्भ लगायत का पुरातात्विक र सांस्कृतिक महत्व भएका विषयलाई विश्व सम्पदा सूचीमा समावेशभएको हुने। |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • ज्वाला, सिंजा र कर्णाली सभ्यतासंग जोडिएका अभिलेख, स्तम्भहरु विश्व सम्पदा सूचीमा समावेश गर्नका लागि कर्णालीका सम्पदाहरुको पहिचान सम्बन्धी कार्य गर्न तेस्रो पक्षसँग कार्यविस्तृतिकरण सम्झौता गरी कार्य गर्ने।<br>• सिंजा उपत्यकाको सम्पदाहरूको विश्व सम्पदा सूचीमा समावेश गर्न परियोजना तयार गर्ने।<br>• ज्वाला सभ्यतासँग जोडिएका पञ्चकोशी क्षेत्रको विश्व सम्पदा सूचीमा समावेश गर्न परियोजना तयार गर्ने।<br>• नेपाली भाषाका अभिलेखहरू दामुपाल, किर्तिस्तम्भ, साउनाकार्की, बालेश्वर शिवालय, बामु खड्काको अभिलेख, पाथरनाउली लगायतका अभिलेखहरूको अध्ययन अनुसन्धान गर्ने।<br>• नारायण नगरपालिका भुर्तीमा रहेका बाइस देवलहरूको विश्व सम्पदा सूचीको प्रतिक्षामा रहेको सम्पदाको आवश्यक कार्यका लागि परियोजना प्रस्ताव तयार गर्ने।<br>• प्राप्त परियोजनाका आधारमा विश्व सम्पदा सूचीमा समावेश गर्नको लागि आवश्यक प्रक्रिया पूरा गर्न नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयसँग समन्वय गर्ने। |

| | |
|---|---|
| सञ्चालन अवधि | प्रथम, दोश्रो र तेश्रो त्रैमासिक भित्र। |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानून अनुसार |
| अनुगमन सूचक | सम्झौता पत्र, निर्णयहरू, प्रतिवेदन, तस्विरहरू, परियोजना कार्य। |

७ संगीतका लागि वाद्यवादन सामग्री सहयोग कार्यक्रम

| | |
|---|---|
| क्रियाकलाप संकेत: २.७.२५.६३० | खर्च शीर्षक: २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा संगितको माध्यमबाट कला र संस्कृतिको संरक्षण गर्न प्रदेश स्तरमा वाद्यवादन क्षेत्रका उपकरण सामग्री सहयोग गरी संगीत कला सस्कृतिको संरक्षणमा सहयोग गर्ने। |
| उद्देश्य | वाद्यवादनका सामाग्री सहयोग गरी कर्णाली प्रदेशमा रहेका संगीत कला संस्कृति परम्परा लागयतको संरक्षण गर्न प्रोत्साहित गर्ने। |
| अपेक्षित प्रतिफल | वाद्यवादनका सामाग्री सहयोग गरी कर्णाली प्रदेशमा रहेका संगीत कला संस्कृति परम्परा लागयतको संरक्षण गर्न प्रोत्साहित गरी संगीत कला परम्परा संस्कृतिको लगायतको संरक्षण भएको हुनेछ। |
| कार्यान्वयन गर्ने | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • वाद्यवादनका उपकरण उपलब्ध गराउनको लागि मापदण्ड तयार गर्ने।<br>• पञ्चकोशी क्षेत्र (नाभिस्थान, शीरस्थान, कोटिला, धुलेश्वर, पादुका, तल्लो डुंगेश्वर) दैलेख, चन्दननाथ जुम्ला, भैरवनाथ सिंजा जुम्ला, कनकासुन्दरी जुम्ला, त्रिपुरासुन्दरी डोल्पा, डिग्रे साईकुमारी रूकुम पश्चिम, खैरावाङ भगवती सल्यान, खार्पुनाथ हुम्ला, थार्पो मष्टा मुगु लगायतका महत्वपूर्ण धार्मिक स्थलहरूमा वाद्यबादन सामग्रीहरू उपलब्ध गराउने। |
| सञ्चालन अवधि | प्रथम, दोश्रो त्रैमासिक भित्र। |
| वजेट बाँडफाट | PLMBIS अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानून अनुसार |
| अनुगमन सूचक | निर्णय, प्रतिवेदन, तस्विरहरू। |

प्रदेश सचिव

घनश्याम भण्डारी मा. म...

ख.) पुंजीगत खर्च शीर्षक तर्फका क्रियाकलापहरू

पुँजिगत खर्च शिर्षक तर्फका क्रियाकलापहरु:

८६. खर्च शिर्षक: गैर आवाशिय भवन निर्माण/खरिद (३१११२), अन्य सार्वजनिक निर्माण (३११५९), र निर्मित भवनको संरचनात्मक सुधार खर्च (३११६१) अन्तरगतका क्रियाकलापहरु

| | |
|---|---|
| परिचय | सरकारी तथा सार्वजनिक प्रयोगका निर्माण तथा निर्मित संरचनाको मर्मत तथा सुधारका लागि पुँजित खर्च शिर्षक तर्फ (३१११२), (गैर आवाशिय भवन निर्माण/खरिद), (३११५९) (अन्य सार्वजनिक निर्माण) र (३११६१) (निर्मित भवनको संरचनात्मक सुधार खर्च) खर्च शिर्षकहरुमा बजेट विनियोजन गरिएको छ। खर्च शिर्षक (३१११२) गैर आवाशिय भवन निर्माण/खरिद अन्तर्गत डिजाइन तथा स्टिमेट बमोजिम कार्यालय भवन, भवन तथा जग्गाको कम्पाउण्ड बाल निर्माण लगायतका भवन जन्य संरचनाको निर्माण खरिद गर्न लाग्ने खर्चहरुको साथै भैइरहेको भवनहरुमा कोठा वा तला थप गर्ने कार्यक्रमहरु पर्दछन्,। खर्च शिर्षक (३११५९) अन्य सार्वजनिक निर्माणमा गैर आवाशिय भवन निर्माण वाहेकका अन्य सार्वजनिक प्रयोजनका लागि प्रयोग हुने निर्माण वा खरिद जस्तैः कम्पाउण्ड वाल, घेरावार, खेलमैदान, रंगाशाला र शौचालय आदी पर्दछन्। खर्च शिर्षक (३११६१) निर्मित भवनको संरचनात्मक सुधार खर्च अन्तर्गत भैइरहेको भवन तथा अन्य संरचना सम्बन्धी संरचनाको आयु थप हुनेगरी गरिने पुँजिगत प्रकृतिका कार्यक्रमहरु जस्तैः निर्मित भवन, कक्षाकोठा, कम्पाउण्ड वाल, शौचालय, खेलमैदान आदिको मर्मत सम्भार तथा संरचनात्मक सुधार गर्ने कार्यहरु पर्दछन्। |
| उद्देश्य | प्रदेशमा सरकारी/सार्वजनिक प्रयोगका गैरआवाशिय भवन निर्माण तथा मर्मत सुधार साथै अन्य सार्वजनिक निर्माण गर्नु। |
| अपेक्षित प्रतिफल | प्रदेशको शिक्षा, स्वास्थ्य तथा सामाजिक क्षेत्रमा भौतिक पूर्वाधारको विकास र सुदृढिकरण भैइ सेवा प्रवाह प्रभावकारी हुनका साथै आवाश तथा सेवा प्रवाहका लागि आवश्यक पर्ने स्रोत र साधन उपलब्ध हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | शिक्षा विकास निर्देशनालय,कर्णाली प्रदेश, सुर्खेत र जिल्ला स्थित सामाजिक विकास कार्यालयहरु |
| सञ्चालन प्रकृया | • रु ३० लाखसम्म उपभोक्ता समिति र सो भन्दा बढी रकम विनियोजन भएका आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन नगरी खुला बोलपत्र मार्फत खरिद गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • कुनै विशेष कारणवस खुला बोलपत्र मार्फत खरिद हुननसक्ने भएमा सो को स्पष्ट आधार र कारण खुलाई सम्बन्धित लेखा उत्तरदायी अधिकृतले मन्त्रालयबाट सहमति लिई आयोजना कार्यान्वयन गर्न सकिनेछ।<br>• रु ३० लाख र सो भन्दा कमका आयोजनाहरु प्रचलित कानुन बमोजिम व्यवस्थापन/उपभोक्ता समिति मार्फत प्रचलित कानुन बमोजिम सम्झौता गरि नियमानुसार कम्तिमा ५ (पाँच) प्रतिशत धरौटी रकम तोकिएको खातामा जम्मा गर्न सकिनेछ।<br>• क्रियाकलाप सञ्चालन गर्दा प्रचलित ऐन, कानुन, सार्वजनिक खरिद ऐन, नियमावली तथा कर्णाली प्रदेश विनियोजन ऐन २०८२/०८३ र आर्थिक मामिला तथा योजना मन्त्रालयको आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने मार्गदर्शनको पूर्ण परिपालना गरि गर्नुपर्नेछ।<br>• माथि उल्लेखित शिर्षक अन्तरगतका आयोजनाहरुबाट ३ (तीन) प्रतिशतले हुनआउने रकम कन्टिजेन्शी बापत कट्टी गरिनेछ। उक्त रकम नियमानुसार खर्च गर्न सकिनेछ। |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| समय अवधि | पहिलो/दोस्रो/तेस्रो र चौथो त्रैमासिक |
| सन्दर्भ सामग्री | • प्रचलित ऐन नियम तथा कानुनहरु |
| अनुगमन सूचक | • विद्यालयको भौतिक पूर्वाधार निर्माण कार्यसम्पन्न प्रतिवेदन,<br>• निकासा पत्र,<br>• अनुगमन प्रतिवेदन। |

८७. धर्म, संस्कृति सम्बन्धी पूर्वाधार विकास सहयोगः

| क्रियाकलाप संकेतः २.७.२६.१ | खर्च शिर्षकः २२५२९ |
|---|---|
| परिचय | सुर्खेत जिल्ला भित्रका धार्मिक, संस्कृतिक संघ संस्थाको पूर्वाधार निर्माणमा सहयोग गरी धार्मिक सशिष्णुता, नैतिकता र सदाचारिताको अभिवृद्धि गर्ने कार्यक्रम |
| उद्देश्य | धर्म, संस्कृति सम्बन्धी पूर्वाधार विकास गर्ने |
| अपेक्षित प्रतिफल | धर्म, संस्कृति सम्बन्धी पूर्वाधार विकास भएको हुनेछ |
| कार्यान्वयन गर्ने | शिक्षा विकास निर्देशनालय |
| सञ्चालन प्रकृया | • सुर्खेत जिल्ला भित्रका धर्म संस्कृति सम्बन्धी संघ संस्थाहरुबाट पूर्वाधार विकास सहयोगको लागि माग गरेका मध्येबाट छनौट गर्ने<br>• निर्देशनालय र सम्बन्धीत संस्थासँग दुई पक्षिय सम्झौता गरी नियमानुसारको प्रकृया पुरा गरेर भौतिक पूर्वाधार निर्माण कार्य अगाडि बढाउने |
| बजेट बाँडफाट | PLMBIS अनुसार |

| | |
|---|---|
| समय अवधि | पहिलो/दोस्रो/तेस्रो र चौथो त्रैमासिक |
| सन्दर्भ सामग्री | प्रचलित नियम कानुनहरु |
| अनुगमन सूचक | ड्रइङ डिजाइन, स्टिमेट, कार्यसम्पन्न प्रतिवेदन |

८८.व्याडमिन्टन कबर्डहल निर्माण

| क्रियाकलाप संकेत:११.४.२२.४८० | खर्च शिर्षक:३११५९ |
|---|---|
| परिचय | व्याडमिन्टन कबर्डहल निर्माण गरि खेलाडीहरुको सर्वाङ्गीण बिकासमा सहयोग पुर्याउनुका साथै खेलकुद क्षेत्रको विकास गराउनका लागि सञ्चालित कार्यक्रम। |
| उद्देश्य | खेलकुदको पूर्वाधार विकास गर्ने |
| अपेक्षित प्रतिफल | व्याडमिन्टन कबर्डहल निर्माण भई खेल खेल्न सहज भएको हुनेछ । |
| कार्यान्वयन गर्ने | शिक्षा विकास निर्देशनालय |
| सञ्चालन प्रकृया | • स्थानीय तहबाट स्वीकृत ड्रइङ डिजाइन/डिपिआर अनुसार,<br>• सार्वजनिक खरिद ऐन नियमानुसार बोलपत्र आव्हान गर्ने,<br>• नियमानुसार छनौट भएका निर्माण व्यवसायी र निर्देशनालय विच दुई पक्षिय सम्झौता गर्ने,<br>• सर्त अनुसार बिलका आधारमा नियमानुसारको भुक्तानी दिने। |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| समय अवधि | पहिलो/दोस्रो/तेस्रो र चौथो त्रैमासिक |
| सन्दर्भ सामग्री | प्रचलित नियम कानुनहरु |
| अनुगमन सूचक | ड्रइङ डिजाइन, स्टिमेट, कार्यसम्पन्न प्रतिवेदन |

१०७. अनाथ बालवालिका आवाशीय भवन निर्माण चौकुने ७

| क्रियाकलाप संकेत:११.१.२.८६४ | खर्च शिर्षक:३१११२ |
|---|---|
| परिचय | अनाथ बालवालिकाहरुका लागि सुविधायुक्त आवाश भवन निर्माण गरी उपयुक्त आवासको पूर्वाधार निर्माण कार्यक्रम। |
| उद्देश्य | अनाथ बालवालिकाहरुका लागि सुविधायुक्त आवाश व्यवस्थापन गर्ने। |
| अपेक्षित प्रतिफल | सुरक्षित र सुविधायुक्त आवास भवन निर्माण भएको हुनेछ । |
| कार्यान्वयन गर्ने | शिक्षा विकास निर्देशनालय |
| सञ्चालन प्रकृया | • स्थानीय तहबाट छनौट भएको स्थान र जग्गाको लालपूर्जा/भोकाधिकारको सुनिश्चित गरि स्थानीय तहको निर्णय र आवश्यक कागजात माग गर्ने,<br>• स्थानीय तहबाट स्वीकृत ड्रइङ डिजाइन/डिपिआर अनुसार,<br>• सार्वजनिक खरिद ऐन नियमानुसार बोलपत्र आव्हान गर्ने,<br>• नियमानुसार छनौट भएका निर्माण व्यवसायी र निर्देशनालय विच दुई पक्षिय सम्झौता गर्ने,<br>• सर्त अनुसार बिलका आधारमा नियमानुसारको भुक्तानी दिने। |

| | |
|---|---|
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| समय अवधि | पहिलो/दोस्रो/तेस्रो र चौथो त्रैमासिक |
| सन्दर्भ सामग्री | प्रचलित नियम कानुनहरु |
| अनुगमन सूचक | ड्रइङ डिजाइन, स्टिमेट, कार्यसम्पन्न प्रतिवेदन |

१०८. मेशिनरी औजार, यन्त्र, उपकरण, फर्निचर तथा फिक्चर्स र अन्य निर्माण खरिद (यस खर्च शिर्षक अन्तरगतका सबै क्रियाकलापहरु)

| क्रियाकलाप संकेतः ११.३.७.१४, ११.३.२०.५ र ११.६.१३.६ | खर्च शिर्षकः ३११२२ र ३११२३ |
|---|---|
| परिचय | आ.व.२०८१/०८२मा आवश्यक पर्ने मेशीनरी औजार, यन्त्र, उपकरण, फर्निचरतथा फिक्चर्स र अन्य निर्माण खरिद गरी कार्यालयको उपयुक्त व्यवस्थापन र कार्यालयको कार्यसम्पादनमा प्रभावकारिता अभिबृद्धि गर्ने प्रयोजनका लागि निर्देशनालय /सामाजिक विकास कार्यालयद्वारा संचालन गरिने कार्यक्रम । |
| उद्देश्य | कार्यालय व्यवस्थापन तथा कार्यसम्पादन स्तरमा प्रभावकारिता अभिबृद्धि गर्नु । |
| अपेक्षित प्रतिफल | कार्यालय संचालनका लागि आवश्यक सामग्री उपलब्ध भई कार्यसम्पादनमा सहजता प्राप्त भएको हुनेछ । |
| कार्यान्वयन गर्ने | शिक्षा विकास निर्देशनालय/ सामाजिक विकास कार्यालय । |
| सञ्चालन प्रकृया | • कार्यालयको खरिद इकाईको निर्णयानुसार खरिद योजना तयार गरिनेछ ।<br>• खरिद योजनाका आधारमा सामग्री खरिदका लागि जिल्ला दररेट सहितको कोटेशन आह्वान गरिनेछ ।<br>• सामग्रीको गुणस्तर र मूल्यका आधारमा तुलनात्मक विश्लेषण गरी सार्वजनिक खरिद ऐन२०६३, सार्वजनिक खरिद नियमावली २०६४ र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम खरिद गरिनेछ । |
| बजेट बाँडफाट | PLMBIS अनुसार |
| समय अवधि | पहिलो, दोस्रो,तेस्रोर चौथो त्रैमासिक |
| सन्दर्भ सामग्री | • कर्णाली प्रदेश सरकारको बजेट तथा कार्यक्रम, २०८१/०८२, सामाजिक विकास मन्त्रालयको विनियोजित बजेट, २०८१/०८२<br>• सार्वजनिक खरिद ऐन२०६३, सार्वजनिक खरिद नियमावली २०६४<br>• कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | खरिद योजना, खरिद आदेश, कोटेशन, तुलनात्मक विश्लेषण, बील र दाखिला रिपोर्ट |

प्रदेश सचिव

घनश्याम भण्डारी

## १०९: मन्त्रालयको वार्षिक कार्यक्रम तथा बजेट पुस्तिका तयारी तथा छपाई

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.५८४ | २२५२२ | १००० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | सामाजिक विकास मन्त्रालय अन्तर्गत आ.व. २०८२/८३ मा स्वीकृत कार्यक्रम र बजेटलाई स्पष्ट, व्यवस्थित र अभिलेखिकरण गर्न मन्त्रालयले वार्षिक कार्यक्रम तथा बजेट पुस्तिका प्रकाशन गर्दै आएको छ। यससँगै, स्वीकृत कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न निर्देशनको खाँचो पर्ने भएकाले "कार्यक्रम सञ्चालन निर्देशिका" समेत आवश्यक हुन्छ। यस कार्यक्रममार्फत दुवै दस्तावेजको तयारी, छपाई, वितरण तथा अभिलेखीकरण गरिनेछ। |
| उद्देश्य | • मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट विवरणलाई एकीकृत र व्यवस्थित रूपमा प्रस्तुत गर्नु।<br>• कार्यान्वयन गर्नुपर्ने निकायहरूलाई स्पष्ट निर्देशन प्रदान गर्ने दस्तावेज सञ्चालन ) तयार गर्नु। (निर्देशिका<br>• छपाई तथा वितरण गरी सूचना पहुँच अभिवृद्धि गर्नु।<br>• पारदर्शिता, जवाफदेहिता र कार्यक्षमतामा सुधार ल्याउनु। |
| अपेक्षित प्रतिफल | • वार्षिक कार्यक्रम स्पष्ट, पारदर्शी र एकीकृत ढंगले सम्प्रेषण गर्न आवश्यक।<br>• मातहत कार्यालय तथा क्रियान्वयन तहका लागि कार्यान्वयन मार्गदर्शन आवश्यक।<br>• नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख गरिएका कार्यक्रम कार्यान्वयनका लागि आधार दस्तावेज आवश्यक।<br>• संस्थागत स्मरण र अभिलेख व्यवस्थापनका लागि उपयोगी दस्तावेज। |
| संचालन प्रकृया | • आवश्यकता अनुसार कार्यक्रम तथा बजेट पुस्तिका तथा कार्यक्रम निर्देशिका तयारी का लागि विभिन्न समिति र उपसमिति गठन गरी कार्ययोजना तयार पारिनेछ।<br>• कार्यक्रम व्यवस्थापन, योजना शाखाको समन्वयमा वार्षिक बजेट तथा कार्यक्रम |

| | |
|---|---|
| | पुस्तिका र कार्यक्रम सञ्चालन निर्देशिका (Program Implementation Manual ) तयार पारिनेछ।<br>• निर्देशिका तथा बजेट पुस्तिका मस्यौदामाथि आन्तरिक छलफल तथा आवश्यक बैठकहरू संचालन गरिनेछ।<br>• मस्यौदा पुस्तिकालाई सम्पादन, डिजाइन तथा अन्तिम प्रूफिङ गरिनेछ।<br>• तयारीको क्रममा आवश्यक प्राविधिक तथा स्टेशनरी सामग्री खरिद तथा मर्मत गर्न सकिनेछ।<br>• अन्तिम प्रतिलिपिहरू छपाई गरी मन्त्रालय तथा मातहतका कार्यालयहरूमा वितरण गरिनेछ।<br>• छपाई तथा वितरण कार्य समयमै सम्पन्न गर्न समन्वयात्मक कार्ययोजना अनुसार अगाडि बढाइनेछ।<br>• बजेट तथा कार्यक्रम र कार्यक्रम संचालन निर्देशिकाको कार्यन्वयनको अवस्थाको बारेमा अनुगमन गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५। |
| सन्दर्भ सामग्री | • स्वीकृत बजेट र कार्यक्रम विवरण।<br>• अघिल्लो वर्षको बजेट पुस्तिका र कार्य निर्देशिका।<br>• मन्त्रालयका आन्तरिक नीति तथा कार्य सञ्चालन निर्देशिका। |
| अनुगमन सूचक | • प्रकाशित प्रतिको संख्या।<br>• वितरण गरिएका कार्यालयको संख्या।<br>• अनलाइन उपलब्धता (वेबसाइटमा PDF)।<br>• निर्देशन पालना दर (प्रतिक्रिया वा फिडब्याक अनुसार)। |
| जिम्मेवार व्यक्ति | योजना शाखा प्रमुख |

११०. विभिन्न कानून तथा कार्यविधि निर्माण

प्रदेश सचिव

| क्रियाकलाप संकेत नं. | खर्च शिर्षक | बजेट(हजारमा) | संचालन गर्ने निकाय | संचालन गर्ने अवधि |
|---|---|---|---|---|
| २.७.२५.६४८ | २२५२२ | १५०० | सामाजिक विकास मन्त्रालय | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशको शासन प्रणालीलाई प्रभावकारी, जवाफदेही र समन्वययुक्त बनाउन आवश्यक विभिन्न कानून, नीति, कार्यविधि, मापदण्ड तथा निर्देशिकाहरू निर्माण, परिमार्जन तथा कार्यान्वयन गर्न यो कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ। कर्णाली प्रदेशको भौगोलिक, सामाजिक र प्रशासनिक विविधता तथा चुनौतीलाई मध्यनजर गर्दै व्यवहारिक, समावेशी र कार्यान्वयनयोग्य कानूनी संरचना निर्माण गर्नु कार्यक्रमको मूल उद्देश्य हो। |
| उद्देश्य | • कर्णाली प्रदेशको शासन प्रणालीसँग सम्वन्धित आवश्यक कानून निर्माण तथा परिमार्जन गर्नु।<br>• सेवा प्रवाहलाई स्पष्ट, पारदर्शी र उत्तरदायी बनाउने कानूनी आधार तयार गर्नु।<br>• स्थानीय तह, सेवा प्रदायक निकाय र सरोकारवालाबीच समन्वय हुने गरी कानूनी संरचना निर्माण गर्नु। |
| अपेक्षित प्रतिफल | • प्रदेशस्तरीय कानून र कार्यविधिहरू अद्यावधिक, समयानुकुल परिमार्जित, व्यवहारिक र कार्यान्वयनमुखी हुने।<br>• नीति तथा सेवा प्रवाहमा एकरूपता, स्पष्टता र समन्वय सुनिश्चित हुने।<br>• कानूनी र प्रक्रियागत अस्पष्टता हटाई जवाफदेही शासन प्रणाली स्थापना हुने। |
| संचालन प्रकृया | • कानून निर्माण गर्नु पर्ने आवश्यकता र औचित्यताको आधार पहिचान गर्नका लागि आवश्यकता अनुसार संघीय निकाय, अन्तरप्रादेशिक निकाय र कर्णाली प्रदेशका १० वटै जिल्लाको अवलोकन, अनुभव आदान प्रदान गरी विभिन्न निकायबाट परामर्श एवं राय/सुझाव लिन सकिनेछ।<br>• संघीय, अन्तरप्रादेशिक, जिल्लागत तथा स्थानीय निकायका सेवा प्रवाह गर्ने कार्यालयहरू, जनप्रतिनिधि तथा सरोकारवाला निकायहरूसँग अन्तरक्रिया गरी |

| | |
|---|---|
| | विद्यमान कानूनी एवं कार्यविधिगत अवस्थाको मूल्यांकन तथा सुझाव संकलन गरिनेछ।<br>• संकलित सुझावका आधारमा सम्बन्धित शाखाले प्रारम्भिक मस्यौदा तयार पार्नेछ।<br>• प्रदेशस्तरीय परामर्श कार्यशाला आयोजना गरी सरोकारवाला, विज्ञ तथा नागरिक समाजका प्रतिनिधिहरूबाट सुझाव संकलन गरिनेछ।<br>• मस्यौदामा आवश्यक परिमार्जन गरी सम्बन्धित मन्त्रालय/कार्यालयबाट सहमति लिई स्वीकृतिको लागि प्रक्रिया अगाडी बढाइनेछ।<br>• स्वीकृत कानूनलाई कार्यान्वयनमा ल्याउन आवश्यक निर्देशन तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>• कार्यक्रम सम्पन्न भएपश्चात प्रतिवेदन तयार गरी मन्त्रालयमा बुझाउने व्यवस्था गरिनेछ। |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५। |
| सन्दर्भ सामग्री | • संघीय कानून, नीतिगत दस्तावेजहरू<br>• प्रदेश सरकारका नीति तथा कार्यक्रम<br>• विगतका कार्यविधिहरू, निर्देशिकाहरू<br>• सरोकारवाला सहभागिताका प्रतिवेदन र सिफारिसहरू |
| अनुगमन सूचक | • तर्जुमा एवं परिमार्जन गरिएका कानून, कार्यविधि, निर्देशिकाको संख्या<br>• सरोकारवाला छलफल तथा परामर्श बैठकहरूको संख्या<br>• कार्यान्वयनमा ल्याइएका दस्तावेजहरूको संख्या<br>• प्रतिवेदन पेश गरिएका गतिविधिहरूको संख्या |
| जिम्मेवार व्यक्ति | कानून तथा फैसला कार्यान्वयन शाखा प्रमुख |

प्रदेश सचिव

घनश्याम भण्डारी
मा. मन्त्री

इमेल: moeap6@gmail.com
वेबसाइट: moeap.karnali.gov.np

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

पत्र सङ्ख्या:-२०८२/०८३
च.नं.:- ०१

मिति: २०८२/०४/०१

विषय : आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन।

प्रिय सहकारीज्यू,

आर्थिक वर्ष २०८२/८३ को लागि तहाँ मन्त्रालय/सचिवालय/आयोग/कार्यालय वा अन्तर्गतका निकायबाट
सम्पादन गर्नुपर्ने कार्यहरू व्यवस्थापनका लागि कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ प्रदेशसभाबाट पारित भई
मिति २०८२/०३/३१ गतेका दिन माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणीकरण भइसकेको व्यहोरा यहाँलाई
अवगत नै छ। सोही अनुसार आर्थिक वर्ष २०८२/८३ का लागि तहाँ र अन्तर्गतका निकायहरूमा विनियोजित
रकम प्रचलित कानून र स्थापित प्रणाली बमोजिम खर्च गर्ने/गराउने, खर्चको लेखा राख्ने/राख्न लगाउने,
प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी पूरा हुने अपेक्षा गरेको छु। यस आर्थिक वर्षमा
बजेटले लिएका उद्देश्य र प्राथमिकता प्राप्तिका लागि उपलब्ध स्रोतको अधिकतम उपयोग गर्दै खर्चमा
मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता कायम गर्नु हुनेछ। बजेट कार्यान्वयन गर्दा समग्र वित्तीय अनुशासन
कायम गर्दै रकम निकासा, खर्च र नियन्त्रण लगायतका वित्तीय उत्तरदायित्व कायम गर्न कर्णाली प्रदेश
विनियोजन ऐन, २०८२, कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को अनिवार्य
रूपमा परिपालना गर्नु/गराउनु हुनेछ भन्ने विश्वासका साथ कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ को दफा
१४ को उपदफा (४) बमोजिम बजेट कार्यान्वयन सम्बन्धमा यो मार्गदर्शन प्रेषित गरेको छु।

आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम व्यवस्था मिलाइएको
हुँदा सो बमोजिम गर्नु/गराउनु हुन अनुरोध गर्दछु।

**(क) अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट:**

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budget Information System: PLMBIS) मा समावेश भएको बजेट तथा कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयबाट रकम निकासा लिने र खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२. अनुदान संकेत नं. ४०१ अर्थ वित्तीय व्यवस्था र ६०२ अर्थ विविध बाहेक एक भन्दा बढी निकायबाट खर्च गर्ने गरी एकमुष्ट रूपमा रकम विनियोजन भएको भए त्यस्तो रकम बाँडफाँटका लागि सोको आधार तथा कारण खुलाई क्रियाकलाप सहित कार्यक्रमको विवरण र त्रैमासिक विभाजन सहित प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्ट गरी सम्वत् २०८२ कार्तिक मसान्तभित्र विभागीय मन्त्रीस्तरीय निर्णय गराई अद्यावधिक गर्न यस मन्त्रालयमा पठाउनु हुनेछ।

३. बुँदा नं. २ अनुसार एकमुष्ट रूपमा विनियोजित रकम २०८२ कार्तिक मसान्तभित्र बाँडफाँट नभएमा त्यस्तो रकम स्वतः समर्पण भएको मानिनेछ र त्यस्तो रकम रोक्का राखी आवश्यकता अनुसार यस मन्त्रालयले अन्य निकाय वा कार्यमा परिचालन गर्न सक्नेछ।

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

इमेल: moeap6@gmail.com
वेबसाइट: moeap.karnali.gov.np

पत्र सङ्ख्या:-२०८२/०८३
च.नं.:- ०१

४. नेपाल सरकारबाट प्रदेश सरकारलाई सशर्त अनुदानको रुपमा प्राप्त आयोजना वा कार्यक्रम बजेट सूचना प्रणालीमा प्रविष्टि गर्दा त्रुटी भइ सच्याउनुपर्ने भएमा तहाँ मन्त्रालयबाट निर्णय गरी सम्वत् २०८२ पौष मसान्तसम्ममा यस मन्त्रालयमा पेस गर्नुहुनेछ।

५. तहाँ मन्त्रालय वा निकायको बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको त्रैमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा सोको आधार र कारण खुलाई संशोधनको लागि यस मन्त्रालयमा सम्वत् २०८२ चैत्र मसान्तसम्ममा पेस गर्नुहुनेछ।

६. आर्थिक वर्षको बीचमा प्रदेश सरकारबाट नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भइ नयाँ कार्यालयको स्थापना हुने वा मौजुदा कार्यालय एक आपसमा गाभिने भई त्यस्तो कार्यको लागि नयाँ खर्च शीर्षक र क्रियाकलाप थप, घट वा संशोधन गरी रकम व्यवस्थापन गर्नु परेमा यस मन्त्रालयमा अनुरोध गर्नुहुनेछ।

७. तहाँ मन्त्रालय वा निकायमा विनियोजन भएको कुनै आयोजना वा कार्यक्रमको प्रकृति वा कार्यक्षेत्र अर्को मन्त्रालय वा निकाय अन्तर्गत पर्ने भएमा सम्बन्धित मन्त्रालय वा निकायमार्फत उक्त आयोजना वा कार्यक्रम कार्यान्वयनका लागि अख्तियारी प्रदान गर्न आयोजना बैठक लगायतका आवश्यक प्रक्रिया पुऱ्याई यस मन्त्रालयमा अनुरोध गर्नुहुनेछ।

८. कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ को दफा ८ को उपदफा (१) बमोजिम तहाँ मन्त्रालय वा निकायमा रहेको आयोजना वा कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन गर्दा प्रभावकारी हुने भएमा प्रदेश सरकारबाट निर्णय गराई अख्तियारी प्रदानको लागि सम्वत् २०८२ चैत्र मसान्तसम्म यस मन्त्रालयमा अनुरोध गर्नुहुनेछ।

९. वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट सम्वत् २०८२ फागुन मसान्तसम्म पनि खरिद प्रक्रिया सुरुवात नभएमा वा बाँकि अवधिमा पनि खर्च हुन नसक्ने भएमा त्यस्तो रकम एकिन गरी सम्वत् २०८२ चैत्र १५ गतेभित्र यस मन्त्रालयमा समर्पण गर्नु हुनेछ।

(ख) बजेट निकासा तथा बजेट कार्यान्वयन सम्बन्धी व्यवस्थाः

१०. आयोजना वा कार्यक्रम सञ्चालनको लागि विनियोजित रकमको सीमाभित्र रही खरिद प्रक्रिया सुरुवात गर्नु हुनेछ। कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ को दफा १० को उपदफा (४) मा विनियोजित रकम भन्दा बढी रकमको आयोजना वा कार्यक्रम स्वीकृत गर्ने वा ठेक्का लगाउने वा खरिद कारबाही प्रारम्भ गर्न नपाइने व्यवस्था रहेको हुँदा सो व्यवस्थाको पूर्ण रुपमा कार्यान्वयन गर्नु गराउनु हुनेछ।

११. बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि समयसीमा सहितको स्पष्ट कार्ययोजना बनाई सम्वत् २०८२ साउन मसान्तभित्र जिम्मेवार पदाधिकारीबाट स्वीकृत गराई सोही कार्ययोजना बमोजिम वर्षभरी नै कार्य सम्पादन गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ।

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

इमेल: moeap6@gmail.com
वेबसाइट: moeap.karnali.gov.np

पत्र सङ्ख्या:-२०८२/०८३
च.नं.:- ०१

१२. विगत वर्षदेखि नै सञ्चालन हुँदै आएका कार्यक्रम आर्थिक वर्ष २०८२/८३ मा समेत यथावत् रुपमा सञ्चालन हुने भएमा त्यस्ता कार्यक्रम सञ्चालनको लागि कर्णाली प्रदेश विनियोजन ऐन, २०८९ बमोजिम तर्जुमा भएका कार्यविधि, निर्देशिका, मापदण्ड बमोजिम नै कार्यान्वयन गर्नु हुनेछ।

१३. चालु आर्थिक वर्षको स्वीकृत वार्षिक विकास कार्यक्रममा समावेश भएको कुनै नयाँ कार्यक्रम कार्यान्वयनका लागि छुट्टै कार्यविधि, निर्देशिका तथा मापदण्ड आवश्यक पर्ने भएमा कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ का दफा १४ को उपदफा (२) बमोजिम सम्वत् २०८२ पौष मसान्तभित्र कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत गराइ कार्यान्वयनमा लैजानु हुनेछ।

१४. सार्वजनिक भवन तथा यस्तै प्रकृतिका पूर्वाधारसम्बन्धी संरचना निर्माण गर्दा कसैको निजी जग्गा समेत उपयोग गर्नुपर्ने भएमा भूमिसम्बन्धी प्रचलित कानूनबमोजिम जग्गा प्राप्ति वा भोगाधिकारको कार्य सम्पन्न भएपश्चात मात्र खरिद कार्य सुरु गर्नु हुनेछ। आयोजना वा कार्यक्रम कार्यान्वयनका लागि प्रारम्भिक चरणका कार्यहरू (विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गा प्राप्ति, बोलपत्र सम्बन्धी कागजात तयारी लगायतका कार्य) यथाशीघ्र सम्पन्न गर्नु पर्नेछ। विनियोजित रकमको सीमा अनुरूप आर्थिक वर्षको सुरूमा नै वार्षिक खरिद योजना वा खरिद गुरुयोजना तयार गरी सोही अनुसार खरिद कारवाही गर्नु हुनेछ। खरिद सम्झौता गर्दा निर्माण व्यवसायीको कार्यदक्षता, विगतमा सम्पन्न गरेको कामको गुणस्तर र समय, कार्यानुभव लगायतका विषय समेतलाई ध्यान दिनु हुनेछ।

१५. नेपाल सरकारको नाउँमा रहेको सरकारी वा सार्वजनिक जग्गामा प्रदेश सरकार, स्थानीय तहहरू लगायत सरकारी निकायले प्रचलित कानुनअनुसार आफ्नो नाउँमा भोगाधिकार कायम नगर्दै सार्वजनिक संरचना निर्माण प्रक्रिया थालनी गर्नुहुने छैन। नेपाल सरकारको नाउँमा रहेको सरकारी वा सार्वजनिक जग्गाको उपभोग गर्ने प्रयोजनार्थ खरिद प्रकिया अगाडी बढाउनु पूर्व भूमिसम्बन्धी कानूनको साथै अन्य प्रचलित कानूनको पूर्ण पालना गर्नु/गराउनु हुनेछ।

१६. प्रदेश सरकारको नीति अनुसार तहाँ मन्त्रालय वा निकायबाट प्रदान गरिने अनुदान सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दा नेपाल सरकार, स्थानीय तह र अन्य कुनै गैरसरकारी सङ्घ संस्थाबाट प्रदान गरिने उस्तै प्रकृतिको कार्यक्रमसँग दोहोरो नपर्ने सुनिश्चितता गरेर मात्र निकासा, खर्च तथा भुक्तानी दिने व्यवस्था मिलाउनु हुनेछ।

१७. प्रदेश सरकारका सबै सार्वजनिक निकायहरुले सार्वजनिक खरिद सम्झौता अनुसार काम भए नभएको नियमित अनुगमन तथा मूल्याङ्कन गरी गराइ चालु आर्थिक वर्षभित्रै भुक्तानी हुने प्रवन्ध मिलाई अर्को आर्थिक वर्षमा दायित्व नसार्ने व्यवस्था मिलाउनु हुनेछ।

१८. राजनैतिक दलका स्थानीय पदाधिकारी, जनप्रतिनिधि र निजका परिवार, निर्माण व्यवसायी र राष्ट्रसेवक कर्मचारी उपभोक्ता समितिमा रहन नपाउने व्यवस्था मिलाउनु हुनेछ। उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने गरी सम्झौता भएको आयोजनालाई प्रत्यक्ष वा परोक्ष रुपमा निर्माण व्यावसायीमार्फत गराउन पाइने छैन। प्रदेश सरकारको नीति अनुरुप रू. ३० लाख भन्दा बढी रकम विनियोजन भएका आयोजना उपभोक्ता समितिमार्फत कार्यान्वयन नगरी खुला बोलपत्रको प्रक्रिया मार्फत खरिद गर्नु पर्नेछ।

इमेल: moeap6@gmail.com
वेबसाइट: moeap.karnali.gov.np

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

पत्र सङ्ख्या:-२०८२/०८३
च.नं.:- ०१

१९. यस आर्थिक वर्षका लागि स्वीकृत भएको कुनै आयोजनाको प्रकृति र लागतको हिसाबले चालु आर्थिक वर्षभित्र सम्पन्न हुन नसक्ने भएमा कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमती सम्बन्धी निर्देशिका, २०८१ मा उल्लिखित आधार र प्रक्रिया पूरा गरी बहुवर्षीय आयोजनाको रुपमा स्रोत सहमति लिएर मात्र खरिद प्रक्रिया अगाडि बढाउनु हुनेछ।

२०. प्रदेश गौरव वा प्राथमिकता प्राप्त आयोजना बाहेक अन्य आयोजना वा कार्यक्रमको हकमा स्रोत सहमतिको अवधि बढीमा ३ वर्षको रहनेछ। स्रोत सहमति प्रदान गरेको मितिले छ महिना वा चालु आर्थिक वर्षको जेष्ठ मसान्त मध्ये जुन अवधि पहिले आउँछ सोही अवधिभित्र ठेक्का सम्झौता नभएमा सहमति स्वतः रद्द हुनेछ। विगतमा स्रोत सहमती प्रदान गरिएका तर यस आर्थिक वर्षको बजेटमा रकम विनियोजन नगरिएका आयोजनाहरूको स्रोत सहमति खारेज हुने व्यवस्था रहेकोले सोही बमोजिम गर्नु गराउनु हुनेछ।

२१. कर्णाली प्रदेश सरकारबाट बजेट विनियोजन भएका प्रदेशभित्रका आयोजना वा कार्यक्रमको कार्यान्वयनका लागि चालु आर्थिक वर्षको कार्तिक महिनाभित्र ठेक्का सम्झौता हुने गरी आवश्यक व्यवस्था मिलाउनु हुनेछ। सो समयावधिमा खरिद प्रक्रिया अगाडि नबढेका आयोजना वा कार्यक्रममा विनियोजित रकम यस मन्त्रालयले रोक्का गर्न सक्नेछ।

२२. निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेपछि सम्झौता बमोजिमका सबै वा केही कार्यका लागि सहायक ठेक्का सम्झौता गर्ने भएमा अनिवार्य रुपमा सम्बन्धित आयोजना प्रमुखको लिखित रुपमा पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था मिलाउनु हुनेछ। अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा सहायक ठेक्का सम्झौता गर्न नपाइने व्यवस्था गर्नु हुनेछ। निर्धारित समय र लागतमा काम सम्पन्न गर्न र गुणस्तर कायम गर्न आयोजना प्रमुख तथा निर्माण व्यवसायीलाई उपलब्धिप्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु/गराउनु हुनेछ। तोकिएको गुणस्तर कायम नगर्ने, समयभित्र कार्य सुरु नगर्ने, कार्ययोजना अनुरुप काम नगर्ने र कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम कारबाही गरी निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२३. आयोजना प्रमुख लगायत अन्य कर्मचारीलाई स्पष्ट कार्यविवरण, कार्य सम्पादन सूचक, आवश्यक अधिकार एवम् जिम्मेवारी र उत्तरदायित्व सहित आयोजनामा खटाउनु हुनेछ। यसरी कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव, इमान्दारिता र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको उपलब्धिको अभिलेखलाई आधार बनाउनु हुनेछ।

२४. नेपाल सरकारले तोकेकोमा बाहेक सङ्घीय ससर्त, समपूरक र विशेष अनुदानको रुपमा प्रदेश सरकारलाई प्राप्त आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहबाट कार्यान्वयन हुने गरी अख्तियारी दिनु हुने छैन।

२५. नेपाल सरकारबाट प्राप्त ससर्त अनुदानमा सञ्चालन हुने कार्यक्रम वा आयोजना कार्यान्वयन गर्न कुनै दुविधा भएमा यस मन्त्रालय र सङ्घीय सरकारको सम्बन्धित मन्त्रालयसँग समन्वय गर्नु हुनेछ र यसमा निकास भए अनुसार गर्नु हुनेछ।

इमेल: moeap6@gmail.com
वेवसाइट: moeap.karnali.gov.np

पत्र सङ्ख्या:-२०८२/०८३
च.नं.:- ०१

२६. आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ को दफा ५ को उपदफा (१) मा सडक र भवन पूर्वाधार आयोजनाको हकमा रु. ३० लाख र सो बाहेक अन्य आयोजनाको हकमा रु १५ लाख भन्दा कम लागत भएका आयोजना प्रदेश सरकारबाट कार्यान्वयन नगर्ने व्यवस्था रहेको कुरा यहाँलाई विदितै छ। सो व्यवस्थाको प्रतिकुल नहुने गरी अधुरा र क्रमागत आयोजना एवम् सङ्घीय सरकारबाट ससर्त अनुदानमा हस्तान्तरित आयोजना बाहेक अन्य कुनै निर्माण सम्बन्धी नयाँ आयोजनामा उक्त सीमा भन्दा कम रकम विनियोजन भएको भए उक्त आयोजना कार्यान्वयन नगरी सोको विवरण सम्वत् २०८२ साउन १५ गतेभित्र यस मन्त्रालयमा लिखित रुपमा पेस गर्नुहुनेछ। यस प्रकारका आयोजनाको कार्यान्वयन सम्बन्धमा प्रदेश सरकारबाट निर्णय भए बमोजिम हुनेछ।

**(ग) बजेट खर्च, रकमान्तर, कार्यक्रम संशोधन तथा प्रतिवेदन:**

२७. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budget Information System: PLMBIS) मा समावेश भएको पूर्वाधार सम्बन्धी आयोजना कार्यान्वयन गर्नुपूर्व प्रदेश सरकारले सञ्चालनमा ल्याएको आयोजना बैङ्क (KPPBMIS) सम्बन्धी सबै प्रक्रिया पूरा गर्नुपर्नेछ। विनियोजित रकमको सीमा भित्र रही आयोजना बैङ्कमा प्रविष्टी भएको आयोजना चालु आर्थिक वर्ष भित्रमा अध्ययन सम्पन्न गरी कार्यान्वयनमा लैजान सकिनेछ।

२८. बजेट कार्यान्वयन गर्दा क्रियाकलाप, इकाइ, रकम, आयोजनाको नाम र स्थान निश्चित गरी सोही बमोजिम कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनु हुनेछ। विनियोजित बजेटको कार्यान्वयनलाई प्रभावकारी बनाउन स्वीकृत बजेट खर्च शीर्षक र रकममा फरक नपर्ने तथा क्रियाकलापमा तात्विक रूपमा भिन्नता नहुने गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट भएका आयोजना वा कार्यक्रमको त्रुटि सच्याउनु पर्ने भएमा आवश्यक पुष्ट्याई सहित सम्वत् २०८२ पौष मसान्तभित्र यस मन्त्रालयबाट क्रियाकलाप संशोधन गराई कार्यान्वयन गर्नु हुनेछ।

२९. बजेट तथा कार्यक्रमको बाँडफाँट र खर्च गर्दा महालेखा नियन्त्रक कार्यालयबाट प्रकाशित एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४, अर्थ मन्त्रालयबाट प्रकाशित कार्य सञ्चालन निर्देशिका, २०८१ लगायत अन्य सम्बन्धित प्रचलित कानूनको परिपालना गर्नु हुनेछ।

३०. वैदेशिक स्रोत तर्फको बजेट रकम खर्च गर्नु पूर्व उक्त स्रोतबाट रकम प्राप्त गर्ने सुनिश्चितता गरेर मात्र खर्चको निर्णय गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३१. नेपाल सरकारले क्रियाकलापमा आधारित लेखा प्रणाली (Activity Based Accounting System) अपनाएको हुँदा एकीकृत आर्थिक सङ्केत वर्गीकरण र व्याख्या, २०७४ बमोजिम कुनै मिल्दो खर्च शीर्षकमा रकम विनियोजन भएतापनि स्वीकृत वार्षिक कार्यक्रमको क्रियाकलाप (PLMBIS) मा नभएको कुनै पनि कार्यको लागि खर्च गर्नु/गराउनु हुने छैन।

३२. कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ बमोजिम पुँजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा रकमान्तर गर्न सकिने छैन। कुनै कार्यक्रम वा आयोजना कार्यान्वयनमा रहेको अवस्थामा विनियोजित रकम खर्च नहुने स्पष्ट कारण र पुष्ट्याई बेगर अन्य आयोजनामा

इमेल: mocapo@gmail.com
वेबसाइट: mocap.karnali.gov.np

पत्र सङ्ख्या:-२०८२/०८३
च.नं.:- ०१

रकमान्तरको लागि प्रस्ताव गर्नु हुने छैन। कुनै पनि क्रियाकलापमा रकमान्तर, कार्यक्रम संशोधनबाट एक पटक घटाउने निर्णय भएपछि पुनः सोही क्रियाकलापमा थप निकासा, रकमान्तर वा कार्यक्रम संशोधन हुने छैन। कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ को दफा ५ को उपदफा (७) मा भएको व्यवस्था बमोजिम एकमुष्ट रुपमा विनियोजन भएको रकम एक पटक बाँडफाँट गरेपछि पुनः रकमान्तर वा कार्यक्रम संशोधन प्रस्ताव गर्नु हुने छैन।

३३. बजेट विनियोजन नभएको नयाँ क्रियाकलाप वा अन्य शीर्षकमा र उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनामा रकमान्तर गरिने छैन। साथै चालु आर्थिक वर्षको असोज महिनासम्म र असार महिनामा रकमान्तर गर्न नपाईने व्यवस्था भएकाले तहाँ मन्त्रालय/निकायको कुनै आयोजना वा कार्यक्रममा रकमान्तर गर्न आवश्यक भएमा सोही व्यवस्था अनुकुल हुने गरी प्रस्ताव गर्नुहुनेछ।

३४. बहुवर्षीय आयोजनाको रुपमा स्रोत सहमति भएका आयोजनामा रकमान्तरको सीमा कायम गरिएको छैन। सो बाहेक अन्य आयोजना वा क्रियाकलापमा रकमान्तर गर्नुपर्ने भएमा सुरु विनियोजन (शत प्रतिशत) भन्दा बढी नहुने गरी रकमान्तर प्रस्ताव पेश गर्नुहुनेछ। बहुवर्षीय आयोजनाको रुपमा स्रोत सहमति लिएका आयोजनामा विनियोजित रकम यस्तै प्रकृतिका आयोजनामा बाहेक अन्यत्र रकमान्तरको लागि प्रस्ताव गर्नु हुने छैन।

३५. तहाँ मन्त्रालय वा निकायबाट लागत सहभागिताका आधारमा प्रदान गरिने जुनसुकै प्रकारका अनुदानमा दोहोरोपना नहुने गरी त्यस्तो अनुदानमा प्रदेश सरकारको अंश ५० प्रतिशत भन्दा बढी नहुने व्यवस्था मिलाउनु हुनेछ।

३६. कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २१ को उपदफा (७) बमोजिम स्वीकृत आयोजना वा कार्यक्रममा विनियोजित रकम भन्दा ठेक्का सम्झौता रकम कम भएमा बाँकी हुने रकम अन्य कार्यमा खर्च गर्न नपाइने व्यवस्था रहेकोले चालु आर्थिक वर्षमा यस प्रकृतिको बाँकी रकमको विवरण प्रदेश लेखा इकाइ वा प्रदेश लेखा नियन्त्रक कार्यालय र विषयगत मन्त्रालयमा पेस गर्नुपर्नेछ। विषयगत मन्त्रालयले सोको एकीकृत विवरण तयार गरी यस मन्त्रालयमा पेस गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३७. चालु प्रशासनिक खर्चमा मितव्ययीताको नीति अनुरुप पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्च तथा कार्यालय सामग्री खर्च, भत्ता, तालिम गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका खर्चमा मितव्ययिता अपनाई खर्च गर्नु हुनेछ। चालु आर्थिक वर्षमा यस्ता शीर्षकमा बजेट थप नगर्ने नीति रहेको हुँदा विनियोजित बजेटको सीमाभित्र रही खर्च व्यवस्थापन गरी आगामी आर्थिक वर्षमा दायित्व नसर्ने व्यवस्था मिलाउनु हुनेछ।

३८. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी नयाँ कार्यालय वा दरबन्दी सिर्जना गर्दा प्रदेश सरकारमाथि थप व्ययभार पर्ने भएमा यस मन्त्रालयको पूर्व स्वीकृति लिनु हुनेछ। कार्यालयको मौजुदा स्थायी कर्मचारीबाट काम हुन नसक्ने अवस्थामा मात्र स्वीकृत दरबन्दीभित्रका पदमा विनियोजित बजेटको परिधिभित्र रहेर प्रचलित कानून बमोजिम मात्र सेवा करार व्यवस्थापन गर्नु हुनेछ। सेवा करारको खर्च लेख्दा खर्च

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

इमेल: moeap6@gmail.com
वेवसाइट: moeap.karnali.gov.np

पत्र सङ्ख्याः-२०८२/०८३
च.नं.:- ०१

शीर्षक नं. २२४१३ बाट मात्र खर्च लेख्नु हुनेछ। कार्यालयले नियमित रुपमा गर्नुपर्ने मुख्य कार्य (Core Business) सम्पादनका लागि परामर्श सेवामा कर्मचारी नियुक्ति गरी रकम भुक्तानी गर्नु हुने छैन।

३९. परामर्श सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ को व्यवस्था विपरित नहुने र कार्यालयमा रहेका जनशक्तिको अधिकतम् उपयोग गरी कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ। विशेषज्ञ सेवा मार्फत कार्य गराउँदा स्पष्ट कार्य विवरण र अवधि समेत खुलाई बजेट एकिन गरेर मात्र परामर्श सेवा लिनु हुनेछ। कार्यालयका विद्यमान जनशक्तिबाट सम्पादन् हुन सक्ने कामका लागि समेत बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउनु हुनेछैन।

४०. कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ को दफा १० को उपदफा (१) बमोजिम नेपाल सरकार तथा प्रदेश सरकारको बजेटबाट निर्माण गरिने सामुदायिक भवन तथा उस्तै प्रकृतिका सार्वजनिक उपयोगका संरचना व्यक्तिगत वा निजी जग्गामा निर्माण नगर्ने व्यवस्था मिलाउनु हुनेछ। यस्ता संरचनाहरू कुनै व्यक्तिगत वा दलगत वा निजी व्यापारिक उद्देश्यले प्रयोग वा सञ्चालन गर्न पाइने छैन। यी संरचनाबाट प्राप्त हुने प्रतिफलमा सबै नागरिकको समान हिस्सेदारी हुने व्यवस्था मिलाउनु हुनेछ।

४१. प्रदेश सरकारबाट सामाजिक सुरक्षा अन्तर्गतका भत्ता तथा सेवा सुविधाका लागि विनियोजन गरेको रकम खर्च गर्दा नेपाल सरकार वा स्थानीय तहबाट वितरण हुने उस्तै प्रकृतिका भत्ता वा सेवा सुविधासँग दोहोरो नपर्ने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४२. नेपाल सरकारबाट प्राप्त ससर्त अनुदानमार्फत् सञ्चालन हुने कार्यक्रमको बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा आवधिक रुपमा प्राप्त हुने हुँदा तहाँ मन्त्रालय र मातहतका निकाय समेतको खर्चको विवरण मासिक रुपमा र भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन त्रैमासिक रुपमा प्रदेश लेखा नियन्त्रक/इकाई कार्यालय र यस मन्त्रालयमा पठाउनु हुनेछ।

४३. सार्वजनिक निर्माण, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद, र तालिम, गोष्ठी तथा सेमिनार सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४, कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ एवम् कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ र कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमती सम्बन्धी निर्देशिका, २०८१ मा भएका व्यवस्थाको परिपालना गर्नु हुनेछ।

४४. जिन्सी व्यवस्थापनसम्बन्धी कार्य गर्दा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Assets Management System; PAMS) को पूर्ण परिपालना गर्नु हुनेछ। हालसम्म पनि मुल्य नखुलेका जिन्सी मालसामानको यो मार्गदर्शन प्राप्त भएको मितिले एक महिनाभित्र मुल्य खुलाउनको लागि आवश्यक प्रक्रिया सुरु गर्नुहुनेछ। नयाँ स्थापना हुने कार्यालय बाहेक अन्य कार्यालयका लागि थप कम्प्युटर, ल्यापटप, प्रिन्टर, फर्निचर तथा फिक्चर्स खरिद गर्दा पुरानो तथा उपयोग विहीन सामग्रीको प्रचलित कानून बमोजिम लिलाम बिक्री गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४५. आफू र मातहतका निकायमा जीर्ण अवस्थामा रहेका सवारी साधनहरू यो आर्थिक वर्षभित्र लिलाम गरी लगत कट्टा गर्ने व्यवस्था मिलाउनु हुनेछ। साथै अन्य प्रदेशमा दर्ता भई यस प्रदेशमा प्रयोगमा रहेका

सरकारी सवारी साधन अनिवार्य रुपमा यसै प्रदेशको यातायात व्यवस्था कार्यालयमा दर्ता गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४६. कार्यालयका लागि सवारी साधन खरिद गर्दा मितव्ययिता र उपयोगिताको सिद्धान्तलाई आत्मसात गर्नु हुनेछ। चारपाङ्ग्रे सवारी साधन खरिद गर्नुपूर्व यस मन्त्रालयको पूर्व स्वीकृति लिई सार्वजनिक खरिद ऐन, नियमावली तथा कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिकामा भएका व्यवस्था अनुसार खरिद तथा उपयोग गर्नु हुनेछ।

४७. कार्यालयको लागि आवश्यक पर्ने वस्तु तथा सेवा खरिद तथा आपूर्ति, भण्डारण र वितरणलाई पारदर्शी, मितव्ययी र अनुमानयोग्य बनाउनु हुनेछ। नेपाल सरकार तथा प्रदेशले कार्यान्वयनमा ल्याएका सफ्टवेयर प्रणाली बाहेक अन्य कुनै प्रणाली तथा सफ्टवेयर खरिद गर्नु परेमा आन्तरिक मामिला तथा कानून मन्त्रालयको सहमति लिनु हुनेछ। यसरी खरिद हुने सफ्टवेयरको स्वामित्व (सोर्स कोड) खरिद गर्ने कार्यालयमा प्राप्त भएपश्चात मात्र अन्तिम बिल भुक्तानी दिने व्यवस्था मिलाउनु हुनेछ।

४८. प्रदेश सरकारका कुनै निकायले कार्यालय प्रयोजनका लागि सकेसम्म खाली भएका सरकारी भवन उपयोग गर्न प्राथमिकता दिनुपर्नेछ। खाली भवन उपलब्ध हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख सडक/मार्गमा घर बहालमा नलिने र न्यूनतम् आवश्यकता र सुविधा भएको घर बहालमा लिने व्यवस्था मिलाउनु हुनेछ।

४९. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तर्क्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सम्भव भएसम्म सरकारी निकायकै सभा हल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। सरकारी सभा हल उपलब्ध हुन नसक्ने अवस्थामा अधिकतम मितव्ययी हुने प्रकारले कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५०. सरकारी कामका लागि चाहिने बोट बिरुवा, बिउ बिजन, निर्माण सामग्री लगायत अन्य वस्तुहरु सम्भव भएसम्म प्रदेशभित्रकै उत्पादन वा उपलब्ध हुने वस्तुलाई प्राथमिकता दिई खरिद व्यवस्थापन गर्नु हुनेछ।

५१. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी प्रचलित कानुनी व्यवस्था अनुसार सरकारी निकायले स्वदेशी वस्तुहरूको मूल्य प्रचलित बजार मूल्यभन्दा १५ प्रतिशतसम्म बढी भए पनि खरिद गर्नुपर्ने व्यवस्थाको पालना गराउनु हुनेछ।

(घ) <u>वित्तीय पारदर्शीता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था:</u>

५२. तहाँ मन्त्रालय वा निकाय अन्तर्गतका आयोजना वा कार्यक्रमको लेखा तथा प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानून बमोजिम तयार गर्नुपर्ने वित्तीय प्रतिवेदन लगायतका अन्य विवरण मासिक/त्रैमासिक रुपमा तयार गरी स्वत:प्रकाशन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५३. सार्वजनिक निर्माण कार्यको सम्बन्धमा निर्माण स्थलमा सो कामसँग सम्बन्धित आयोजनाको विवरण (आयोजनाको नाम, लागत, कार्य सुरु भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का सम्झौता अङ्क,

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

इमेल: mocap6@gmail.com
वेबसाइट: mocap.karnali.gov.np

पत्र सङ्ख्या:-२०८२/०८३
च.नं.:- ०१

ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भए पछि हुने अपेक्षित उपलब्धि आदि) काम सम्पन्न नभएसम्म सर्वसाधारणले देख्ने स्थानमा सूचना पाटी (होर्डिङ्ग बोर्ड) राखि सार्वजनिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५४. IPFMIS मा प्रतिबद्धता रकमको प्रविष्टि गरेर मात्र रकम भुक्तानी गर्नुपर्ने भएकाले खरिद सम्झौता बापतको रकम भुक्तानी निकासा गर्दा प्रतिबद्धताको अभिलेख प्रविष्टि पश्चात मात्र भुक्तानी निकासा गर्ने व्यवस्था मिलाउनु हुनेछ। यस मन्त्रालयबाट बहुवर्षीय ठेक्काको रुपमा स्रोत सहमति भएका आयोजनाको कुल लागत, ठेक्का सम्झौता रकम, हालसम्मको भुक्तानी रकम, ठेक्का सम्झौता मिति, सम्पन्न गर्नुपर्ने मिति आदि विवरणहरू IPFMIS र प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा २०८२ असोज मसान्तभित्र अनिवार्य रुपमा प्रविष्टी गर्नु हुनेछ।

५५. सरकारी सम्पत्तीको संरक्षण, आयोजना तथा कार्यक्रमको कार्यान्वयन तथा सोको अनुगमन, बजेट समपर्ण, खर्च तथा सोको लेखाङ्कन, लेखापरीक्षण र प्रतिवेदन लगायत कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ४८ मा उल्लेख गरिएको वित्तीय उत्तरदायित्व सम्बन्धि व्यवस्थाको पूर्ण परिपालना गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५६. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समिक्षा गर्दा कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ बमोजिम हुने गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या तथा तिनका कारणहरू र समाधानका उपायहरू उल्लेख गरी यस मन्त्रालयमा त्रैमासिक रूपमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

५७. आयोजना वा कार्यक्रम सञ्चालनमा आएका समस्या समाधानको लागि नियमित रुपमा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को बैठक आयोजना गर्नु हुनेछ। यस समितिमा छलफल भई समाधान हुन नसकेका समस्या प्रदेशस्तरीय विकास समस्या समाधान समिति (PDAC) मा पठाई छलफल गर्ने व्यवस्था मिलाई यस समितिबाट निकास भए अनुसार गर्नु गराउनु हुनेछ।

५८. उपभोक्ता समिति/लाभग्राही समुहबाट सञ्चालन हुने विकास कार्यक्रम, लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रम र अनुदान/सहायता/प्रोत्साहन/साझेदारीबाट सञ्चालन हुने कार्यक्रम वा आयोजनाको अन्तिम बिल भुक्तानी गर्दा कार्यसम्पादन/कार्य स्वीकार प्रतिवेदन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र प्राविधिक परीक्षण प्रतिवेदन अनिवार्य रुपमा संलग्न राख्ने व्यवस्था मिलाउनु हुनेछ।

५९. तहाँ मन्त्रालय/निकाय वा मातहतका कार्यालयबाट प्रदेश सरकारको नीति अनुरुप प्रदान गरिने विभिन्न प्रकारका अनुदान, सहायता, प्रोत्साहन, सहुलियत लगायतका सुविधा प्राप्त गर्ने कार्यक्रम रहेमा यसका लाभग्राही (व्यक्ति, संस्था, समूह, फर्म, सहकारी आदि) को जिल्लागत विवरण समेत खुल्ने गरी सो सेवा सुविधा प्रदान गरिएको एकिकृत तथा वर्गीकृत अभिलेख राखी सोको विवरण आफ्नो वेबसाइटमा समेत प्रकाशित गर्नु हुनेछ। त्यस्ता अनुदान तथा सहायताको उपयोग उद्देश्य अनुरूप भए नभएको नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनु हुनेछ। साथै आन्तरिक तथा अन्तिम लेखापरीक्षणका बखत यस्ता सहायताको अनिवार्य परीक्षण गराउनु हुनेछ।

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

इमेल: moeap6@gmail.com
वेबसाइट: moeap.karnali.gov.np

पत्र सङ्ख्या:-२०८२/०८३
च.नं.:- ०१

६०. अनुदान/सहायता/प्रोत्साहन/साझेदारीमा सञ्चालन हुने कार्यक्रममा कुनै निश्चित लाभग्राही मात्र लाभान्वित हुने गरी नाम वा सीमित स्थान किटान गरी बिना प्रतिस्पर्धा निश्चित व्यक्ति, संस्था वा समूहका लागि लक्षित गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन। निर्णयकर्ता वा निर्णय प्रक्रियामा संलग्न पदाधिकारी वा निजको नजिकको नातेदारलाई मात्र प्रत्यक्ष रुपमा लाभ पुग्ने गरी सरकारी अनुदान वा सहायता वितरण गर्न पाइने छैन। स्वार्थको द्वन्द्व हुने अवस्था आएमा तालुक निकायमा जानकारी गराइ निकासा भए बमोजिम गर्नु हुनेछ। यस प्रकारको अनुदान वा सहायता दिंदा पटक-पटक एकै व्यक्ति समूह, सहकारी वा फर्मले पाउन नसक्ने गरी आवश्यक व्यवस्था मिलाउनु हुनेछ।

६१. बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रम, बहुवर्षीय स्रोत सहमती प्रदान गरिएका आयोजना र १० करोड भन्दा बढी रकम विनियोजन भएका आयोजनाहरूको चौमासिक रूपमा यस मन्त्रालयमा समीक्षा गरिने भएकोले सोही बमोजिम प्रगति प्रतिवेदन तयार गरी उक्त समीक्षामा सक्रिय सहभागिता जनाउनु हुनेछ।

६२. कर्णाली प्रदेश वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०८१ को दफा ७ बमोजिम तहाँ मन्त्रालय वा निकाय अन्तगतको कार्यालयको वित्तीय सुशासन जोखिम-मूल्याङ्कन गरी सम्वत् २०८२ पौष १५ गतेभित्र एकिकृत मूल्याङ्कनको लागि यस मन्त्रालयमा प्रतिवेदन पेस गर्नुहुनेछ। मूल्याङ्कनबाट कायम भएको स्तरलाई आगामी आर्थिक वर्षको बजेट विनियोजनको आधारको रुपमा लिइनेछ।

६३. कर्णाली प्रदेश सरकारका सबै निकायहरूले आफ्नो आर्थिक कारोबारको अनिवार्य रुपमा आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराइ लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजुहरू तत्काल सम्परीक्षण गरी फर्स्यौटको व्यवस्थाका लागि तदारुकता देखाउनु हुनेछ र लेखापरीक्षण प्रतिवेदनमा दिएका सुझाव अनुरुप आफ्ना कामकारबाहीहरूलाई परिमार्जन तथा सुधार गर्नु हुनेछ।

६४. खर्च शीर्षक नं. २६४१२ सरकारी निकाय समिति तथा बोर्डलाई ससर्त चालु अनुदान र खर्च शीर्षक नं. २६४२२ सरकारी निकाय समिति तथा बोर्डलाई ससर्त पुँजीगत अनुदानमा विनियोजित रकम प्रदेश कानून बमोजिम आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु हुनेछ।

६५. तहाँ मन्त्रालय वा निकायबाट नेपाल सरकारका निकाय वा स्थानीय तहबाट कार्यान्वयन हुने गरी अख्तियारी प्रदान गरिएका आयोजना वा कार्यक्रमको लेखा राखि प्रचलित प्रदेश कानून बमोजिम आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ।

६६. प्रदेश बेरुजु व्यवस्थापन सूचना प्रणालीलाई पूर्ण रुपमा कार्यान्वयन गरी आफू र मातहत निकायको बेरुजु फछ्र्यौट कार्यलाई तदारुकता साथ सम्पन्न गर्ने व्यवस्था मिलाउनु हुनेछ। महालेखा परीक्षकबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरुजुका सम्बन्धमा बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फछ्र्यौट गरी सम्परीक्षण गर्नु/गराउनु हुनेछ।

६७. कार्यालय प्रमुख तथा आयोजना प्रमुखसँग साउन मसान्तभित्र वार्षिक कार्यसम्पादन करार गर्नुहुनेछ। आयोजना/कार्यालय प्रमुखको कार्यसम्पादन मूल्याङ्कनलाई आयोजना/कार्यालयको प्रगतिसँग आबद्ध गर्ने व्यवस्था मिलाउनु हुनेछ।

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

इमेल: moeap6@gmail.com
वेबसाइट: moeap.karnali.gov.np

पत्र सङ्ख्या:-२०८२/०८३
च.नं.:- ०१

६८. आफू र मातहतमा राम्रो कार्यसम्पादन भएका कर्मचारीलाई उचित सम्मान र पुरस्कृत गर्नु हुनेछ। तोकिएको जिम्मेवारी पुरा नगर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्नु हुनेछ।

६९. तहाँ मन्त्रालय वा निकाय अन्तर्गतका बोर्ड, प्राधिकरण, परिषद्, प्रतिष्ठान, सचिवालय, आयोग र समिति लगायत स्वायत्त प्रकृतिका निकायबाट प्रदेश सरकारमाथि आर्थिक व्ययभार पर्ने गरी कुनै कार्यविधि, मापदण्ड, निर्देशिका निर्माण गर्दा यस मन्त्रालयको पूर्व स्वीकृति लिनु हुनेछ।

७०. बजेट वक्तव्यको बुँदा नम्बर २१५ मा चालु आर्थिक वर्षमा प्रदेश सरकारका निकायको लागि राजस्वको लक्ष्य निर्धारण गरी सङ्कलन गर्ने व्यवस्था अनुरुप तहाँ मन्त्रालय वा निकायको लागि तोकिएको राजस्व सङ्कलनको लक्ष्य प्राप्तिका लागि प्राथमिकता दिई सक्रिय रुपमा लाग्नु हुनेछ।

७१. आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रमसँग सम्बन्धित प्रकाशनहरू यस मन्त्रालयको वेबसाइट moeap.karnali.gov.np बाट प्राप्त गर्न सकिनेछ।

(रविलाल शर्मा)
प्रदेश सचिव

श्री प्रदेश सचिवज्यू,
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वीरेन्द्रनगर, सुर्खेत।
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत।
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत।
श्री भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत।
श्री जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत।
श्री सामाजिक विकास मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत।
श्री प्रदेश सभा सचिवालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत।
श्री प्रदेश लोक सेवा आयोग, वीरेन्द्रनगर, सुर्खेत।
श्री प्रशासकीय प्रमुख, कर्णाली प्रदेश योजना आयोग, वीरेन्द्रनगर, सुर्खेत।
श्री कार्यालय प्रमुख, मुख्यन्यायधिवक्ताको कार्यालय, वीरेन्द्रनगर, सुर्खेत।

बोधार्थ:
श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री प्रदेश लेखा इकाई कार्यालय, सबै, कर्णाली प्रदेश।

<u>सादर अवगतार्थ</u>
माननीय मुख्यमन्त्रीज्यू, कर्णाली प्रदेश सरकार
माननीय मन्त्रीज्यू, आर्थिक मामिला तथा योजना मन्त्रालय
श्रीमान प्रमुख सचिवज्यू, कर्णाली प्रदेश सरकार